# अध्याय : एक

## शोधको परिचय

### अध्ययनको पृष्ठभूमि

अनुसन्धान भन्नाले कुनै पनि नयाँ कुराको खोजी गर्नु वा पुरानो कुराको पुनरावलोकन र पूर्व व्याख्या गर्ने कार्य हो । भाषा सम्बन्धी नयाँ नयाँ कुराको खोजी गर्ने कार्यलाई भाषिक अनुसन्धान भनिन्छ । भाषा, भाषाविज्ञान, भाषिक प्रयोग, भाषाशिक्षण, भाषाको इतिहास, वाचनकला, पठनबोध, लेखनकला, बोधक्षमता, शिक्षण विधि तथा क्रियाकलाप, पाठ्यपुस्तकमा राखिएका विभिन्न विधाका पाठहरूको विश्लेषण, पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, नमुना अभ्यास, परीक्षा मूल्याङ्कन, प्रश्नपत्र, त्रुटि विश्लेषण, व्यतिरेकी विश्लेषण, तुलनात्मक अध्ययन, शब्द, शब्दभण्डार, वर्णविन्यास शब्दकोश, शैली वैज्ञानिक अध्ययन, सङ्कथनात्मक विश्लेषण जस्ता विषय क्षेत्रहरूसँग सम्बन्धित भएर गरिने अनुसन्धान भाषिक अनुसन्धान अन्तर्गत पर्दछन् ।

शैली वैज्ञानिक अध्ययनको विश्लेषणको माध्यमबाट नेपाली साहित्यको भाषापरक अध्ययन गर्ने परम्पराको ऐतिहासिक पृष्ठभूमि लामो नरहे पनि हालसम्म नेपाली शैली वैज्ञानिक अध्ययन विश्लेषण गर्ने परम्पराको थालनी वि.स.२०३० को दशकदेखि भएको मानिन्छ । तर शैली वैज्ञानिक अध्ययन विश्लेषणको थालनी भने नेपाली भाषाले शैली वैज्ञानिक अध्ययनमा पाश्चात्य जगतको अमेरिकाली र हिन्दी शैली वैज्ञानिक अध्ययनबाट प्राण पाएको कुरालाई पुष्टि पार्न सकिन्छ ।

विगत पौने एक शताब्दी (सन् १९१५) यताका शैली वैज्ञानिक यात्रा क्रममा शैली सम्बन्धी पाँच आधारभूत दृष्टिकोण देखापरेका छन् र ती हुन्; १) शैलीलाई लेखकीय भाव-विचारको गुदीको भाषिक बाह्य आवरण वा सामान्य भाषामा थपिएको अतिरिक्त भाषिक-परिभाषिक तत्व मान्ने, २) शैलीलाई लेखकको मनोलोकको प्रतिबिम्बक वैयक्तिक भाषिक प्रवृत्ति ठान्ने, ३) शैलीलाई भाषागत मानक विचलनका रूपमा हेर्ने, ४) शैलीलाई उपलब्ध भाषिक विकल्पमध्येको चयन र विन्यास मान्ने, ५) शैलीलाई भाषाका व्याकरणात्मक ढाँचा ( ध्वनि/लेखीय/रूपीय, समरूप-शब्द पद, पदावली/वाक्यखण्ड, वाक्यभन्दा विशिष्ट अन्तरवाक्यीय वाक्योत्तर) सङ्कथनगत वैशिष्ट्य मान्ने (त्रिपाठी, २०५८:४७७) ।

'सङ्कल्प' कथासङ्ग्रहमा समाविष्ट कथाहरूमा क्षेत्र र समस्या व्यापक छ । भाषिक आवरणको माध्यमबाट साहित्यिक कृतिको अन्तनिहित कला र सौन्दर्यको उद्घाटन गर्न यसको क्षेत्रलाई सीमाङ्कन गरी त्यस भित्रका समस्याहरूलाई अध्ययन-विशलेषण गरिएको छ । तत्वगत आधारमा 'सङ्कल्प' (कथासङ्ग्रह) कथाको कथानक भाषाशैली, परिवेश, चरित्रचित्रणलाई विभिन्न कोणबाट विश्लेषण गरिएको छ । ध्वनिव्यवस्था; शब्द, रूप, वाक्य र अर्थको विश्लेषण गरिएको छ । ध्वनि, पद, शब्द, वाक्य आदिको विचलन र भाषिक विकल्पहरूमध्येबाट चयन व्याकरणात्मक ढाँचालाई ध्यान दिइएको छ । यसरी 'सङ्कल्प' (कथासङ्ग्रह) कथामा प्रयुक्त भाषाको माध्यमबाट कलात्मक सौन्दर्यको उद्घाटन समेत गरिएको छ ।

'सङ्कल्प' (कथासङ्ग्रह) कथाका कथाकार डिल्लीराज नेपालको जन्म सिक्किमको तुमिनमा वि.स. २०१२ असार ८ गते विहीबारका दिन भएको हो । पिता मनोरथ नेपाल र माता नवर्दा नेपालका सुपुत्र डिल्लीराज नेपालको न्वारानको नाम पनि डिल्लीराज नै हो । हाल वनियानी-८ मा स्थायी रूपमा निबद्ध शिक्षक भई बसोबास गर्नुभएको छ साथै उनले थुप्रै कथा, कविता विधामा आफ्नो राम्रो छवि कमाएपनि थोरै मात्रामा उनले आफ्नो जीवनको गाथालाई संगालेर 'सङ्कल्प' (कथासङ्ग्रह) मा प्रकाशित गरेर कथा विधामा आफ्नो हात अगाडि सारेका हुन् । यस 'सङ्कल्प' कथासङ्ग्रहले डिल्लीराज नेपाललाई वौद्धिक अन्तर्मन्थनका सचेत शिल्पकारको रूपमा छुट्टै पहिचान बनाउने अवसर प्रदान गरयो । यस 'सङ्कल्प' कथासङ्ग्रह कथाले नेपाली साहित्यमा उनलाई सर्वोच्च आख्यानकारका रूपमा सुपरिचित गराई बौद्धिक र चिन्तनशील स्रष्टाका रूपमा परिचित गरायो । उनको कृति 'सङ्कल्प' (कथासङ्ग्रह) मा कला र भाषा दुवै मिठास पाइन्छ । कथा सरल सुबोध र कलात्मक छ । कलात्मक अभिव्यक्तिको साधन नै भाषा हो । फलतः प्रस्तुत शोधको पृष्ठभूमि साहित्यकार डिल्लीराज नेपालको 'सङ्कल्प' (कथासङ्ग्रह) कथामा प्रयुक्त भाषिक प्रयोगको शैली वैज्ञानिक अध्ययन गर्नु रहन्छ ।

साहित्यिक कृतिको भाषिक पक्षको वस्तुपरक अध्ययन नै शैली विज्ञान भएकाले साहित्यिक कृतिको संरचना, बनोट, बुनोट आदिको विश्लेषण र कृतिको अन्तरनिहित कथा सौन्दर्यको समेत अध्ययन शैली विज्ञानले गर्दछ । यस अध्ययनमा डिल्लीराज नेपालको सङ्कल्प कथासङ्ग्रहमा समाविष्ट कथाहरूको क्षेत्रलाई सीमाङ्कन गरी यस कथासङग्रहभित्रका पाँचवटा कथाहरू 'आस्था/अनास्था', 'रहस्य', 'दिदी', 'भ्रम', 'नासो'

'फिर्ता दिनु थियो'को विश्लेषण गरिएको छ । ध्वनि, शब्द, वाक्य आदिको विचलन र भाषिक विकल्पहरूमध्येबाट चयन, व्याकरणात्मक ढाँचालाई ध्यान दिएर ध्वनि व्यवस्था, शब्द/रूप वाक्य र अर्थको विश्लेषण गरिएको छ ।

## समस्याको कथन

अनुसन्धानको सिलसिलामा 'समस्या' भन्नाले अनुसन्धेय समस्या वा अनुसन्धानको विषयवस्तु भन्ने बुझ्नुपर्छ (वन्धु, २०६५:१७) । समस्याकथन भनेको अनुसन्धानको विषयको सङ्क्षिप्त स्पष्टोक्ति हो (भट्टराई, २०६५:२९) । अनुसन्धेय विषयवस्तुमा रहेर समस्याको समाधान गर्नु नै यस अनुसन्धानको लक्ष्य हो । शोधको समस्या भनेको साहित्यकार डिल्लीराज नेपालको 'सङ्कल्प' कथासङ्ग्रहका कथाहरूको शैली वैज्ञानिक अध्ययन हो । उक्त कथा सङ्ग्रहका कथाहरूमा लेखन शैली, भाषिक प्रयोग, रचना शिल्प संरचना आदि विषयवस्तुका आधारमा हालसम्म शैली वैज्ञानिक अध्ययन-विश्लेषण र मूल्याङ्कन नभएको हुँदा उल्लिखित कथाको शैली वैज्ञानिक अध्ययन-विश्लेषण र मूल्याङ्कन गर्नु यस अध्ययनको प्रमुख समस्या रहेको छ । उक्त कथासङ्ग्रह कथाको शैली वैज्ञानिक अध्ययन र विश्लेषण निम्न समस्याहरूमा केन्द्रित रहेको छ :

क) तत्वगत (कथावस्तु र पात्रका आधारमा आस्था/अनास्था, दिदी, रहस्य, भ्रम र नासो फिर्ता दिनु थियो कथा के कस्ता छन् ?

ख) शैली विज्ञानका प्रमुख मान्यता .(चयन, बिचलन, समानान्तरता)का आधारमा उक्त के कस्ता छन् ?

## शोधकार्यको उद्देश्य

कुनै पनि कार्य उद्देश्यविहीन हुँदैन । त्यस्तै शोधकार्यको निश्चित उद्देश्य हुन्छ । निश्चित उद्देश्य नै शोधको केन्द्रबिन्दु हो । शोधकार्यको उद्देश्य अध्ययन अनुसन्धान गर्नु अघि समस्याहरूको पहिचान गरेर त्यसको समाधान गर्नु हो । समस्याहरूको समाधान गर्नको निम्ति उद्देश्य निर्धारण गर्नुपर्दछ । माथि उल्लिखित समस्याकथनका आधारमा *'सङ्कल्प'* कथासङ्ग्रहका कथाहरूको शैली वैज्ञानिक विश्लेषण शीर्षकको शोध निम्न उद्देश्यहरूमा केन्द्रित रहेको छ :

क) कथावस्तु र पात्रको आधारमा आस्था/अनास्था, दिदी, भ्रम, रहस्य, नासो फिर्ता दिनु थियो कथाको विश्लेषण गर्नु,

ख) चयन, विचलन र समानान्तरताका आधारमा उक्त कथाको विश्लेषण गर्नु ।

## अध्ययनको महत्व र औचित्य

भाषा र साहित्य एकअर्काका परिपूरक हुन् । साहित्यिक सौन्दर्यको मापन भाषावादी दृष्टिबाट गरिन्छ । बनोट र बुनोटको विश्लेषणसँग अन्वित भएर भाषिक माध्यमबाट कृतिको सौन्दर्यलाई उत्कर्षमा पुऱ्याउने काम शैली वैज्ञानिक अध्ययन विश्लेषणले गर्दछ । साहित्यिक कृतिमा अवस्थित सङ्केतहरूको उपयुक्त अर्थ खुट्याउने काम शैली विज्ञानले गर्दछ । कृतिमा ध्वनिको चयन, विचलन र समानान्तरताको अध्ययन विश्लेषण गर्ने काम शैली विज्ञानको हो । नाम, सर्वनाम, विशेषण, क्रियाको चयन, विचलन र तत्सम, तद्भव, आगन्तुक झर्रा शब्दहरूको चयन र विचलनलाई औंल्याउने काम शैली विज्ञानले गर्दछ । वाक्य र अर्थको तहमा रहेर भावाभिव्यक्तिमा सौन्दर्यको उद्घाटन शैली वैज्ञानिक अध्ययनद्वारा गरिन्छ ।

माथि उल्लिखित अध्ययन विश्लेषण आदि शैली वैज्ञानिक आधारमा *'सङ्कल्प'* कथा सङ्ग्रहमा समाविष्ट कथाहरूको अखण्ड र अभिभाज्य एकाइको मूल्याङ्कन गर्नुले यस अध्ययनको औचित्य र महत्व स्वतः देखिन्छ ।

## अध्ययनको सीमाङ्कन

अध्ययन अनुसन्धानको क्षेत्र व्यापक हुन्छ । व्यापक क्षेत्रको अनुसन्धान गर्दा शोधकार्य वस्तुगत वैज्ञानिक र सार्थक नभई सैद्धान्तिक रूपमा आधारविहीन हुन्छ । *'सङ्कल्प' (कथासङ्ग्रह)* कथाको शोधकार्यलाई प्रामाणिक बनाउनका निम्न सीमामा रही अध्ययन गरिन्छ :

क) तत्वगत (कथावस्तु, चरित्र) आधारमा आस्था/अनास्था, दिदी, भ्रम, रहस्य, नासो फिर्ता दिनु थियो कथामा मात्र यस अध्ययनलाई केन्द्रित गरिन्छ ।

ख) शैली विज्ञानका प्रमुख मान्यताहरू (चयन, विचलन र समानान्तरता)का आधारमा मात्र उक्त कथाहरूको अध्ययन-विश्लेषण गरिन्छ ।

# अध्याय : दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रूपरेखा

## पूर्वकार्यको समीक्षा

कुनै पनि अध्ययन अनुसन्धान गर्दा त्यस विवषयसँग सम्बन्धित अनुसन्धानहरूको सिंहावलोकन गर्नुपर्दछ । पूर्वकार्यको समीक्षाले अनुसन्धानको विषय छनौट गरिएका शीर्षकसँग मिल्दोजुल्दो छ कि छैन पुनरावृत्तिबाट जोगाउँछ । कुन कोणबाट अध्ययन-विश्लेषण गरिएको हो, त्यसको आधारमा शोधकार्य सम्पन्न गर्न सहयोग पुऱ्याउँछ । त्यसैले पूर्वकार्यको समीक्षालाई महत्वपूर्ण उपलब्धिको रूपमा यस अध्ययनमा चर्चा गरिएको छ ।

नेपालमा व्यवस्थित एवम् वैज्ञानिक रूपमा नेपाली भाषाका विविध शोधकार्यहरू वि.स. २०१६ सालमा त्रि.वि.को स्थापना पश्चात भएको पाइन्छ । वि.स.२०३९ सालमा त्रि.वि.ले मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तहमा नेपाली विषयको शिक्षण प्रारम्भ गरेपछि साहित्यतर्फ प्रशस्त खोज, अनुसन्धान भएका छन् । वि.स.२०४१ सालदेखि त्रि.वि.ले शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तहमा नेपाली विषयको शिक्षण सुरु गरेपछि भाषा शिक्षण सम्बन्धी अनुसन्धानहरू हुंदै आएका देखिन्छन् । यस्ता अनुसन्धानतर्फ शिक्षाशास्त्र सङ्काय एम.एड. नेपाली दोस्रो वर्षको पाठ्यांश पूरा गर्ने प्रयोजनका लागि भएका छन् । हालसम्म उपन्यास, नाटक, गीतिनाटक, खण्डकाव्य र निबन्ध सङ्ग्रह, कथा सङ्ग्रहका क्षेत्रमा शैली वैज्ञानिक अध्ययन भएका पाइन्छन् । हालसम्म भएका शैली वैज्ञानिक अध्ययनलाई हेर्दा सबभन्दा बढी उपन्यासमा भएको पाइन्छ ।

खनाल (२०५८) द्वारा *'नरेन्द्रदाई' उपन्यासको शैली वैज्ञानिक अध्ययन* रहेको पाइन्छ । यस अध्ययनले तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग भएको देखाउँछ । अर्थ र भावका दृष्टिमा वाक्यको रचना गरिएको अध्ययनले उल्लिखित गरेको पाइन्छ । अमूर्त र अव्यक्त भावलाई भिन्न ढाँचाले मूर्तता दिन प्रतीकहरूको प्रयोगले उपन्यासलाई विशिष्टता प्रदान गरेको अध्ययनमा आउँछ । सूक्तिको प्रयोग, बिन्दु (.......) प्रश्न (?) आदि चिह्नहरूले उपन्यासलाई सुहाउँदो र वाक्यमा पनि विलक्षणता प्रदान गरेको अध्ययनमा पाइन्छ । यस उपन्यासको शैली वैज्ञानिक अध्ययन अन्तर्गत चयन, विचलन (कोशीय विचलन, व्याकरणिक विचलन, आर्थी विचलन, ध्वनि प्रक्रियात्मक विचलन) समानान्तरता (बाह्य र आन्तरिक) ले भाषा सुहाउँदिलो भएको अध्ययनमा देखाइएको छ ।

सापकोटा (२०५९) द्वारा *'माइतघर' उपन्यासको शैली वैज्ञानिक अध्ययन* शीर्षकमा अनसन्धान गरेको पाइन्छ । पुस्तकालयीय विधिमा अपनाएर शोधपत्र तयार गरिएको माइतघर उपन्यासमा प्रयुक्त शब्दचयन, वाक्य चयन, उखानटुक्का र प्रचलित थेगोको प्रयोग प्रभावकारी रूपमा देखाइएको पाइन्छ । उक्त अध्ययनमा बिम्व, प्रतीक, निपात, अनुकरणात्मक शब्द, अलङ्कार र चिह्नहरूको समुचित प्रयोग भएको छ । यसैगरी कोशीय विचलन, व्याकरणिक विचलन, ध्वनि प्रक्रियात्मक विचलन र अर्थतात्विक विचलनको प्रभावकारी अध्ययन गरेको पाइन्छ । संरचनात्मक शैली विज्ञानको विश्लेषणात्मक पद्धतिको प्रयोग उक्त अध्ययनले देखाउँछ । उक्त अध्ययनमा  बाह्य समानान्तरता तथा आन्तरिक समानान्तरताको प्रभावकारिता भाषिक पक्षमा झल्कन्छ ।

पुडासैनी (२०६१) द्वारा *"राजेश्वरी" खण्डकाव्यको शैली वैज्ञानिक अध्ययन* गरेको पाइन्छ । विषयवस्तु ऐतिहासिक भएको उक्त खण्डकाव्यको कथानक रैखिक ढाँचामा अघि बढेको विम्ब र प्रतीकको समुचित प्रयोग भएको, तत्सम शब्दको प्रयोग, कारुणिक कथानक र मानक भाषाको प्रयोग गरिएको कारुणिक कथावस्तुलाई अघि बढाइ तृतीय पुरुष दृष्टिबिन्दु रहेको अध्ययनले देखाउँछ । चयनतर्फ नाम, सर्वनाम, विशेषण, क्रिया, अव्यय पदको प्रयोग सार्थक बनेको अध्ययनमा पाइन्छ । पदक्रम, ध्वनि प्रक्रियात्मक विचलनले खण्डकाव्य सारपूर्ण रहेको देखिन्छ ।

विमली (२०६२) द्वारा *'समानान्तर आकाश' उपन्यासको शैली वैज्ञानिक अध्ययन* गरेको पाइन्छ । यस उपन्यासको बाह्य संरचना अन्तर्गत बाइसवटा खण्डमा विभाजन भएको उपन्यासको लैङ्गिक समानतामा जोड दिएको उक्त अध्ययनले देखाइएको । हिन्दी र अङ्ग्रेजी शब्द र वाक्यको प्रयोग पात्रअनुसार गरिएको पाइन्छ । पुस्तकालयीय विधिद्वारा अध्ययन गरिएको उक्त उपन्यासमा तत्सम, तद्भव र आगन्तुक शब्दको चयन गरिएको र नाम, सर्वनाम, विशेषण, निपात आदिको प्रयोगलाई पनि अनुसन्धानले देखाउँछ ।

पन्थी (२०६३) द्वारा *'बसाइ' उपन्यास शैली वैज्ञानिक अध्ययन* गरेको पाइन्छ । उक्त अनुसन्धानमा उपन्यासको औपन्यासिक, चरित्र र भाषामा केन्द्रित भई अनुसन्धान गरेको देखिन्छ । उपन्यास आदि, मध्य र अन्त्यको श्रृङ्खला मिलेको र पूर्वेली भाषिकाको बाहुल्य रहेको उक्त अनुसन्धानले देखाउँछ ।

बम (२०६३) द्वारा *'उपसंहार अर्थात चौथो अन्त्य' उपन्यासको शैली वैज्ञानिक अध्ययन* विश्लेषण गरेको पाइन्छ । अवसरवादी र निष्ठावादी विचारको अवस्था देखाइएको यो उपन्यास नेपालको पञ्चायती व्यवस्थामा भएका गरेका विभिन्न घटनाहरूलाई यसका मूल पात्र लक्ष्मी र विकास माध्यमबाट देखाइएको कुरा उल्लेख गरेको पाइन्छ । शैली वैज्ञानिक भाषाका आधारमा पनि यसको अध्ययन विश्लेषण गरेको पाइन्छ ।

मैनाली (२०६९) द्वारा *'नारी सन्देश' काव्यको शैली वैज्ञानिक अध्ययन* गरेको पाइन्छ । कथावस्तु, पात्र, उद्देश्य, अलङ्कार र छन्दको प्रयोगमा विश्लेषण गरी नारीले आफ्नो आत्मअधिकारका निम्ति आफैँ नै विद्रोह स्वर उराल्न सङ्गठित हुनुपर्दछ भन्ने सन्देश यस अध्ययनबाट निकाल्नुका साथै नारीले भोग्नु परेका अनेकन हिंसालाई सफल रूपमा उतारी यस अनुसन्धानमा सार्थक तुल्याइएको छ ।

बराल (२०७१) द्वारा *'सेतो धरती' उपन्यासको शैली वैज्ञानिक विश्लेषण* गरेको पाइन्छ । उक्त अनुसन्धान कथानक र पात्रका आधारमा गरिएको पाइन्छ । शब्द चयनका आधारमा  नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियाविशेषण, निपात, वाक्य चिह्नको प्रयोग भएको र व्याकरणिक विचलन, ध्वनि प्रक्रियात्मक विचलन, अर्थतात्विक विचलन प्रभावकारी रूपमा देखिन्छ । उक्त उपन्यासमा बाह्य समानान्तरताको तथा आन्तरिक समानान्तरताको विश्लेषण गर्ने उद्देश्य यस अध्ययनमा पाइन्छ ।

थापा (२०७२) द्वारा *'अन्तर्व्यथा' आजको कथा सङ्ग्रहमा समाविष्ट कथाहरूको शैली वैज्ञानिक अध्ययन* रहेको पाइन्छ । उक्त अनुसन्धानमा कथाहरूको लेखन, शैली, भाषिक प्रयोग, रचना शिल्प, संरचना आदिका विषयवस्तुका आधारमा गरिएको पाइन्छ । कथावस्तु र पात्रका आधारमा समाविष्ट कथाहरूको गर्नुका साथ चयन, विचलन र समानान्तरताका आधारमा पनि विश्लेषण गरिएको उक्त अनुसन्धानले बताएको छ ।

यसरी थुप्रै कृतिहरूको विश्लेषण र शैली वैज्ञानिक अध्ययन भएको पाइन्छ । अन्य विधाहरूमा भन्दा उपन्यास विधाको शैली वैज्ञानिक अध्ययन बढी देखिन्छ । सूक्ष्म विश्लेषण र मूल्याङ्कन अभावमा शैली वैज्ञानिक मान्यताका आधारमा जतिसुकै अनुसन्धान गरेपनि ती एउटै जस्तो लाग्दछ, कोरा भावुकता, काल्पनिक्ता, अव्यवस्थित, अवैज्ञानिक अध्ययन विश्लेषणको सट्टा निश्चित, वस्तुगत र विश्लेषण गर्ने सिप एवम् ज्ञान दक्षतामा वृद्धि नभएसम्म अनुसन्धानलाई सूक्ष्म विशिष्टीकृत एवम् अद्यावधिक बनाइ राख्न सकिन्न । मैले

पनि 'सङ्कल्प' कथासङ्ग्रहमा समाविष्ट कथाहरूको विशिष्टता खोजी निश्चित मान्यताका आधारमा मापन, सूक्ष्म विश्लेषण तथा मूल्याङ्कन गर्नु फलामको चिउरा चपाउनु जस्तै चुनौतीपूर्ण हुनेछ । यस 'सङ्कल्प' कथासङ्ग्रहको समालोचनात्मक टिप्पणी भए पनि हालसम्म शैली वैज्ञानिक विश्लेषण नभएकोले मेरो पहिलो अनुसन्धान रहेको छ । यस अनुसन्धानमा कथावस्तु र पात्रका आधारमा साथै शैली विज्ञानका मान्यता (चयन, विचलन र समानान्तरता) का आधारमा समाविष्ट कथाहरूमध्ये आस्था/अनास्था, दिदी, भ्रम, रहस्य र नासो फिर्ता दिनु थियोको विश्लेषण गरिएको छ ।

## अध्ययनमा पूर्वकार्यको उपयोगिता

प्रमाणिक रूपमा अनुसन्धेय विषयसँग गांसिएर सम्बन्धित अध्ययनहरूले शोधकार्य सम्पन्न गर्न सहयोग पुऱ्याउँदछ । अध्ययनलाई विश्वस्त बनाउन पूर्वकार्यले आधारभूत निर्माण गर्न सहयोग गर्दछ । भरपर्दो र विश्वसनीय निष्कर्षहरू निकाल्न पूर्वकार्यको समीक्षाले निश्चित र वैज्ञानिक ढङ्गबाट सहयोग पुऱ्याइरहेका हुन्छन् ।

पूर्वकार्यको अभावमा शोधकार्यको उद्देश्य गति पाउन सक्दैन । तसर्थ अनुसन्धानलाई निश्चित ढाँचा प्रदान गरी उद्देश्यमूलक बनाउन पूर्वकर्यको समीक्षाले दिशा निर्देश गर्दछ । सङ्कलित सामग्रीको व्यवस्थापन र सङ्गठन गर्न पूर्वकार्यको दिशाबोध गर्दछ । तथ्याङ्क सङ्कलन र सङ्कलित तथ्याङ्कको विश्लेषण गरेर निष्कर्षमा पुऱ्याउन पूर्वकार्यको दिशानिर्देश गराउँछ । अध्ययनलाई चुनौतीपूर्ण समस्याहरूबाट मुक्त गर्न र निष्कर्ष निकाल्न पूर्वकार्यको समीक्षा आवश्यक छ । प्रस्तुत 'सङ्कल्प'(कथासङ्ग्रह) कथालाई शैली वैज्ञानिक अध्यायनार्थ अनुसन्धानको क्रममा यस विषयसँग सम्बन्धित पूर्ण गरिएका अनुसन्धानहरूको समीक्षालाई प्रयोगमा ल्याइएको छ । शोधकार्यलाई अघि बढाउन पत्र-पत्रिकाहरूले गरेको टिप्पणी र स्वयम् लेखकसँग सोधिएका प्रश्नका उत्तरलाई प्रयोगमा गरिएको छ ।

## सैद्धान्तिक रूपरेखा

### परिचय

कुनै पनि साहित्यिक कृतिको विश्लेषण वा मूल्याङ्कन गर्ने एक आधार वैज्ञानिक पद्धति मानिन्छ । यस्तो विश्लेषण वैज्ञानिक, वस्तुपरक र वर्णनात्मक हुन्छ । यस सैद्धान्तिक धारणात्मक रूपरेखामा शैलीको परिचय शैली वैज्ञानिकको परिचय, सैद्धान्तिक स्वरूप, शैली विज्ञानको प्रक्रिया आदिको अध्ययन गरिएको छ ।

## शैलीको परिचय

नेपाली भाषामा प्रचलित 'शैली' संस्कृत भाषाको शील् धातुमा अक् प्रत्यय लागि व्युत्पन्न भएको तत्सम शब्द हो । समालोचनाका क्षेत्रमा वर्तमानमा निकै प्रचलनमा आएको यो शब्द ल्याटिन भाषाको स्टिलबाट अङ्ग्रेजीमा आएको 'स्टायल' शब्दको नेपाली रूपान्तरण हो । ल्याटिन भाषामा स्टिल (Stilus) शब्दले धातुको लेख्ने साधन भन्ने जनाउँछ । पछिल्ला समयमा अर्थ परिवर्तन भएर स्टाइल शब्द परिपाटी, ढाँचा, तरिका शैली आदि अर्थमा रुढ हुन पुगेको छ (सिरले सन् १९७०:३१४) ।

अङ्ग्रेजीको विभिन्न अर्थका लागि शैली शब्दको प्रयोग भए पनि साहित्यका सन्दर्भमा अङ्ग्रेजीको स्टायल शब्दको भावाभिव्यक्ति प्रकट गर्ने तरिका अर्थात् वक्ताको वक्तृत्व शक्ति, लेखकको अभिव्यञ्जना पद्धति, व्यक्तिको वैयक्तिक विशिष्टता, विषय विवेचनाको प्रविधि, आचार, विचार एवम् व्यवहारको ढङ्ग बोलाइएको तौरतरिकालाई सङ्केत गरेको देखिन्छ ।

प्राचीन संस्कृत साहित्यमा शैलीको पयार्यका रूपमा विभिन्न साहित्यचार्यहरूले एकाधिक शब्दको प्रयोग गरेका छन् । तीमध्ये रीति शब्द सर्वाधिक प्रचलित र प्रसिद्ध छ ( नेपाल, सन् १९९२:३२) । साहित्यको 'शैली' का निम्ति रीति शब्दको प्रयोग गर्नुपूर्व यसको स्थानमा वृत्ति, प्रवृत्ति, मार्ग आदि एकाधिक संज्ञा प्रचलित थिए ।

उपयुक्त पृष्ठभूमितर्फ नियाल्दा अङ्ग्रेजी शब्द स्टाइलको संस्कृत पयार्यका रूपमा रीति शब्द नै प्रचलित देखिन्छ (नेपाल, सन् १९९२:३३) । भारतीय आर्य भाषाका साहित्यमा शैली शब्दले अङ्ग्रेजी स्टाइल र स्थिरता पाइसकेको देखिन्छ । शैलीलाई अर्थ्याउने क्रममा बृहत नेपाली शब्दकोशले निम्न अर्थ दिएको छ :

क) विशेष किसिमले कुनै काम गर्ने प्रणाली वा पद्धति, काम गराइएको ढाँचा, परिपाटी, छाँट, छन्द,

ख) असल शील स्वभाव भएका आएको रीति वा चलन

ग) कुनै सिद्धान्त जस्तै भएर आएको रीति वा चलन

घ) साहित्य रचनामा लेखकका व्यक्तित्व विशेषताको छाप दिने वा विषयवस्तुका अनुकूल भाव, अभिव्यक्ति हुने खास ढाँचा (सरल शैली, तार्किक शैली, आलङ्कारिक शैली आदि ।

शैली के हो भन्ने सन्दर्भमा विभिन्न विद्वानहरूले आ-आफ्नो दृष्टिकोण प्रस्तुत गरेका छन् । ती अवधारणाहरू कुनै पाठपरक, कुनै लेखककेन्द्र र कुनै श्रोतकेन्द्री छन् । यहाँ शैली सम्बन्धी केही धारणाहरू प्रस्तुत गरिएका छन् :

शैली चयन हो । चयन भनेको छनोट हो । स्रष्टाले आफ्नो अभिव्यक्तिका क्रममा उपलब्ध विकल्पमध्ये कुनै एउटा भाषिक एकाइको सुविचारित छनोट गर्दछ । जस्तै : आमा र माता दुवैको अर्थ एउटै हो । स्रष्टाले यी दुवै शब्दमध्ये कुनै एकको छनोट गर्दछ । स्रष्टाले उपलब्ध विकल्पहरूमध्ये ज्यादै सुहाउँदो चाहिँ छानेर लिनु नै चयन हो । आमा र माताको अर्थ एउटा भए पनि शब्दस्रोतका दृष्टिले आमा तद्भव शब्द हो भने माता तत्सम शब्द हो । स्रष्टाले आफ्नो अभिव्यक्तिका क्रममा जुनलाई उपयुक्त ठान्छ त्यसैलाई छनोट गरेर लिनु नै चयन हो । चयन अभिव्यक्तिको तहमा पनि हुन्छ तर यसको खास प्रयोजन चाहिँ भाषिक तहमा देखापर्दछ (शर्मा, २०५५:५४१) ।

पूर्वीय आचार्य वामनका अनुसार विशिष्ट पदसंघटना रीति हो भन्ने र पाश्चात्य विद्वान स्विस्टको 'काव्य उत्तम क्रममा उत्तम शब्द योजना हो' भन्ने भनाइले शैली भाषिक विकल्पहरूबाट गरिएको चयन हो भन्ने निस्कर्ष निकाल्न सकिन्छ (शर्मा, २०५५:२३) । स्रष्टाले विभिन्न उपलब्ध विकल्पहरूमध्ये उपयुक्त विकल्प छनोट गर्ने क्रममा कथ्य र अभिव्यक्ति दुवै स्तरमा सामग्री छान्ने र त्यसको कुशल संयोजन गर्ने कार्य गर्दछ । संयोजनमा वैयक्तिक भिन्नता भए पनि यसलाई सारपूर्ण तवरले कलात्मक पद्धति अवलम्वन गरिएको हुन्छ ।

व्याकरणका नियमले नियन्त्रण गरी रुढ र यान्त्रिक बनाइएको भाषाबाट स्वतन्त्र रही कृतिमा भाषिक सौन्दर्यको पृथक र अर्थपूर्ण गोलार्धको खोजी गर्नु नै विचलन हो (ढकाल, २०५०:९७) ।

विचलन भनेको व्याकरणगत नियमको अनभिज्ञतावश गरिने अव्याकरणिक होइन (नेपाल, १९९२:४४) । शैलीगत विचलन त्यस्ता विचलित प्रयोग हुन् जसका कारणहरू विश्लेष्यसार्थक र सम्भवतः सचेत पनि हुन्छन् । व्याकरणसम्मत भाषिक परिधिभित्रै प्रयोक्तालाई उपलब्ध विभिन्न विचलनबाट गरिने चयनात्मक प्रयोगलाई कसैले विचलन मानेका छन् (श्रीवास्तव सन् १९८०:५९) ।

शैली कथ्य र रूप दुवै हो । शैलीमा कथ्य र रूप दुवैको अन्विति पाइन्छ । चार्ल्स बाली र उनका अनुयायीहरूले शैलीलाई कथ्य वा विचारको आवरणका रूपमा परिभाषित गरेका छन् (नेपाल, सन् १९९२:४०) । यसमा कृतिभित्रको कथ्य र कृति रचनाको कारण स्रष्टाको दृष्टिकोण एवम् लेखनपद्धतिको प्रभाव कलात्मक रूपमा भएको हुन्छ ।

शैली अर्थ हो । वास्तवमा शैली रूपको अभिव्यक्ति मात्र नभई सम्प्रेषणको आर्थी पद्धति पनि हो । भाषिक संरचनाद्वारा सम्प्रेषण सम्प्रेषित कृतिभित्रको सूचनाको प्रतीयमान अर्थ वा लाक्षणिक अर्थ शैलीभित्र लुकेको हुन्छ ।

शैली भाषा हो । सामान्यतया मनको भाव वा विचार व्यक्त गर्ने माध्यम भाषा हो । लिखित भाषाको माध्यमबाट स्रष्टाले आफ्नो अभिव्यक्तिलाई कलात्मक रूपमा प्रस्तुत गर्दछ र यो भाषाविना सम्भव छैन । शैली भाषाको प्रविध्य हो । सामान्य भाषा व्याकरणका नियमहरूको अतिक्रमण गरेर आफ्ना रचनाहरूलाई बढी आकर्षण र प्रभावकारी तुल्याएको हुन्छ । सामान्य भाषा अभिधात्मक, एकार्थक, अनलङ्कृत, नियमित, लोकोपयोगी, सूचनात्मक र कोशीय हुन्छ भने साहित्यको भाषा लक्षणात्मक, व्यङ्ग्यात्मक, अनेकार्थक, अलङ्कृत, विचलित, भावोपयोगी एवम् सिर्जनात्मक हुन्छ । यसरी हेर्दा स्रष्टाले आफ्ना अभिव्यक्तिलाई साहित्यिक भाषाको विशिष्ट एवम् कलात्मक रूपले प्रयोग गर्ने हुनाले शैलीलाई भाषाको रूपमा लिइएको हो ।

उपयुक्त परिभाषालाई संयोजन गर्दा शैलीलाई भाषिक अभिव्यक्तिको विशिष्ट ढङ्गका रूपमा अर्थ्याउन सकिन्छ । हरेक व्यक्तिको व्यक्तिव फरक हुन्छ । व्यक्तिव अनुसार हरेक व्यक्तिको अनुभव पनि फरक-फरक हुन्छ । जे होस् रचनामा स्रष्टाको व्यक्तिव विशेषताको छाप दिने वा विषयवस्तु अनुकूल भाव अभिव्यक्त गर्ने ढाँचा वा पद्धति नै वास्तवमा शैली हो ।

## शैली विज्ञानको परिचय

शैली विज्ञान साहित्यिक समालोचनाको नवीनतम् विधा वा प्रकार हो । शैली विज्ञानलाई भाषा विज्ञानको एउटा महत्वपूर्ण अङ्ग वा शाखा मानिन्छ । भाषा विज्ञानले सामान्य भाषाझैं काव्य भाषा वा साहित्यिक भाषालाई पनि भाषाको एउटा प्रकार मानेपछि सो काव्य भाषाको विश्लेषणका निम्ति शैली विज्ञानको उदय भएको देखिन्छ । शैली विज्ञान भाषाविज्ञानको त्यो अङ्ग हो जो साहित्यिक (काव्य) भाषाको विविध प्रकारहरूको अध्ययन

विश्लेषणमा केन्द्रित रहन्छ । शैली विज्ञानको फाँटभित्र सामान्यको नभएर विशिष्ट ( साहित्यिक) भाषाको प्रयोगको अध्ययन विश्लेषण गरिन्छ । शैली विज्ञानले साहित्यिक कृति वा सङ्कलनको भाषिक आधारमा विश्लेषण गरी शैलीका माध्यमबाट त्यसमा रहेको कलात्मक संवेगहरूको रेखाङ्कन गर्ने र कृतिमा अन्तर्निर्हित सौन्दर्यको उद्घाटन गर्ने लक्ष्य लिएको छ । त्यसैले शैली विज्ञानलाई भाषाविज्ञान र साहित्यशास्त्र (काव्यशास्त्र) को मिलनबिन्दु मानिन्छ । आधुनिक युगमा भाषाविज्ञानले साहित्यिक भाषा वा काव्यभाषाको समेत अध्ययन गर्न थालेदेखि शैली विज्ञान प्रारम्भ भएको मानिन्छ । शैलीका सम्बन्धमा भरत, भामह, दण्डी, आनन्दबर्धन, क्षेमेन्द्र, कुन्तक आदिबाट साहित्यमा शास्त्रीय चिन्तन भएको पाइन्छ भने पश्चिममा प्लेटो, अरस्तु, सिसिरो आदिले शैलीका सम्बन्धमा चर्चा गरेको पाइन्छ ।

शैली भनेको ढङ्ग हो । हिडाँइको, बसाइको जस्तै बोलाइको पनि आ-आफ्नै ढङ्ग हुन्छ । शैलीलाई रीति वा तरिका पनि भनिन्छ । यसरी शैली कुनै विषयलाई प्रस्तुत गर्ने तौरतरिका हो । विषय, व्यक्ति, प्रयोजन, परिवेश आदिले गर्दा शैलीमा विभिन्नता आउँछ । भाषाको अभिव्यक्ति वा सङ्कथनमा पाइने यस्तै शैलीगत विविधता सम्बन्धी भाषा वैज्ञानिक अध्ययनलाई शैली विज्ञान भनिन्छ । आधुनिक भाषा विज्ञानको विकाससँगै शैलीको अध्ययन गर्ने नयाँ दृष्टिकोणहरू देखा परे जसमा सामान्य शैली विज्ञान र साहित्यिक शैली विज्ञानको चर्चा गरेको पाइन्छ ।

**क) सामान्य शैली विज्ञान**

साहित्येत्तर अभिव्यक्ति सम्बन्धी भाषा वैज्ञानिक अध्ययनलाई सामान्य शैली विज्ञान अन्तर्गत राखिन्छ । यसमा सामान्य भेद र स्तरीय भेद, औपचारिक र अनौपचारिक भेद, मौखिक र लिखित भेद, स्थानीय भाषिका र सामाजिक भाषिकागत भेदमा अभिव्यक्ति सङ्गठनहरूको भाषिक अध्ययन विश्लेषण गरिन्छ । यसैमा एक अर्काविच घनिष्ट शैली, आकस्मिक शैली उच्चारण सम्बन्धी विभिन्न भेद (संवाद, विवाद, छलफल आदि) को अध्ययन गरिन्छ । त्यसै गरी प्रयोजनपरक भेद (विज्ञान, कानुन, धार्मिक, अर्थशास्त्र, राजनीति आदि) लाई सामान्य शैली विज्ञानमा नै समेटिन्छ । चिठीपत्र, निवेदन, विज्ञापन आदि पनि यसै अन्तर्गत पर्दछन् । यिनको अध्ययन भाषाका वर्ण, रूप शब्दभण्डार, पदावली, उपवाक्य र वाक्यका विभिन्न तह र तिनको छनोट र संरचनाका साथै सङ्कथन ढाँचा । शैलीगत समग्रतालाई लिइएको हुन्छ (शर्मा, २०६२:१६१) ।


### ख) साहित्यिक शैली विज्ञान

भाषाका खास भेदको (साहित्य) अध्ययन गर्ने शैली विज्ञान साहित्यिक शैली विज्ञानका नामले चिनिएको पाइन्छ । साहित्यिक प्रसङ्गहरूको प्रकृति तथा साहित्यिक भाषाको उद्देश्यमूलक नियमको अनुशासनमा बाँधिएर अध्ययन गर्ने यसले भाषिक उपकरणका आधारमा व्यक्तिगत सौन्दर्यको उद्घाटन गर्न जोड दिएको हुन्छ । वाङ्मयको ललितकलाका स्वरूपहरू यसको अध्ययन क्षेत्रमा पर्दछन्, जस्तैः कथा, उपन्यास, कविता, नाटक आदि । भाषिक माध्यमबाट व्यक्त हुने प्रत्येक रूपलाई साहित्यका रूपमा मात्र लिन नसकिने भएकाले मनुष्यको भाव संसारसित सम्बन्धित भाषिक कलालाई मात्र साहित्यिक शैली विज्ञान अन्तर्गत राखेर अध्ययन गरी साहित्यिक सौन्दर्य र उत्कृष्टताको खोजी गरिन्छ । साहित्यिक शैली विज्ञानमा भाषिक एकाइको पनि शैली वैज्ञानिक अध्ययन गरिन्छ । एकाइको सर्वप्रथम पृथकीय अध्ययन गरेपछि एकीकृत अध्ययन गर्नु यसको ध्येय रहेको हुन्छ । भाषिक आधारमा साहित्यिक भाषा वा काव्यभाषाको अध्ययन हुने भएकाले यसका साहित्यको वस्तुनिष्ठ अध्ययन हुन्छ । साथमा लेखकको लेखकीय शैलीको विशिष्टताको भाषातात्विक विश्लेषण पनि हुन्छ (भण्डारी र नेपाल २०६७:२४)

## शैली विज्ञानको सैद्धान्तिक स्वरूप

शैली विज्ञानले साहित्यलाई भाषिक कला मान्दछ । भाषिक कला अन्तर्गत यसले हरेक कृतिलाई एउटा भाषिक प्रतीक ठान्दछ । प्रतीक झैँ मानिसको प्रत्येक साहित्यिक कृतिका दुई पक्ष (रूप) सँग सम्बन्धित हुन्छ भने कथ्य आन्तरिक पक्ष (अर्थ सन्दर्भ) सँग सम्बन्धित हुन्छ । प्रत्येक रचना यी दुवैको समन्वयात्मक रूप हुने भएको हुँदा शैली विज्ञानले अभिव्यक्ति वा रूपात्मक अवयवबाट कथ्य वा प्रसङ्गात्मक अवयवमा प्रवेश गर्दछ र कृतिको संरचनाको विश्लेषण गरी त्यसमा अन्तर्निहित सौन्दर्यको उद्घाटन एवम् मर्मबोध गराउँछ  (शर्मा, २०५९:५) ।

शैली विज्ञानले साहित्यिक कृतिको मूर्त आकारबाट अमूर्त आकारमा प्रवेश गर्ने प्रक्रिया समात्छ । त्यसैले कृतिको अमूर्त आकारलाई मूर्त आकारका माध्यमबाट ग्रहण गर्ने सामर्थ्य दिन्छ । मूर्त आकारबाट अमूर्त आकार कसरी प्राप्त गर्ने र प्राप्त अमूर्त आकारको तालमेल मूर्त आकारसँग कसरी बसाउने भन्ने कुरा शैली विज्ञानले बताउँछ (शर्मा, २०५९:५) ।





(स्रोतः शर्मा, २०५९:५)

शैली विज्ञानले साहित्यलाई हेर्ने नयाँ दृष्टिकोण नै माथिको तालिकाबाट प्रष्ट हुन्छ ।

शैली विज्ञानको सम्बन्ध भाषा र कला दुवैमा हुन्छ । मुख्य रूपमा भाषाविज्ञानको भूमिका भएपनि यसको अन्तरसम्बन्ध अर्कोतर्फ कलासँग पनि छ । त्यसैले कलासँग सम्बन्धित भएर शाब्दिक कला र भाषिक प्रतीकलाई शैली विज्ञानले ग्रहण गरेको पाइन्छ ।

साहित्यलाई भाषिक कलाको रूपमा शैली विज्ञानले कसरी ग्रहण गर्दछ भन्ने कुरा श्रीवास्तवको आरेखबाट थाहा पाउन सकिन्छ ।




*(स्रोत -गौतम, २०६१:२९)*

सिद्धान्ततः आधुनिक युगमा भाषाविज्ञानले साहित्यशास्त्र र काव्यशास्त्रको अध्ययन गर्न थालेपछि शैली विज्ञानको प्रारम्भ भएको तथ्यलाई नकार्न सकिँदैन । भाषाविज्ञान र साहित्यशास्त्रको मेलबाट नै शैली वैज्ञानिक सिद्धान्तको प्रवर्तन भएको हो । शैली विज्ञानले भाषाविज्ञानलाई हेर्ने सोच वा ढङ्गबाट साहित्य वा साहित्येत्तर कृतिको अध्ययन गरिन्छ ।

निष्कर्षमा भन्नुपर्दा भाषाविज्ञान र साहित्यशास्त्रको समन्वयबाट नै शैली विज्ञानको सुरुवात भएको हो । शैली विज्ञानले भाषा र कला दुवैसँग समन्वय गरी कृतिको भाषिक पक्ष र साहित्यिक सौन्दर्यको उद्घाटन गर्दछ ।

## शैली वैज्ञानिक समालोचनाका तहहरू

जसरी भाषाविज्ञानले प्रत्येक शब्दलाई ध्वनि प्रतीकका रूपमा हेर्दछ त्यसरी नै शैली विज्ञानले पनि प्रत्येक सिङ्गो साहित्यिक पाठलाई कला-प्रतीकका रूपमा हेर्दछ । यसरी साहित्यिक पाठलाई कला प्रतीकका रूपमा राखेर विश्लेषण गर्नका निम्ति त्यसभन्दा अघि शैली वैज्ञानिक अध्ययन विश्लेषणका अरू केही तहहरू हुँदै अघि बढेको हुन्छ । अतः साहित्यिक कृतिको शैली वैज्ञानिक अध्ययन एकाधिकार तहमा हुन्छ र ती विभिन्न तहको क्रमिक प्रस्तुतीकरण र समायोजनमा नै शैली वैज्ञानिक अध्ययनको पूर्णता निहित रहन्छ । त्यस्तो अध्ययनलाई पूर्णता दिने मूलतः तीनवटा तहहरू छन् :

कला- सामग्रीको तह, कला - माध्यमको तह र कला - प्रतीकको तह (भण्डारी २०६८:४१)

### क) आधार-सामग्रीको तह

यो आधार सामग्रीभित्र पर्दछ । आधार सामग्री भनेको नै भाषा हो । कला सामग्रीको तहमा कृतिमा प्रयुक्त वाक्य, ध्वनि, रूप, शब्द, शब्दयुग्म, उपवाक्य जस्ता स-साना एकाइहरूको संरचनात्मक र व्याकरणिक अवस्थावारे त्यसको अध्ययन-विश्लेषण गरी प्रकट गरिन्छ । ससाना एकाइहरूको अवस्थाबारे प्रकाश पारेपछि बाँकी दुईवटा तहको अध्ययनको लागि आधार निर्माण गर्ने काम गरिन्छ ।

### ख) कला-माध्यमको तह

कृतिको अखण्ड र अभिभाज्य एकाइ नै यस तहको महत्तम एकाई हो । कृतिको अखण्ड र अभिभाज्य एकाइ भन्नाले सिङ्गो पाठ वा संकथनलाई बुझ्नुपर्दछ । यस तहमा वाक्यभन्दा माथिका एकाइहरूको अध्ययन गरिन्छ । साहित्यसँग सम्बन्धित कलानुभूतिका सामग्रीहरूद्वारा कृतिमा निहित साहित्यिकताको अध्ययन-विश्लेषण गरिन्छ । यसमा छन्द लय, बिम्ब, अर्थ, प्रतीक, कथानक, चरित्र अलङ्कारहरू सम्बन्धित हुन्छन् ।

### ग) कला-प्रतीकको तह

कृतिको सिङ्गो संरचना नै कला र प्रतीक हो । विवेच्य सिङ्गो संरचना नै कला-प्रतीक भएको हुँदा यस तहको अध्ययन-विश्लेषण, बुनोट आदिसँग सम्बन्धित भएर गरिएको हुन्छ । विश्लेषित कृतिलाई सिङ्गो कला र प्रतीकको रूपमा हेरिने भएको हुँदा यो स्वतः

स्वायत्त एकाइ हो । अध्ययन-विश्लेषणद्वारा कृतिमा निहित सौन्दर्यको उद्घाटन संरचनात्मक शैली विज्ञानद्वारा गरिन्छ । त्यसैले यस तहको अध्ययनलाई संरचनात्मक शैली वैज्ञानिक अध्ययन पनि भनिन्छ । यस तहको अध्ययन सङ्केत विश्लेषणबाट पनि प्रभावित भएको पाइन्छ । यसरी साहित्यिक कृतिलाई हेर्ने दृष्किोणलाई सङ्केत वैज्ञानिक सिद्धान्त पनि भनिन्छ ।

## शैली विश्लेषणको सैद्धान्तिक आधार

शैली विज्ञानले भाषा विज्ञानका उपलब्ध उपकरणहरूको मद्धत लिएर कुनै कृतिमा अन्तर्निहित शैलीको वैज्ञानिक विश्लेषण गर्दछ । कृतिको प्रकृति (विधागत, भाषागत, शैलीगत, आकारगत) र स्रष्टाको क्षमता एवम् आवश्यकताले पनि कृति विश्लेषणको प्रारूप निर्धारणमा महत्वपूर्ण भूमिका खेल्दछ । कृति विश्लेषणको शैली वैज्ञानिक आधारलाई र वस्तुगत रूपमा शैली वैज्ञानिक अध्ययन तथा विश्लेषण सम्भव हुँदैन, यसका लागि विश्लेषकहरूले ध्यान दिनुपर्ने प्रमुख पक्षहरू पनि छन् । यस्ता पक्षलाई कृति विश्लेषणको सैद्धान्तिक आधार मानिन्छ (शर्मा, २०५४ : १९७) । ती हुन् ।

- विश्लेष्य कृतिको प्रकृति कस्तो छ ?
- विश्लेषकको आफ्नो ज्ञान के कति छ ?
- उसको शक्ति र सीमा के हो ?
- उसको क्षमता के कति छ ?

शैली वैज्ञानिक माध्यमबाट कृतिको अध्ययन-विश्लेषणका निम्ति निम्न प्रकृिया अपनाउन सकिन्छ :

- **साहित्यिक संरचना**
    - क. बुनोट
    - ख. बनोट
- **शैली**
    - क. चयन
    - ख. अग्रभूमि निर्माण
        - अ. विचलन
        - आ. समानान्तरता
    - ग. विविधता
- **भाषिक संरचना**
    - क. व्याकरण व्यवस्था
    - ख. शब्द व्यवस्था
    - ग. ध्वनि व्यवस्था

*(स्रोत, शर्मा, २०५९:६)*

## साहित्यिक संरचना

साहित्यिक कृतिको आ-आफ्नो संरचना हुन्छ । साहित्यिक संरचना कृतिसँग सम्बन्धित घटकहरूको योगबाट निर्मित भएको पाइन्छ । साहित्यिक संरचनाका घटकहरू बनोट र बुनोट गरी दुई प्रकार हुन्छन् ।

**क) बनोट** : बनोट कृतिको बाह्य वा भौतिक पक्षसँग सम्बन्धित हुन्छ । अङ्क, दृश्य, संवाद, भाग, परिच्छेद, घटना, श्लोक आदि घटकहरू बीचको समन्वय नै बनोट हो ।

**ख) बुनोट** : यो साहित्यिक कृतिको आन्तरिक संरचना हो । बनोटका घटकहरू बीचको आन्तरिक सम्बन्ध नै बुनोट हो ।

भाषा र साहित्यका सम्बन्धमा बुनोटले कथ्यको रूपगत वा दृष्टिपतलीय पक्षलाई जनाएको हुन्छ । जस्तै : छन्द, अलङ्कार, अर्थ बिम्ब, प्रतीक, कथानक, चरित्र आदिको सिर्जना । यस उपकरणद्वारा शैली विज्ञानको कृतिको रूपगत पक्ष छन्द, अलङ्कार, अर्थ, विम्ब, प्रतीक, कथानक, चरित्र आदिको कृतिसँग वैयक्तिक विशिष्ट्यलाई केलाउँछ ।

(भण्डारी र अन्य, २०६८:३२)

### शैली

साहित्यिक लेखनमा भाषिक संरचनाका क्रमश्रेणीहरू रूपान्तरित भएर साहित्यिक संरचनाका क्रमश्रेणीहरू बन्ने प्रक्रिया नै शैली हो । यस्तो अवस्थामा भाषिक संरचना आधारभूत र साहित्यिक संरचना शीर्षीकृत हुन्छ । शैली विश्लेषण गर्ने क्रममा निम्नानुसार पक्षहरूको विश्लेषण गरिएको छ :

### क) चयन

लीचको भनाइ अनुसार शब्द आदि भाषिक एकाइको सुविचारित छनोटलाई चयन भनिन्छ (ढुङ्गेल र दाहाल, २०६८:१०३ मा उद्धृत) । समानान्तर प्रवृत्तिका विकल्पहरूमध्येबाट उपयुक्त विकल्पको छनोट गर्ने प्रक्रियालाई चयन भनिन्छ ।

### ख) अग्रभूमि निर्माण

रचनाको कुनै भागलाई विशिष्ट तुल्याउन त्यो भागमा बल दिनु अग्रभूमि निर्माण हो (शर्मा, २०५९:२१) । भाषिक प्रयोगका अधिकताले रुढ र यान्त्रिक हुन लागेको प्रयोगलाई

टुटाएर विशिष्टता ल्याउने प्रक्रियालाई अग्रभूमि निर्माण भनिन्छ । अग्रभूमि निर्माण सम्बन्धी धारणाको प्रतिपादन जे मुकारोब्स्कीले सन् १९३० मा गरेका हुन् । अभिव्यक्तिमा अनौठोपन र प्रभावकारिता ल्याई शीर्षीकरण गर्नका निम्ति यसको महत्व अत्याधिक रहेको बुझ्न सकिन्छ (भण्डारी र अन्य, २०६८:३८) ।

अग्रभूमिमा नवीनता, असामान्यता, अप्रायिकता र अनपेक्षितता जस्ता विशेषता भेटिन्छन् । यसका साथै प्रचलित प्रयोगभन्दा बढी स्मरणीय हुनु, प्रभावशाली हुनु, महत्वपूर्ण हुनु, अनौठोपन वा वक्रताले गर्दा चर्चित वा व्याख्येय बन्न सक्नु, अग्रभूमिलाई पहिचान गर्ने आधार मानिन्छ (अधिकारी, २०६२:२७५) ।

**अ) विचलन**

प्रचलित ढाँचालाई उलटपुलट पारेर सौन्दर्य प्रदान गर्ने कार्य नै विचलन हो (भण्डारी र अन्य, २०६८:३८) । सामान्य नियम वा प्रचलित संरचनाको अतिक्रमणलाई विचलन भनिन्छ । प्रचलित पथ वा मानक प्रयोगलाई उललङ्घन गर्ने हुनाले यसलाई विपथन पनि भन्न सकिन्छ (अधिकारी, २०६२:२०७५) । मानकको अतिक्रमण वा उल्लङ्घनलाई विचलन भनिन्छ । (शर्मा, २०५९:८) सामान्य भाषिक व्यवहारमा हुने भाषिक नियमको अतिक्रमण वा मानकेत्तर प्रयोगलाई विचलन भनिन्छ (गौतम, २०६९:२९) । प्रचलनमा रहेको वा चलनचल्तीको भाषिक नियमको स्वीकृत वा निर्धारित सीमालाई त्याग गरी मानकेत्तर प्रयोगलाई ग्रहण गर्नु नै विचलन हो । विचलनहरू निम्नानुसार देखाउन सकिन्छ :

**१. कोशीय विचलन**

सम्बन्धित शब्दकोशमा नभएर भाषिक प्रयोगमा नआएका नयाँनयाँ शब्दहरूको सृजन गरी प्रयोगमा ल्याउनु नै कोशीय विचलन हो । कसैले प्रयोग नगरेको वा सामान्य भाषिक प्रयोगमा नआएका शब्दहरूको निर्माण गरी प्रयोग गर्नु कोशीय विचलन हो, जस्तैः लक्ष्मीप्रसाद देवकोटाले गोब्रिलो, मान्द्रिलो, गुन्द्रिलो आदि प्रयोग गर्नु (भण्डारी र अन्य, २०६८:३९) ।

**२. व्याकरणिक विचलन**

लिङ्ग, वचन, पुरुष, काल, पदक्रम आदि अस्थिर रूपमा व्याकरण असम्मत तौरतरिकाले देखिने विचलन नै व्याकरणिक विचलन हो । लिङ्ग, वचन, पुरुष, काल,

पदक्रम आदिमा विचलन देखिनु व्याकरणिक विचलन हो । जस्तै बहिनी आउँछे कि भनेर उनीहरू पर्खिरहँदो हो (बचन विचलन) (भण्डारी र अन्य, २०६८:३९)

### ३. ध्वनि प्रक्रियात्मक विचलन

भाषाको आधाकारिक एवम् मापदण्डभन्दा पृथक रूपमा उच्चारण हुनु नै ध्वनि प्रक्रियात्मक विचलन हो । उच्चारणका क्रममा देखिने विचलनलाई नै ध्वनि प्रक्रियात्मक विचलन भनिन्छ । (ढुङ्गेल र दाहाल, २०६८:१०४) जस्तै : हिड्दैनौ (हिड्दउँन)

### ४. अर्थतात्विक विचलन

व्याकरणिक व्यवस्था भित्र चल्दोमिल्दो नियम वा उपायलाई भङ्ग गरेर कोशीय अर्थलाई उल्लङ्घन गर्दै शब्दहरूको लक्षणात्मक, व्यञ्जनात्मक, विम्बात्मक र प्रतीकात्मक तौर-तरिकाले अर्थ प्रदान गरेर सर्जकले आङ्कारिक वा ध्वान्यात्मक अर्थको निम्ति अन्यार्थमा प्रयोग गर्नु नै अर्थतात्विक विचलन हो । अर्थमा विचलन देखिनु नै आर्थी विचलन हो (भण्डारी र अन्य, २०६८:३९) ।

### ५. लेख्य प्रक्रियात्मक विचलन

लेखन प्रक्रियाको सिलसिला वा सम्बद्ध विषयमा देखिने विचलनलाई लेख्य प्रक्रियात्मक विचलन भनिन्छ । सर्जकले साहित्यिक सिर्जनालाई शब्दहरू प्रयाप्त नहुँदा चिह्नहरूको प्रयोगले भाव प्रकट गर्न खोज्दा लेख्य प्रक्रियात्मक विचलन देखिन्छ । शब्द लेखाइको सन्दर्भमा देखिने विचलन लेख्य प्रक्रियात्मक विचलन हो । जस्तै : म त तिम्री भनेपछि ........ (भण्डारी र अन्य, २०६८:३९) ।

### ६. भाषिक विचलन

मानकभाषाको सट्टा स्रष्टाले सिर्जनालाई विलक्षणता दिन भाषिका तथा उपभाषिकाका शब्दहरूको प्रयोगलाई भाषिका विचलन भनिन्छ । अन्य भाषिकाका विशेषताको प्रयोग गर्नु भाषिकागत विचलनभित्र पर्दछ । बल्ल-गोरु, भुइसी-भैंसी, बुइनी-बहिनी, ओलन-दूध आदिको प्रयोग (भण्डारी र अन्य, २०६८:३९) ।

### ७. प्रयुक्ति विचलन

एउटा सन्दर्भ वा सिलसिलामा प्रयुक्त भाषालाई अर्को सन्दर्भ वा सिलसिलामा प्रयोग गर्दा हुने विचलनलाई प्रयुक्ति विचलन भनिन्छ । एउटा परिस्थितिमा वा प्रसङ्गअनुरूपको

भाषाको अर्को परिस्थिति वा प्रसङ्गमा प्रयोग गर्नु प्रयुक्तिगत विचलन हो । जस्तै : जङ्गलवासी भयङ्कर डाँकाहरू प्रत्येक शीत ऋतुमा कीराहरूको संहार गर्छन् आदि (भण्डारी र अन्य, २०६८:३९) ।

**आ. समानान्तरता**

भाषा प्रयोगको नियमित पुनरावृत्तिलाई समानान्तरता भन्दछन् (शर्मा, २०५९:८) । समानान्तरताले समान तत्वहरूको पुनरावृत्तिलाई जनाउँछ (अधिकारी, २०६२:२७२)

विचलनको विपरीत रूपमा देखिने उपकरणलाई समानान्तरताको नामले चिनिन्छ । विचलन स्वयम्मा नियमितता होइन तर अतिरिक्त नियमितता चाँहि समानान्तरता हो । यसरी चलनचल्तीको नियमलाई पूनः प्रयोग वा एकभन्दा बढी पटक दोहोऱ्याउने कार्य नै समानान्तरता हो । यसले भाषाको प्रयोगमा काइदाअनुसारको नियमितता सिर्जना गरेर आकर्षण बढाउँछ । यो दुई प्रकारको हुन्छ :

१. बाह्य समानान्तरता
२. आन्तरिक समानान्तरता

**ग) विविधता**

विषय र प्रयोगकर्ताका अनुसार एउटा भाषाका विभिन्न भेदहरू देखा पर्दछन् र यिनै भेदहरूलाई विविधता भनिन्छ (भण्डारी र अन्य, २०६८:४१) ।

शर्माको भनाइअनुसार विषय र प्रयोगकर्ता अनुसार एउटा भाषाका विभिन्न भेदहरू देखा पर्दछन् र यिनै भेदहरूलाई विविधता भनिन्छ (भट्टराई, २०६१:१५ मा उद्धृत) । प्रयोगकर्ता र विषयको कारणले देखा पर्ने भाषिक भेदहरूलाई विविधता भनिन्छ (गौतम, २०६१:३०) ।

कुनै पनि कृतिमा देखापर्ने भाषाका बेग्लाबेग्लै भाषिकाहरूलाई विविधता भनिन्छ । यस्ता भाषिका र उपभाषिकाको प्रयोगले परिवेश र प्रभाव क्षेत्रअनुसार रचनालाई चित्ताकर्षण बनाउन मद्दत गर्दछ । निष्कर्षमा भन्नुपर्दा वैयक्तिक भिन्नता, विषयगत भिन्नता र भाषिक भेद तथा उपभेदलाई नै विविधता भनिन्छ ।

## सारांश

शब्द निर्माण प्रक्रियाअनुसार संस्कृतको 'शी' धातुमा 'लक' प्रत्यय लागेर 'शील' शब्दको निर्माण भएको हो । 'शील' शब्दमा 'ई' प्रत्यय लागेर शैली शब्दको निर्माण भएको पाइन्छ । शैलीका अङ्ग्रेजी समकक्षी शब्द Style हो । Style शब्द ल्याटिनको Stilus बाट उद्धृत भएको हो । अङ्ग्रेजी शब्द Stistics को नेपाली स्पान्तरण शब्द शैली वैज्ञानिक हो । १९ औ शताब्दीको शुरुआतमा जर्मनमा Stylistik शब्दको प्रयोग गरिएको थियो । समयको अन्तरालसँगै सन् १८८२ मा अङ्ग्रेजी भाषाले Stylistic शब्दको ग्रहण गऱ्यो । पाश्चात्य वाङ्मयमा शैलीको चर्चा परम्परादेखि नै  गरिएको थियो । प्राचीन युरोपका ग्रीसेली-रोमेली शैलीगत अध्ययनका उल्लेख्य स्रोत हुन्: साहित्यशास्त्र, वक्तृताशास्त्र र व्याकरण । यी मध्ये साहित्यशास्त्र र वक्तृताशास्त्र अन्तर्गत नै मुख्यतः भाषा र शैलीको बारेमा अध्ययन हुँदै आएको पाइन्छ र यस शैलीगत अध्ययनको भाषिक आधारचाहिँ ग्रीक र ल्याटिन व्याकरणबाट नै प्राप्त हुँदै आएको हो (त्रिपाठी, २०५८:३१६) ।

पूर्वमा भामह, आनन्दवर्धन, कुन्तक, भरतमुनिले शैलीको चर्चा नगरे पनि अलङ्कार, रीति, वक्रोक्तिको चर्चा गरेको पाइन्छ । पूर्वीय विद्वानहरूले अलङ्कार, रीति, वक्रोक्ति आदिलाई शैली अन्तर्गत राखेर चर्चा गरेको पाइन्छ । पाश्चात्य साहित्यमा अरस्तुकै पालादेखि शैलीको चर्चा हुँदै डायोनोसियस, इलिपड, लुकास आदिबाट अगाडि बढ्दै गरेको शैलीविज्ञानले सस्युर र उनका चेला चार्ल्स बालीको आगमनले आधुनिक युगमा प्रवेश गरेको पाइन्छ । वर्तमान शैलीको अध्ययन गर्ने विज्ञानलाई सामान्य अर्थमा शैली विज्ञान भने पनि भाषाका माध्यमबाट वैज्ञानिक र वस्तुनिष्ठ आलोचनालाई नै शैली विज्ञान भनिन्छ । शैली विज्ञानले भाषाज्ञानको सहयोगमा कृतिको वस्तुपरक वैज्ञानिक अध्ययन-विश्लेषण भाषा-परक रूपमा गर्दछ ।

## अध्याय : तीन

## अनुसन्धान विधि र प्रक्रिया

भाषिक अनुसन्धान गर्ने क्रममा कुनै पनि विषयवस्तुको अध्ययन अनुसन्धान गर्दा अपनाइने तरिका वा प्रविधिलाई अनुसन्धान विधि भनिन्छ । यसको अध्ययन विषय र प्रकृति अनुसार फरक-फरक विधिमा आधारित हुन्छन् । प्रस्तुत 'सङ्कल्प' कथासङग्रहमा समाविष्ट कथाहरूको शैली वैज्ञानिक अध्ययन विश्लेषण गर्दा निम्न विधिहरू अवलम्बन गरिएको छ ।

### अनुसन्धानात्मक ढाँचा

प्रस्तुत शीर्षक *'सङ्कल्प'* कथासङग्रहमा समाविष्ट कथाहरूको शैली वैज्ञानिक अध्ययनलाई पुस्तकालयको माध्यमबाट अनुसन्धान गरिएको छ । यसमा पुस्तकालयमा गई पुस्तकको अध्ययन, विश्लेषण समीक्षा गरिएको छ । यस शोधकार्यमा *'सङ्कल्प'* कथासङ्ग्रहमा समाविष्ट कथाहरू आस्था/अनास्था, दिदी, भ्रम, रहस्य र नासो फिर्ता दिनु थियो, कथाको कथावस्तु, पात्र, चयन, विचलन, समानान्तरताका आधारमा शैली वैज्ञानिक अध्ययन गरिएको छ ।

### तथ्याङ्क सङ्कलन विधि

प्रस्तुत शीर्षक *'सङ्कल्प'* कथासङ्ग्रहमा समाविष्ट कथाहरूको शैली वैज्ञानिक अध्ययनलाई पूरा गर्न आवश्यक पर्ने तथ्याङ्कहरूको स्रोत सङ्कलन निम्न दुई तरिकाबाट गरिएको छ :

#### प्राथमिक स्रोत

*'सङ्कल्प'* कथा सङ्ग्रहमा समाविष्ट कथाहरूको शैली वैज्ञानिक अध्ययनलाई प्राथमिक स्रोतको रूपमा डिल्लीराज नेपालद्वारा रचना गरिएको *'सङ्कल्प'* कथा सङग्रहलाई लिइएको छ । यसैका आधारमा *'सङ्कल्प'* कथा सङ्ग्रहमा समाविष्ट कथाहरू आस्था/अनास्था, दिदी, भ्रम, रहस्य र नासो फिर्ता दिनु थियो कथाको शैली वैज्ञानिक अध्ययन विश्लेषण गरिएको छ ।

**द्वितीय स्रोत**

प्राथमिक स्रोतबाट सामग्री सङ्कलन गर्दा अपुग भएकाले द्वितीयक स्रोत सामग्री सङ्कलन गरिएको छ । त्यसका लागि 'सङ्कल्प' कथा सङ्ग्रहसँग सम्बन्धित विभिन्न लेखकहरूले लेखेका लेख रचनाहरूलाई अध्ययन सहयोगी सामग्री मानिएको छ । यसैगरी अध्ययन गरिने विषयसँग सम्बन्धित सन्दर्भ पुस्तकहरूको अध्ययन विश्लेषणलाई अध्ययनको स्रोत सामग्री बनाइएको छ । यस अनुसन्धान प्रतिवेदनलाई पूर्णता दिनका लागि विभिन्न व्यक्ति वा समूहले त्यसभन्दा अघि गरेका अध्ययन अनुसन्धान प्रतिवेदन प्रकाशित वा अप्रकाशित पूर्वकार्यहरूलाई अध्ययनको सामग्रीको रूपमा लिइएको छ ।

## तथ्याङ्क सङ्कलनका साधनहरू

प्रस्तुत शोधकार्यमा तथ्याङ्क सङ्कलन गर्दा विभिन्न साधनहरूको प्रयोग गरिएको छ । पुस्तकालयको माध्यमको अवलम्बन गरी तयार गरिने अनुसन्धानमा तथ्याङ्क सङकलन गर्न पाठपत्र, सूचीपत्र, टिपोटपत्र, तालिका आदि साधनहरूको प्रयोग गरिएको छ ।

## तथ्याङ्क विश्लेषण विधि

यस अनुसन्धान कार्यमा तथ्याङ्क सङ्कलन गरेर त्यसलाई व्यवस्थित गरी विश्लेषण गरिएको छ । विश्लेषण गर्ने क्रममा मूलतः वर्णनात्मक विधिलाई प्रयोग गरिएको छ । सङ्कलित सामग्रीहरूलाई भाषिक एवम् रचनात्मक शैली विज्ञानको विश्लेषणात्मक पद्धति अपनाएर अध्ययन विश्लेषण गरिएको छ ।

## अध्ययन विश्लेषण प्रक्रिया

तथ्याङ्क विश्लेषण अध्ययन अनुसन्धानको महत्वपूर्ण पक्ष हो । विभिन्न स्रोतहरूबाट जानकारीलाई व्याख्या विश्लेषण गरी अन्तिम निष्कर्षमा पुग्न सकिन्छ । यस अनुसन्धानलाई निश्चित उद्देश्य प्राप्ति र निष्कर्षमा पुऱ्याउन मुख्यतः पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीको अध्ययन विश्लेषणका कममा सैद्धान्तिक आधार तयार पार्न विभिन्न पाठ्यपुस्तक, शब्दकोश, प्रकाशित र अप्रकाशित शोधपत्रहका साथै कथासङ्ग्रह, त्यससँग सम्बन्धित अन्य टिपोटहरू पनि समावेश गरी सामग्री लिएको छ । सामग्री सङ्कलन गरी सकेपछि पुस्तकालयीय विधिलाई आधार बनाएर

अध्ययन विश्लेषण गरिएको छ । आवश्यकतानुसार रचनाकारसँग प्रत्यक्ष प्रश्नोत्तर गरी तयार गरिएको छ । प्रस्तुत शोधको मूल्याङ्कन गर्दा सङ्कल्पमा समाविष्ट कथाहरूको शैली वैज्ञानिक अध्ययन गरिएको छ ।

प्रस्तुत शोधपत्रमा सङ्कल्पमा समाविष्ट कथाहरूको कथानक, चरित्रचित्रणका कार्य, लिङ्ग, प्रवृत्ति, स्वभाव, सामाजिक सम्बन्ध, आसन्नता, आबद्धताका आधारमा वर्गीकरण गर्नुका साथै शैली विज्ञानका प्रमुख मान्यता चयन, विचलन र समानान्तरताका आधारमा विश्लेषण गरिएको छ ।

# अध्याय : चार

## 'सङ्कल्प' कथा सङ्ग्रहमा समाविष्ट कथाहरूको विश्लेषण

### 'आस्था/अनास्था' कथाको विश्लेषण

'आस्था/अनास्था' कथा डिल्लीराज नेपालद्वारा रचना गरिएको सामाजिक यथार्थवादी कथा हो । उनको रुचि क्षेत्र समाज भएकाले समाजमा घटेको अथार्थ घटनाहरूलाई आफ्नो कथाको विषयवस्तु बनाएका छन् । समाजमा पुरुषले महिलामाथि गरेको उत्पीडन र यातनाले गर्दा आफ्नो काखको सन्तान छोडेर घरबाट पलायन भई सन्तानको दुःखको अवस्था कस्तो हुन्छ भन्ने कुरामाथि कथाकारको पुष्टि भएको छ ।

यस कथामा समाजमा रहेको लैङ्गिक भेदभावले गर्दा आमा घरबाट निस्किएकी छिन् । जसले गर्दा आमाको मातृवियोगले सन्तानमा आएको पीडालाई यस कथामा प्रष्ट पारिएको छ । अर्को समाजमा रहेको सौतेनी आमाले जेठी पत्नीको सन्तानप्रति गरेको व्यवहार पनि देखाइएको छ । यस कथामा अन्धविश्वास, अन्याय र अशिक्षाले पिल्सिएका नेपाली नारीले भोगेका पीडा सहन नसकी यत्रतत्र अलपत्र भएका दुई मुठी मामको खोजीमा आप्रवासी हुनुपरेको यथार्थ घटनालाई यस कथामा डिकुरादेवी र मानवीरको भेटबाट प्रष्ट पारिएको छ ।

प्रस्तुत 'आस्था/अनास्था' कथा शिक्षाकै सेरोफेरोमा केन्द्रित छ । कथाकारले ग्रामीण जीवनसँग सम्बन्धित भावहरूलाई पात्र र घटनाद्वारा सजीव बनाउने जुन प्रयत्न गरेका छन् जसले समाजको ग्रामीण जीवनशैली प्रकट हुनुका साथै कथानकले पूर्णत यथार्थवादी रूप प्राप्त गरेको छ । कथानकको आदिदेखि अन्त्यसम्म नै यथार्थवाद रूप प्रदान गरेको छ । यस कथामा आफ्नी आमा घरबाट पलायन भएर मानवीरले दुःख पाएपछि प्रहरी जागिरमा घरबाट भाग्नाले पाएको कुरा र आफ्नो आमा मरेर आङ्गमा उत्रेको अन्धविश्वास आमासँग भेट हुँदा आफुले गरेको आस्था अनास्थामा परिणत भएको कुरा समेत कथामा उद्घाटन भएको पाइन्छ ।

**कथानक**


कथानक कथाको आधार वस्तु हो । यसले कथालाई एउटा घटनाक्रमको शृङ्खलामा मिलाएर कृतिलाई पूर्णता दिन्छ । यसमा आउने घटनाहरू कार्यकारण सम्बन्धद्वारा कसिएका

र व्यवस्थित गरिएका हुन्छन् । द्वन्द्व एवम् क्रियाव्यापारलाई समायोजन गर्दै कथाको मूल मर्मलाई सटिक ढङ्गमा प्रस्तुत गर्ने कथावस्तु कथाको प्राणतत्व हो ।


कथावस्तुलाई सुस्पष्ट गोरेटो प्रदान गर्ने कार्य कथावस्तुले गर्दछ । कथावस्तुमा उपयोग हुने घटनावलीहरूको कालक्रमिक शृङ्खलाहरूको ढाँचा तथा आदि, मध्य र अन्त्य भागको क्रमबद्ध प्रस्तुतिलाई कथानक भन्ने गरिन्छ ।

**कथानकको विकासक्रम**

कथानकको आङ्गिक विकास भनेको आदि, मध्य र अन्त्यको समुचित विन्यास हो । आङ्गिक दृष्टिले पूर्ण भएको कथानकमा आदि, मध्य र अन्त्यको अवस्था विकसित भएको हुन्छ । जसलाई निम्नानुसार देखाउन सकिन्छ :




उक्त कथानकको विकासक्रमलाई जर्मनेली समालोचक गुस्ताभ फ्लुवर्ट फ्रेटागले 'टेक्निक अफ द ड्रामा' (१८६३) भन्ने ग्रन्थमा कथानकको विकासक्रम (अवस्था) को उल्लेख गरेका छन् । फ्रेटागको सूचीस्तम्भ तलतिर फराकिलो र माथितिर साँघुरिएदै गएको छ । यसलाई फ्रेटागको पिरामिड भनिन्छ ।




फ्रेटागका अनुसार 'आस्था/अनास्था' कथाको कथानक विकासक्रमलाई निम्नानुसार देखाइन्छ :

**आरम्भ/चिनारी**

क) मानवीरको बावुको दमन उत्पीडन र यातना खप्न नसकी घरबाट एक्कासी हराउनु

ख) बाबु कर्णध्वजले लोकका निम्ति खोजेझैं थानामा जायरी दिनु

ग) डिकुरादेवी कतै फेला नपर्नु

**सङ्घर्ष विकास**

क) गाउँघरमा कर्णध्वजको कुरा काट्नु

ख) मानवीर मातृ वियोगले विक्षिप्त हुनु

ग) आमासँग सातो गयो भनेर धामीले सातो बोलाउनु

घ) मानवीर पनि अजङ्गको कुलको धामी बन्नु

**मध्य/चरम**

क) आमा हराएको महिना दिनपछि कान्छी आमा भित्राउनु

ख) कान्छी आमाको व्यवहारवाट वाक्क भएर ऊ पनि घरबाट निस्कनु

ग) छ महिनापछि प्रहरी जागिरमा लागेको कुरा थाहा पाउनु

घ) इमान्दारीपूर्वक प्रहरी सेवामा काम गरेका ८ वर्षपछि मानवीर हवल्दारमा बढुवा र सरुवा समेत हुनु

ङ) आसाम मेघालय बर्मा प्रवासबाट आएका नेपालीसँग भेट हुनु

**सङ्घर्षह्रास**

क) चौकीको छेवैमा सानो चिया पसल गरेर बसेकी (आधा शतक उमेर भएकी जस्ती) महिलासँग भेट हुनु

ख) त्यहीँ बिहान बेलुका नास्ता चिया गर्नु

ग) मानवीर महिला मेघालयबाट विस्तापित भइ पुनर्वास गरेको थाहा पाउनु

घ) लोग्नेको यातना खप्न नसकी घरबाट निस्केको कुरा थाहा पाउनु

ङ) एक-अर्कामा कुरा अन्तक्रियाबाट मानवीरले आफ्नी आमा चिन्नु र महिलाले पनि मानवीर छोरो हो भनी चिन्नु

च) आमा मुर्छा पर्नु र मानिसको भीड लाग्नु

**उपसंहार**

क) मानवीर दंशैमा घर नजाने भ्रममा रहे पनि दशमीको बेलुका घर पुग्नु

ख) बाबुले घर ढिलो आएकोमा गाली गर्नु

ग) पूजा कोठामा गएर पूजाआजा गर्न आदेश दिनु, कलश लात्तीले रछ्यानमा पुऱ्याउनु

घ) मानवीर उग्र भएर भुतभुताउनु र आफूलाई अन्धविश्वास राखेकोमा सबैलाई कुट्ने र मार्ने व्यवहार देखाउनु, शान्त भएर आफ्नी आमा भेटेको कुरा घरपरिवारमा बताउनु

**'आस्था/अनास्था' कथाको कथानकको तथ्याङ्क**

क) मानवीरको आमा कर्णध्वजको उत्पीडन र यातना खप्न नसकी घरबाट हराउनु

ख) कर्णध्वज पनि थानामा जायरी लेख्नु तर फेला नपर्नु, गाउँघरमा कर्णध्वजको कुरा काट्नु

ग) मानवीर मातृवियोगले विक्षिप्त भई दिनप्रतिदिन दुव्लाउनु, जान्नेलाई बोलाएर सातो बोलाउने कार्य औँशी र पूर्णेमामा धुपद्वार गर्नु

घ) मानवीर प्रहरीको जागिर खाए पनि दंशैको अष्टमीको राती विशेष पूजा आजा गर्नुपर्ने कुरा प्रति विश्वास रहनु

ङ) मानवीर जागिरकै क्रममा उनको मृत्यु भई सकेको आमासँग जीवितै भेटाउनु, जुन उसको अन्धविश्वासको आस्था अनास्थामा परिणत भएको कुरा उसको जीवनमा प्रयोग हुनु

च) मानवीर दंशैमा घर आइ रिसले मुर्मुराउँदै बाबुले आमाप्रति गरेको व्यवहारको भण्डाफोर गर्नु

तालिका नं. ४.१ : 'आस्था/अनास्था'कथाको पात्रहरूको शैली वैज्ञानिक तालिका

| क. स. | पात्रहरू | लिङ्ग | | स्वभाव | | कार्य | | प्रवृत्ति | | सामाजिक सम्बन्ध | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | स्त्री | स्थिर | गतिशील | प्रतिकूल | सहायक | अनुकूल | प्रतिनिधि | वैयक्तिक | वर्गीय | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १ | मानवीर | + | | | + | + | | + | | | + | + | | + | |
| २ | कर्णध्वज | + | | + | + | + | | | + | + | | + | | + | |
| ३ | डिकुरादेवी | | + | | + | + | | + | | | + | + | | + | |
| ४ | पुन्टे | + | | + | | | + | + | | + | | | + | | + |
| ५ | झाँक्री साइला | + | | | + | | + | | + | + | | | + | | + |

**'आस्था/अनास्था' कथाको चरित्र चित्रण विश्लेषण**

**चरित्र**

आख्यानमा पाइने व्यक्तिलाई पात्र भनिन्छ । पात्रहरू कतिपय नैतिक र अभिवृतीय गुणहरूले युक्त हुन्छन् । नैतिक र अभिवृत्तीय गुणले युक्त पात्रलाई नै चरित्र भनिन्छ (शर्मा, २०५९:११४) ।

कथामा सहभागी हुने मानवीय वा मानवेतर (व्यक्ति तथा पशुपन्क्षी) प्राणी चरित्रहरू नै पात्र हुन् (आचार्य, २०६६:१५४) ।

कथाभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ (बराल र एटम, २०६६:२७) ।

कथाको कथानकको क्रियाव्यापार प्रत्यक्ष रूपमा चरित्र वा पात्रसँग गाँसिएको हुनाले कथानकलाई आगाडि डोहोऱ्याएर लैजाने कार्यका लागि मानव वा मानवेतर चरित्रको मुख्य भूमिका रहेको हुन्छ । पात्र वा चरित्रले कथावस्तुमा रहेका समाज, संस्कृति, स्वभाव र मानव सभ्यतालाई सिङ्गो तस्विरमा देखाउँदछ ।

**पात्र वर्गीकरणको आधार**

पात्रका आधारहरूमा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, सामाजिक सम्बन्धका आधारमा आसन्नता र आबद्धता पर्दछन् ।

**लिङ्गका आधारमा**

कथामा चरित्रलाई प्राकृतिक रूपले फरक छुट्याउने पहिलो आधार नै लिङ्ग हो । लिङ्गका आधारमा स्त्री र पुरुष गरी पात्रलाई दुई भागमा विभाजन गरिन्छ । यसभित्र नायक, नायिका, सहनायक, सहनायिका, खलनायक आदि तौरतरिकाबाट पनि लिङ्ग छुट्याउन सकिन्छ ।

"पात्रको बाह्य वर्णन तथा शरीर, नामाकरण र तिनका स्वभाव एवम् प्रयुक्त कियापदबाट लिङ्ग छुट्याउन सकिन्छ" (बराल र एटम, २०६६:२९) ।

**कार्यका आधारमा**

कथामा पात्रले खेल्ने भूमिकाका आधारमा पात्रलाई मुख्य, सहायक र गौण गरी तीन भागमा छुट्याइन्छ । मुख्य पात्र कथाको केन्द्रित चरित्र हो । मुख्य पात्र मानवीर र कर्णध्वज रहेका छन् । सहायक पात्र कथाको केन्द्रीय पात्रलाई सहयोग गर्ने हो भने गौण पात्र न्यून कार्य गर्ने, कथामा नभए पनि फरक नपर्ने पात्र हो, जसमध्ये पुन्टे, झाँक्री साहिँला हुन् ।

**प्रवृत्तिका आधारमा**

यस कथामा अनूकुल र प्रतिकुल पात्र गरी दुई वर्गका रहेका छन् । कथाको कथा वस्तुमा जुन पात्रले सकारात्मक भूमिका खेलेर पाठकको सहानुभूति आर्जन गर्छन् त्यो अनुकूल चरित्र मानवीर हुन आउँछन् र जुन पात्रले नकारात्मक भूमिका खेलेर पाठकको चित्त दुखाउँछ त्यो प्रतिकूल चरित्र भएको पात्र कर्णध्वज हुन् ।

**स्वभावका आधारमा**

यस कथामा गतिशील र गतिहीन दुई स्वभावका पात्र रहेका छन् । कथाको कथानकमा वातावरणसँगै आफ्नो चरित्रलाई बदल्ने पात्र गतिशील पात्र मानवीर हुन् भने स्वभावमा परिवर्तन नहुने पात्र गतिहीन पात्र कर्णध्वज हुन् ।

**सामाजिक सम्बन्धका आधारमा**

कथामा सहभागी हुने पात्रले देखाएको सामाजिक सम्बन्धका आधारमा भनौ उसले खेलेको वैयक्तिक र प्रतिनिधिमूलक भूमिकाका आधारमा प्रकार छुट्याइएको हुन्छ । जुन पात्रले नितान्त आफ्ना निजी स्वभाव तथा वैयक्तिकताको प्रतिनिधित्व गर्दछ त्यो वैयक्तिक

पात्र कर्णध्वज हो भने जसले आफू बाहेक सिङ्गो सामाजिक वर्गको भूमिका निर्वाह गरी वर्गीय चरित्र देखाउँछ त्यो नै वर्गीय पात्र मानवीर हुन् ।

**आसन्नताका आधारमा**

यस आधारमा पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् । कथामा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने पात्रहरू मानवीर र कर्णध्वज हन् भने कथयिताले वा अन्य पात्रले नामोच्चारण गरेको पात्रहरू पुन्टे र झाँक्री साहिँला नेपथ्य हुन् । मञ्चीय पात्र वर्तमान बिन्दुमा र नेपथ्य पात्र पूर्वकालमा सक्रिय रहेका हुन्छन् ।

**आबद्धताको आधारमा**

कथाको कथानकसँग पात्रको सम्बन्ध गराइलाई आबद्धता भनिन्छ । यस आधारमा पात्रहरू बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । बद्ध पात्र मानवीर र कर्णध्वजलाई झिक्दा कथाको संरचना भत्किन्छ तर मुक्त पात्र पुन्टे र झाँक्री साहिँलालाई कथानकले त्यति स्थान नदिएको हुँदा तिनलाई झिक्दा पनि कथानकमा खासै हलचल उत्पन्न हुँदैन ।

**स्त्री पात्रहरू**

लिङ्गका आधारमा यस आस्था/अनास्था कथाका प्रमुख स्त्री पात्र डिकुरादेवी, कर्णध्वजकी कान्छी श्रीमती हुन् ।

**मुख्य स्त्री पात्रहरू**

यस आस्था/अनास्था कथाकी प्रमुख स्त्री पात्र डिकुरादेवी हुन् । यस कथाबाट डिकुरादेवी हुन् । यस कथाबाट डिकुरादेवीलाई झिकिदिँदा कथाको कथावस्तु अगाडि बढाउन सकिँदैन । डिकुरादेवी यस कथामा केन्द्रीय भूमिका खेलेकी छन् र उनलाई यस कथाकी प्रमुख स्त्री पात्र भनिन्छ ।

**अनुकूल स्त्री पात्रहरू**

यस आस्था/अनास्था कथाको अनुकूल स्त्री पात्र डिकुरादेवी नै हुन् । उनले यस कथाको कथानकलाई अगाडि बढाउने क्रममा सकारात्मक भूमिका खेलेकी छिन् ।

**गतिशील स्त्री पात्रहरू**

आस्था/अनास्था कथाको गतिशील पात्र डिकुरादेवी हुन् । उनी यस कथामा समय, परिस्थिति अनुकूल परिवर्तन हुन सकेकी छिन । त्यसैले यस कथाको गतिशील पात्र डिकुरादेवी हुन् ।

**बद्ध स्त्री पात्रहरू**

आस्था/अनास्था कथामा स्त्री पात्रका रूपमा डिकुरादेवी आएकी छिन् । जसलाई यस कथाबाट झिकिदिँदा कथा अपूर्ण हुन्छ र कथानक नै भताभुङ्ग हुन्छ । यसैले उनी यस कथाकी बद्ध स्त्री पात्र हुन् ।

**मञ्चीय स्त्री पात्रहरू**

आस्था/अनास्था कथामा धेरै स्त्री पात्रहरू छैनन् । यस कथाको मञ्चीय स्त्री पात्र डिकुरादेवी हुन् । उनको प्रत्यक्ष संलग्नताका आधारमा कथावस्तु अगाडि बढाइएको छ ।

## 'दिदी' कथाको विश्लेषण

'दिदी' कथा एक मानवतावादी कथा हो । कथाकारले यस कथामार्फत मानवमा रहनुपर्ने कुराहरू सबै सामू प्रस्तुत गर्न खोजेका छन् । यो कथामा हिड्न नसक्ने अवस्थामा रहेको बिरामीप्रति गरेको व्यवहार देखाएको सहानुभूति दिदीले भाइको हेरविचार र भाइको स्वास्थ्यमा चांडै सुधार होस भन्ने कामना गर्नु । हस्पिटलमा अप्रेसन अघि र पछि पनि सँगै बसी चिन्तित रहनु । भाइको होस आएपछि तातो दूध र फलफूल साथमा लिइ भेना र भान्जी चिनाउदै बिदा माघेर शीघ्र स्वास्थ्य कामना गर्नु भएको कुरा यस कथाका माध्यमबाट मानवले मानवप्रति गर्नु पर्ने व्यवहार हाम्रा सामु प्रस्तुत गर्नुभएको छ ।

यस कथामा मान्छेका रक्षकहरू नै मान्छेका भक्षक भएका छन् । दिदीप्रति मानवीय व्यवहारबाट मानवतावादी शिक्षा प्रदान गरेको छ भने संसारमा अझैं पनि मानवताको खाँचो छ जुन यस कथामा दिदीले एउटै कोखका नभए पनि मानवले मानवप्रति गर्नुपर्ने दायित्व सम्पूर्ण मानव जातिमा हुनुपर्ने कुरालाई देखाइएको छ ।

फ्रेटागका अनुसार 'दिदी' कथाको कथानकको विकासक्रमलाई निम्नानुसार देखाइन्छः

**आरम्भ/चिनारी**

क) कथाकार म पात्रको दुवैखुट्टा नचल्ने गरी घप्लक्क जमिनमा ढल्नु

ख) सिलिगुढीतिर लादै गरेको अवस्थामा विर्तामोड पुगेपछि बङ्गाल बन्दको खबरले मेची हस्पिटलमा भर्ना हुनु

ग) आर.के.सर र ससुराबाले सिलिगुढी हिलकार्ट रोडको डाक्टर केसी मोहपाल च्याम्बरमा पुऱ्याउनु

**सङ्घर्ष विकास**

क) ७ दिनपछि हस्पिटलमा राख्दा पनि आराम नहुनुले माइलो ग्राम, भिडियो एक्स रे, सि.टी.स्क्यानले जोगीको अवस्था बनाउनु

ख) रिपोर्टको अन्तिम विकल्प मेजर अप्रेसन बताउनु

ग) अप्रेसनको लागि ४ पोका रगत र रु.५०,००० धरौटी राख्न भन्नु

**मध्य/चरम**

क) अप्रेसनको अघिल्लो दिन सबै हताश मनस्थितिमा ससुराबाले एक अधवैसे युवतीलाई चिनाउनु

ख) महिलाले भाइको सम्बोधन गरी उपचार सफल हुने कुरा गर्दै मेरो सरसफाइमा लागेर हार्दिकता र आत्मीयता दिनु

ग) दिदीको हेरविचारसँगै डाक्टरमा आएको परिवर्तनले नमर्ने आत्मविश्वास पलाउनु

घ) उनी एक परोपकार अस्पतालकी स्वास्थ्यकर्मी नर्स भएकाले अप्रेसनपछिको सम्पूर्ण हेरविचारका कुरा बताउनु

ङ) साँझको ७ बज्न लाग्दा अप्रेसन थिएटरमा लाने तयारी गर्नु

च) दिदीले अगरबती सल्काएर घुमाउदै मेरो भाइको शीघ्र स्वास्थ्य लाभ होस भनी आँखामा आँसु पारेर ढोकासम्म पुऱ्याइ Best of Luck भन्नु

**सङ्घर्षह्रास**

क) ६ घण्टा लामो अप्रेसन थिएटरबाट I.C.U. मा राख्नु

ख) दिदी तथा सबै परिवार रातभरि अप्रेसन सफल भएको खबर नल्याउन्जेल चिन्तित हुनु

ग) १२ घण्टा पछि अचेत अवस्थामा बर्बराउँदो र खुट्टा फ्याक्ने व्यवहार सम्हाल्नु

घ) २४ घण्टापछि General Ward मा सारेपछि हातमा तातो दुध र फलफूल साथमा लिइ सानी बच्ची र अधवैंशे पुरुष देखा पर्नु

ङ) मायालु स्वरमा कस्तो छ भाइ तिमीलाई भन्नु

च) दिदी आँसु झार्दै मेरो डुयुटी ज्वाइन्ट गर्नुपरे पनि तिमीसँग बिदा नमागी मनले पटक्कै मानेन तिम्रो भेना र भान्जीलाई लिएर आएको कुरा बताउनु

छ) भेना र भान्जीलाई देखाउँदै तिम्रो भारतीय रिजर्भ बैङ्कमा काम गर्छ

भान्जी क्लास टु मा पढ्छे भनेर बताउनु

**उपसंहार**

क) दिदीले कोल्टे पारेर सुताइ निदाउन आग्रह गर्नु

ख) निद्रापछि दिदीले मसँग बिदा माग्दै शीघ्र स्वास्थ्य लाभको कामना गर्दै आफ्नो घरतिर आउन निम्ता गर्नु

ग) आफूले मनमनै कृतज्ञताज्ञापन गर्नु

घ) दिदी भेनाको ठेगाना र फोन नं. औषधी बिलमा लेखेर दिए पनि बिल तिर्न जाँदा हराउनु

ङ) मेरो दिदी मेरो मानसपटलमा सदाका लागि बस्नु

तालिका नं. ४.२ : 'दिदी' कथाका पात्रहरूको शैली वैज्ञानिक तालिका

| क.स. | पात्रहरू | लिङ्ग | | स्वभाव | | कार्य | | प्रवृत्ति | | सामाजिक सम्बन्ध | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | स्थिर | गति. | प्र. | सहा. | अनु. | प्रति. | व्य. | वर्गीय | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १ | म | + | | | + | + | | + | | | + | + | | + | |
| २ | दिदी | | + | | + | + | | + | | | + | + | | + | |
| ३ | ससुराबा | + | | | + | | + | + | | | + | + | | + | |
| ४ | डाक्टर | + | | | + | | + | + | | | + | + | | + | |
| ५ | भान्जी | | + | + | | | + | + | | + | | | + | | + |
| ६ | भेना | + | | + | | | + | + | | + | | | + | | + |

## चरित्र/पात्र तालिकाको विश्लेषण

### पुरुष पात्र

लिङ्गका आधारमा यस 'दिदी' कथाका पुरुष पात्रहरू थोरै छन् जस्तै : म पात्र, ससुराबा र डाक्टर यस कथाका पुरुष पात्रहरू हुन् ।

### म पात्र

'दिदी' कथाको मुख्य भूमिका निर्वाह गर्ने पात्र वा यी पात्रहरूलाई झिकिदिँदा कथा नै नहुने पात्रहरू हुन् । यस दिदी कथाको मुख्य पुरुष पात्र म पात्र हो । म पात्रले कथाको

प्रमुख भूमिका खेलेको पाइन्छ । जुन म पात्र यस कथामा नहुने हो भने कथाको कथानक अघि बढ्न सक्दैन । म यस कथाको केन्द्रीय भूमिका खेलेको हुनाले यस कथाको प्रमुख पुरुष पात्र हो ।

**ससुरा बा**

'दिदी' कथाको प्रमुख भूमिका निभाउने पात्रहरूमा ससुरा बा पनि हो । ससुराबाले यस कथाको कथानकलाई अगाडि बढाउन सहयोग गरेको छ । यस कथामा गोपालले केन्द्रीय भूमिका खेलेको छ ।

**सहायक प्रमुख पात्रहरू**

यस 'दिदी' कथामा सहायक प्रमुख पुरुषहरू त्यति पात्रहरू नभए पनि डाक्टर र भेना जस्ता पात्रहरू सहायक प्रमुख भूमिका निभाएका छन् । यस 'दिदी'ले भरपुर मात्रामा सहयोग पुऱ्याउने काम गरेका छन् ।

**अनुकूल पुरुष पात्रहरू**

अनुकूल पात्रहरू ती हुन् जो कथाको कथानकलाई अगाडि बढाउँन सकारात्मक भएका छन् । जसले गर्दा कथाबाट केही राम्रा कुराहरू सिकाउन खोजिएको छ । यस कथाको 'म' पात्र अनुकूल पात्र हो जसको भूमिकाले समाजलाई सकारात्मक सन्देश दिन खोजेको छ ।

**प्रतिकूल प्रमुख पात्रहरू**

यस 'दिदी' कथामा प्रतिकूल प्रमुख पात्रहरू रहेको पाइँदैन ।

**स्थिर पुरुष पात्रहरू**

'दिदी' कथाको स्थिर पात्रको रूपमा भेना रहेको छ । उसले दिदीले चिनजान गरिदिए पनि केही भूमिका निभाएका छैनन् ।

**गतिशील पुरुष पात्रहरू**

यस 'दिदी' कथाको गतिशील पुरुष पात्रका रूपमा 'म' पात्र देखिएको छ । उसको दुवै खुट्टा नचल्ने भएपछि उपचारका क्रममा सिलिगुढीको रिपोर्टले बनाइएको मानसिक तनाव भएपछि दिदीसँगको भेटघाटले उसलाई बाँच्ने आश्वासनसँगै आएको मानसिक

परिवर्तनले म बाँच्छु भन्ने आवाश भएको छ । त्यसैले यस अथाको म पात्र गतिशील पुरुष पात्र हो ।

**मञ्चीय पुरुष पात्रहरू**

कथानकमा बाँधिएका र कार्यव्यापारमा समेत प्रत्यक्ष संलग्न रहेका पात्रहरूलाई मञ्चीय पात्र भनिन्छ । यस कथामा प्रयोग भएको म पात्र, डाक्टर, ससुरा बा मञ्चीय पात्रहरू हुन् । जसको भूमिका निर्वाह प्रत्यक्ष संलग्नताको आधारमा भएको छ ।

**नेपथ्य पुरुष पात्रहरू**

'दिदी' कथाको नेपथ्य पात्रको रूपमा दिदीको श्रीमानका रूपमा भेना आएको छ । यो पात्रको कथामा प्रत्यक्ष भूमिका भएको छैन ।

**बद्ध पुरुष पात्रहरू**

जुन पात्रहरूलाई झिकिदिँदा कथाको संरचना नै भताभुङ्ग हुन्छ त्यस्ता पात्रहरूलाई बद्ध पात्र भनिन्छ । यस कथाको बद्ध पुरुष पात्र भनेको म पात्र र ससुराबा हुन् । यस कथाको म पात्र र ससुराबालाई झिकिदिने हो भने कथानक नै टुङ्गिन्छ र कथा अगाडि बढाउन सकिँदैन ।

**स्त्री पात्रहरू**

लिङ्गका आधारमा यस 'दिदी' कथामा प्रमुख स्त्री पात्र दिदी आएकी छिन् ।

**मुख्य स्त्री पात्रहरू**

यस 'दिदी' कथाकी प्रमुख स्त्री पात्र दिदी हुन् । यस कथाबाट दिदीलाई झिकिदिँदा कथाको कथावस्तु अगाडि बढाउन सकिँदैन । दिदीले यस कथामा केन्द्रीय भूमिका खेलेकी छन् र उनलाई यस कथाकी प्रमुख स्त्री पात्र मानिन्छ ।

**अनुकूल स्त्री पात्रहरू**

यस 'दिदी' कथाको अनुकूल स्त्री पात्र दिदी नै हुन् । उनले यस कथाको कथानकलाई अगाडि बढाउने क्रममा सकारात्मक भूमिका खेलेकी छिन् ।

**स्थिर स्त्री पात्रहरू**

'दिदी' कथाको स्थिर पात्रहरू आएका छैनन् । यस कथामा समय, परिस्थिति अनुकूल परिवर्तन हुन सक्ने पात्रहरू सबै आएका छन् ।

**प्रतिनिधि स्त्री पात्रहरू**

यस 'दिदी' कथाकी प्रतिनिधि स्त्री पात्र दिदी आएकी छिन् । यस कथामा समाजमा रहेको अमानवीय व्यवहार तिखो व्यङ्ग्य प्रस्तुत गरेकी छिन् । यस कथाका माध्यमले एउटै कोखका नभएपनि मानवप्रति गरेको मानवीय व्यवहारले दिदीले आफूले गरेको व्यवहारले सिङ्गो विश्वव्यापी रूपमा मानवताको भावना रहनुपर्छ भन्ने सन्देश यस कथाकी दिदीले दिनुभएको छ । त्यसैले यस 'दिदी' कथामा आएकी दिदी प्रतिनिधि स्त्री पात्र हुन आएकी छिन् ।

**बद्ध स्त्री पात्रहरू**

'दिदी' कथामा बद्ध स्त्री पात्रका रूपमा दिदी आएकी छिन् । जसलाई यस कथाबाट झिकिदिँदा कथा अपूर्ण हुन्छ र कथानक नै भताभुङ्ग हुछ । यसैले उनी यस कथाकी बद्ध स्त्री पात्र हुन् ।

**मञ्चीय स्त्री पात्रहरू**

'दिदी' कथामा धेरै स्त्री पात्रहरू छैनन् । यस कथाको मञ्चीय स्त्री पात्र दिदी नै हुन् । उनको प्रत्यक्ष संलग्नताका आधारमा कथावस्तु अगाडि बढाइएको छ ।

## 'रहस्य' कथाको विश्लेषण

'रहस्य' कथा डिल्लीराज नेपालद्वारा रचिएको सामाजिक अति यथार्थवादी वा स्वैरकल्पनात्मक कथा हो । उनले यस कथामा समाजमा हुन नसक्ने असम्भव कुरालाई यस कथामा प्रस्तुत गरेर कथानकलाई अगाडि बढाइएको छ । प्राणघातक रोग क्यान्सर बिरामी जुन समाजको भन्दा चिकित्साविज्ञानका ज्ञाताहरूले भेउ नपाएको कुरालाई देखाइएको छ । डाक्टरद्वारा १५ दिनको अवधि तोकी मृत्युको मिति घोषणा गरेको क्यान्सरपीडित बालकले राम्ररी चुस्तै चवाएर उखु खाने गरेकैले उसको मृत्यु टरेको देखाइएको छ । चिकित्साविज्ञानका लागि यो प्रकृतिको एउटा रहस्य हो भन्ने कुरा यसले देखाउँछ । अनुसन्धानको खाँचो बोध गराइएको छ । प्रस्तुत 'रहस्य' कथाले डाक्टरको रिपोटभन्दा

आत्मबल बलियो हुन्छ जुन यस कथाले स्पष्ट पार्न खोजिएको छ। यस कथाले शिक्षाको केन्द्रबिन्दु समाजको यथार्थभन्दा टाढा रहेर अतियथार्थ कुरालाई देखाउन खोजिएको छ। त्यसैले यस कथामा प्रस्तुत कथानकले पाठकवर्गलाई मनोरञ्जन प्रदान गर्ने मनोबल मात्र देखाइएको छ।

फ्रेटागका अनुसार 'रहस्य' कथाको कथानकको विकासक्रमलाई निम्न अनुसार देखाइन्छ

**आरम्भ/चिनारी**

क) पूर्णसिंहको भतिज लछु कक्षा १० मा पढ्दै एकास्सी बिरामी पर्नु

ख) डाक्टरले क्यान्सरको शङ्का गर्नु

ग) पूर्णसिंह लछुलाई भेलोर लगी राम्रो उपचार गर्नका लागि शान्ति सेनाबाट फर्किएको रकमबाट गर्न चाहनु

**सङ्घर्ष विकास**

क) लछुलाई भेलोर लानका लागि तयारी गर्नु

ख) ७ दिनपछि भेलोर पुऱ्याई उपचार शुरु हुनु

ग) डाक्टरी रिपोर्ट अनुसार बाँच्न सम्भव नहुनु र बढीमा १५ दिनसम्म बाँच्न सक्ने सङ्केत बताइ घर फर्काउनु

घ) पुनः चित्त नबुझेकोले जोगमुनि हुँदै विराटनगरबाट मूतिढुङ्गा पुग्नु

**मध्य/चरम**

क) बिरामी नबाँच्ने सङ्केत पाएपछि बिरामीले मागेको चिज दिदैं बाँच्ने आस्वासन बाँड्दै घर फर्किनु

ख) फलफूलमा बिरामीलाई मनपर्ने उखु अघाउन्जेल खुवाउनु

ग) उखु खाएपछि लछुको अनुहारमा एक प्रकारको चमत्कार हुनु

घ) विगतको परीक्षणका आधार मान्दा लक्षण अनुसार कुनै बेलाको विष पनि अमृत बनेको थाहा पाउनु

ङ) लछुको सुधारले पूर्णसिँहलाई आत्मबल ल्याउनु, ऊ पूनः उपचार गर्न भेलोर पुऱ्याउनु

**सङ्घर्ष ह्रास**

क) भेलोरमा क्यान्सरले सकेको बिरामी मृत्युसँग बाँच्ने समय खोसेर देखा परेकोले डाक्टरका लागि खोजको विषय बन्नु

ख) बिरामीको खाने, बस्ने, लगाएको लुगादेखि लिएर सम्पूर्ण वस्तुप्रति अनुसन्धान शुरु गर्नु

ग) लछ्छु चिकित्सक टोलीको शोधनायक बन्नु

घ) लछ्छुको जन्मदेखि आजसम्म सम्पर्कमा रहेको सम्पूर्ण विषयको विस्तृत रिपोर्ट तयार हुनु

**उपसंहार**

क) लछ्छु दिनहु डाक्टरको निगरानीमा रहनु

ख) बिरामी निकै सुधार भएको ठान्नु र उसले इच्छाएको यावत् वस्तु खान दिनु

ग) डाक्टरको निगरानी अनुसार मनपर्ने वस्तु नै कालो गेवरा उखु हुनु

घ) लछ्छुको सुधारले त्यही वर्षको एस.एल.सी.परीक्षा दिने ढिपीले डाक्टरको समूहमा रही परीक्षामा सामेल हुनु

ङ) प्रथम श्रेणीमा उत्तीर्ण हुनु

च) यस सूचनाले सबैभन्दा खुसी काका पूर्णसिंह हुनु

छ) लछ्छु भेलोरमा बसेको ५/६ वर्ष हुनु र अहिले डाक्टरी पढ्दै गरेको गाउँलेहरू बताउनु

**'रहस्य' कथाको कथानक विश्लेषण**

क) पूर्णसिंहको भतिज लछ्छु एक्कासी बिरामी पर्नु

ख) डाक्टरले क्यान्सरको शङ्का गर्नु

ग) शान्ति सेनाबाट फर्केको रकमले भेलोर लगी उपचार गर्ने निधो गर्नु

घ) ६/७ दिनमा लछ्छुलाई भेलोर पुऱ्याउनु र डाक्टरले बिरामी धेरै दिन नबाँच्ने अवस्था बताउनु

ङ) परिवारलाई चित्त नबुझी विराटनगर हुँदै मूतिढुङ्गा पुऱ्याउनु

च) त्यहाँबाट घर फर्काउनु आदेश पाएपछि निराश हुँदै बिरामीलाई इच्छाएको खानेकुरा खान दिन थाल्नु

छ) बिरामीलाई मनपर्ने उखु बढी मात्रामा चुस्नाले अनुहारमा चमक आउनाले लछ्छु बाँच्ने आशमा आउनु

ज) पुनः लछ्छुलाई भेलोर पुऱ्याउदा डाक्टरले पनि अचम्म मान्दै उसको विषयमाथि खोजी नीति गर्नु

झ) अहिले लछ्छु डाक्टर पढ्दैछ भनेर गाउँलेहरूले बताउनु

तालिका नं. ४.३ : 'रहस्य' कथाका पात्रहरूको शैली वैज्ञानिक अध्ययन

| क्र. स. | पात्रहरू | लिङ्ग | | स्वभाव | | कार्य | | प्रवृत्ति | | सामाजिक सम्बन्ध | | आसन्नता | | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | स्थिर | गति. | प्र. | सहा. | अनु. | प्रति. | वै. | वर्गी. | मञ्च | सूच्य | नेपथ्य | बद्ध | मुक्त |
| १ | पूर्णसिंह | + | | | + | + | | + | | | + | + | | | + | |
| २ | लालबहादुर | + | | + | | | + | + | | + | | | | + | | + |
| ३ | लछु | + | | | + | + | | + | | | + | + | | | + | |
| ४ | डाक्टर | + | | | + | | + | + | | | + | + | | | + | |

## चरित्र/पात्र तालिकाको विश्लेषण

### पुरुष पात्र

लिङ्गका आधारमा यस 'रहस्य' कथाका पुरुष पात्रहरू थोरै छन् जस्तै पूर्णसिंह, लछु, लालबहादुर र डाक्टर यस कथाका पुरुष पात्रहरू हुन् ।

### मुख्य पुरुष पात्रहरू

### लछु

'रहस्य' कथाको मुख्य भूमिका निर्वाह गर्ने पात्र वा यी पात्रहरूलाई झिकिदिँदा कथा नै नहुने पात्रहरू हुन् । यस रहस्य कथाको मुख्य पुरुष पात्र लछु हो । लछुले कथाको प्रमुख भूमिका खेलेको पाइन्छ । जुन लछु यस कथामा नहुने हो भने कथाको कथानक अघि बढ्न सक्दैन । लछुले यस कथाको केन्द्रीय भूमिका खेलेको हुनाले यस कथाको प्रमुख पुरुष पात्र हो ।

### पूर्णसिंह

पूर्णसिंह पनि 'रहस्य' कथाको प्रमुख भूमिका निर्वाह गर्ने पात्र हो । पूर्णसिंहले यस कथाको कथानकलाई अगाडि बढाउन सहयोग गरेको छ । यस कथामा पूर्णसिंहले केन्द्रीय भूमिका खेलेको छ ।

### डाक्टर

डाक्टर पनि 'रहस्य' कथाको प्रमुख भूमिका निभाएको छ । डाक्टरले यस कथाको कथानकलाई अगाडि बढाउन सहयोग गरेको छ । यस कथामा सुरुदेखि अन्त्यसम्म भूमिका निभाएकाले डाक्टरलाई यस कथामा प्रमुख पात्रको रूपमा लिन सकिन्छ ।

**अनुकूल पुरुष पात्रहरू**

अनुकूल पुरुष पात्रहरू ती हुन जो कथाको कथानकलाई अगाडि बढाउँदा सकारात्मक भएका छन् । जसले गर्दा कथाबाट केही राम्रा कुराहरू सिकाउन खोजिएको छ । यस कथाको लछु, पूर्णसिंह र डाक्टरलाई अनुकूल पात्रका रूपमा लिन सकिन्छ । जसको भूमिकाले समाजलाई सकारात्मक सन्देश दिन खोजेको छ ।

**प्रतिकूल पुरुष पात्रहरू**

यस 'रहस्य' कथामा कुनै पनि प्रतिकूल पात्रहरू छैनन् । जसले यस कथामा कथावस्तुलाई अगाडि बढाउन नकारात्मक भूमिका निर्वाह गर्दछ ।

**स्थिर पुरुष पात्रहरू**

'रहस्य' कथाको स्थिर पात्रको रूपमा लालबहादुर रहेको छ । उसले लछुको पिता भएपनि मौन सम्मति जनाएपनि परिवारप्रति त्यति जिम्मेवारी देखाएका छैनन् । लछु बिरामी भएपनि कुनै पनि किसिमको प्रतिकृया देखाएका छैनन् ।

**गतिशील पुरुष पात्रहरू**

यस 'रहस्य' कथाको गतिशील पुरुष पात्रका रूपमा लछु र पूर्णसिंहलाई देखाइएको छ । यसमा लछु क्यान्सर बिरामी भएपनि ऊ आफू खुसी छ र आफूलाई मनपर्ने खानेकुरा संधै मन थाकुञ्जेल खाएर बिरामी सुधार गरेर मृत्युको मुखबाट फर्किएर कथानकलाई अर्कै मोड ल्याउने काम गरेको छ । त्यसैगरी पूर्णसिंह पनि क्यान्सर लागेको भतिजा लछुलाई आफ्नो शान्ति सेनाबाट आएको पैसाबाट उपचार गर्नका लागि भेलोर तथा विराटनगर जस्ता ठाउँमा लगी उपचार गर्ने तरखर गरेकाले उसलाई पनि गतिशील पुरुष पात्रका रूपमा लिन सकिन्छ । त्यसैले यी दुवै पात्रहरूलाई 'रहस्य' कथाको गतिशील पात्रका रूपमा लिन सकिन्छ ।

**मञ्चीय पुरुष पात्रहरू**

कथानकमा बाँधिएका र कार्यव्यापारमा समेत प्रत्यक्ष संलग्न रहेका पात्रहरूलाई मञ्चीय पात्र भनिन्छ । यस कथामा प्रयोग भएका लछु, डाक्टर र पूर्णसिंह मञ्चीय पात्रहरू हुन् । जसको भूमिका निर्वाह प्रत्यक्ष संलग्नताको आधारमा भएको छ ।

**नेपथ्य पुरुष पात्रहरू**

'रहस्य' कथाको नेपथ्य पात्रको रूपमा लालबहादुर वा (लछुको पिता) आएको छ। यी पात्रको कथामा प्रत्यक्ष भूमिका भएको छैन।

**बद्ध पुरुष पात्रहरू**

जुन पात्रहरूलाई झिकिदिँदा कथाको संरचना नै भताभुङ्ग हुन्छ। त्यस्ता पात्रहरूलाई बद्ध पात्र भनिन्छ। यस कथाको बद्ध पुरुष पात्र भनेका लछु, डाक्टर र पूर्णसिंह हुन्। यस कथाको लछु र डाक्टरलाई झिकिदिने हो भने कथानक नै टुङ्गिन्छ र कथा अगाडि बढाउन सकिँदैन।

**स्त्री पात्रहरू**

लिङ्गका अनुसार 'रहस्य' कथामा प्रमुख स्त्री पात्रहरू देखाएका छैनन्।

## 'भ्रम' कथाको विश्लेषण

'भ्रम' कथा एक सामाजिक यथार्थवादी कथा हो। कथाकारले यस कथामार्फत समाजमा घटेका घटनाहरूलाई यथार्थ रूपमा उतार्न खोजेका छन्। यो कथा शिक्षाको सेरोफेरोमा केन्द्रित रहेको छ। यस कथाको मुख्यपात्र स्वयम् उभिएर कथानकलाई अगाडि सार्ने काम गरेका छन्। यस कथामा भूतको भ्रमलाई विषयवस्तु बनाएर समाजमा भइरहेको भूत सम्बन्धी समस्याले पुऱ्याएको असरबारे जनसक्षमसामू पुऱ्याउने जमर्को गरेका छन्। यस कथामा कथाकार स्वयम् आत्मसंस्मरणात्मक शैलीमा रचिएर कथालाई अगाडि बढाएका छन्। प्रस्तुत कथामा कथाकार अभ्यास शिक्षणको क्रममा इटाभट्टा नि.मा.वि.लाई सहयोगी विद्यालय मानि शिक्षणको अन्तिम दिन सकेर ८ बजे राति घर आउने क्रममा रतुवा खोला पारि रूखको ६ फिट जति सेतो रङले पोतिएको दृश्य हेरेर मनमा भ्रम उत्पन्न भइ उसमा भएको आलपविलापवारे वर्णन गरी वास्तविकतातिर थाहा पाइ मनमा भूतको भ्रम मात्र हो। भूत कसैले देखेका छैनन् र भूतपनि छैन। केवल मनमा बसेको भ्रम मात्र हो। त्यसैले यस कथाबाट कुनै पनि कुराको वास्तविकता खोजी गरेर मात्र निर्णयमा पुग्न बेस हुन्छ नभै भ्रमले मानिसलाई 'वनको बाघले नखाएपनि मनको बाघले खान्छ' भन्ने उखानसँग मिल्न गई मानिस खोको भएर जानाले कुनै पनि काम अगाडि नबढ्ने सन्देश यस कथाको माध्यमबाट दिन खोजिएको छ। यस कथामा सघन रूपमा पाइए पनि यिनमा कथानक झिनो रूपमा मात्र पाइन्छ। कथाकार समाख्याताका रूपमा र स्वयम् भोक्ताका रूपमा

आएका छन् । यसैले यिनको कथात्मक मुल्य कम र निबन्धात्मक मूल्य अधिक छ । यद्यपि यिनमा कथाको तात्विकता नभएको भने होइन । कथाकार यहाँ पात्रका रूपमा स्वयम् कथाकार उभिएर घटनाहरूलाई उपभोग गरेका छन् । त्यसैले यस कथाका माध्यमबाट वास्तविकता पत्ता लगाइ मात्र निर्णयमा पुग्नु सफलताको बाटो हो भन्ने सन्देश दिन खोजेका छन् ।

फ्रेटागका अनुसार 'भ्रम' कथाको कथानकको विकासक्रमलाई निम्नानुसार देखाइन्छ :

**आरम्भ/चिनारी**

क) अभ्यास शिक्षणको अन्तिम दिन कार्यक्रम समाप्त गरी डेरा प्रस्थान गर्ने क्रममा साझको ८ बजे रतुवा खोलामा पुग्नु

ख) बिहान विद्यालयर्फ जाँदै गर्दा लासको अग्नि संस्कार गरेको देख्नु

ग) बिहानको परिदृश्य नजरमा नाच्नाले मनमा मन पैदा हुनुले गोडाले साइकलको पाइडल मार्न छाड्नु

घ) शरीरमा कम्पन भई हातपाउ चिसो हुँदै जानु

**सङ्घर्ष विकास**

क) कथाकारको मन होशमा नभएको महसुस गर्नु

ख) आधा घण्टा अर्धपागलजस्ता अवस्था बितेपछि उज्योलो छर्दै एउटा जीप आउनु

ग) यसबाट तनमा ताजा रक्तसञ्चालन गरेको अनुभव हुनु

घ) आँखा झिमिक्क नगरी अघि बढ्नु

**मध्य/चरम**

क) साइकल सकैसाथ उठाउँदै कुदाउने साहस नभई डोऱ्याउँदै अघि बढ्नु

ख) पुल पार गरी सेतो लहरलाई राम्ररी नियालेर हेर्नु

ग) संयोगवश अर्को भेनपनि आउनाले दुवैतर्फ आएको उज्यालोले सेतो ताँती हेर्ने मौका मिल्नु

**सङ्घर्षह्रास**

क) हेर्दा बाटाका दुवै तर्फ रोपिएका सिसौका रुखमा ६ फिट जति चुनाले पोतिएको रहनु

ख) यो देख्नासाथ भूतको डर भागी मन दह्रो पार्नु

ग) वास्तवमा पोतिएको रुख नै अध्याँरोमा सेतो लहर देखिएको थाहा पाउनु

घ) शरीर तातेर भूतको भ्रम हटेर ९ बजे तिर वासमा पुग्नु

**उपसंहार**

क) बुढापाकाले भनेका भूतको कथा सब मनभडन्ते र ठगी खाने कुरा हुनु

ख) कसैले भूतको कुरा गरे समातेर राख्न र कसैले देखाएमा लाखौं रूपैयाँ दिने भन्नु तर कसैले देखाउन नसक्नु कुराको निधोमा पुग्नु

ग) पहिले मन डराए पनि पछि गुरुका कुरा सम्झी आत्मवल पलाइ र दुर्वतर्फवाट आएको गाडीको सहाराले वास्तविकता पत्ता लाग्यो र अगाडि देखिएको दृश्य मन डराउँदाको भ्रान्ति मात्र हो भनी बताउँदै मन शान्ति हुनु

**'भ्रम' कथाको कथानक तथ्याङ्क**

क) रतुवा खोलामा एउटा लास अग्नि संस्कार गरेको देख्नु

ख) कार्यक्रमको बिदाई पश्चात पुलमा ८ बजेतिर पुग्नु

ग) बिहानको दृश्य आँखामा नाँच्नु

घ) मनमा डर पैदा उत्पन्न भइ ऊ अर्धपागल जस्तो भइ होशमा नभए जस्तो लाग्नु

ङ) केही बेरमा उज्याँलो छर्दै एउटा जीप आउनु

च) आत्मबल बलियो बनाइ अघि बढ्नु

छ) संयोगवश अर्को भेनको उज्यालोले सेतो लहर हेर्ने मौका मिली नियालेर हेर्नु

ज) हेर्दा रुखको ६ फिट जति सेतो रङ्गले पोतिएको देख्नु

झ) भूतको भ्रम हटाई वास्तविकता खोज्ने कुराको निर्णय लिनु

तालिका नं. ४.४ : 'भ्रम' कथाका पात्रहरूको शैली वैज्ञानिक अध्ययन

| क. स. | पात्रहरू | लिङ्ग | | | स्वभाव | | कार्य | | प्रवृत्ति | | सामाजिक सम्बन्ध | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | नपु. | स्थिर | गति. | प्र. | सहा. | अनु. | प्रति. | वै. | वर्गीय | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १ | कथाकार | + | | | | + | + | | + | | | + | + | | + | |
| २ | जीप/भेन | | | + | + | | | + | + | | + | | | + | | + |

**चरित्र/पात्र तालिकाको विश्लेषण**

**पुरुष पात्र**

लिङ्गका आधारमा यस 'भ्रम' कथाका पुरुष पात्रहरू स्वयम् कथाकार नै उभिएका छन् ।

**मुख्य पुरुष पात्र**

**कथाकार**

'भ्रम' कथाको मुख्य भूमिका निर्वाह गर्ने पात्र वा यी पात्रलाई झिकिदिँदा कथा नै नहुने पात्र हुन् । यस 'भ्रम' कथाको मुख्य पुरुष पात्र र सहायक पात्र पनि स्वयम् आफू नै हो । त्यसैले कथाकार यस कथाको मुख्य पात्र र सहायक पात्र दुवै हुन् ।

**जीप र भेन**

यस कथामा सहायक भूमिका निर्वाह गरेका छन् । यस कथामा पात्रहरूमा मानवीय र अमानवीय दुवै पात्रहरूको भूमिका रहेका छन् । त्यसमा पर्ने जीप र भेन दुवैले यस कथालाई अगाडि बढाउन सहयोग पुऱ्याएको छ, यस कथामा दुवैको उपस्थित केन्द्रीय भूमिका रहेको छ ।

**अनुकूल पुरुष पात्रहरू**

अनुकूल पात्रहरू ती हुन् जो कथाको कथानकलाई अगाडि बढाउँदा सकारात्मक भएका छन् । जसले गर्दा कथाबाट केही राम्रो कुराहरू सिकाउन खोजिएको छ । यस कथाको कथाकार स्वयम् अनुकूल पात्र हो, जसको भूमिकाले समाजलाई सकारात्मक सन्देश दिन खोजिएको छ ।

**प्रतिकूल प्रमुख पात्रहरू**

जुन पात्र कथाको कथावस्तुलाई अगाडि बढाउँदा नकारात्मक भएका छन्, ती पात्रहरू प्रतिकूल पात्र हुन् । यस कथामा स्वयम् कथाकार नै भएकाले कुनै किसिमको नराम्रो भूमिका निभाएका छैनन् । त्यसैले यस 'भ्रम' कथाको प्रतिकूल पुरुष पात्र नै छैनन् ।

**गतिशील पात्रहरू**

यस 'भ्रम' कथामा लिङ्गका आधारमा मानवीय र अमानवीय दुवै पात्रहरूको भूमिका रहेका छन् जसमध्ये कथाकार स्वयम् हुन आएका छन् ।

**गतिशील पुरुष पात्र**

यस 'भ्रम' कथामा कथाकार स्वयम् गतिशील पात्रका रूपमा आएका छन् । ऊ सेतो लहरको दृष्य देखेर शुरुमा डराए पनि जीप र भेन दुवैतर्फको उज्यालोले नियालेर हेरेर भूतको भ्रमलाई छुट्याएर वास्तविकतामा रूपमा ६ फिट जति सेतो रङले पोतिएको थाहा पाइ भ्रमलाई हटाएर सरासर अगाडि बढेर घटेको घटनाको वृतान्त बताइ शान्त भएको छ । त्यसैले यस कथाको गतिशील पुरुष पात्र नै कथाकार स्वयम् हुन आएको छ ।

**गतिशील मानवेतर पात्र**

यस 'भ्रम' कथामा जीप र भेन गतिशील अमानवीय पात्रका रूपमा आएका छन् । यस पात्रले कथानक अगाडि बढाउन सहयोग पुऱ्याएको छ । जसमध्ये अगाडि जीप आउनु र संयोगवमा केही बेरमा भेन आउनाले दुवैले उज्याँलो छर्दै एक ठाउँबाट अर्को ठाउँमा अगाडि बढेर कथालाई सहयोग पुऱ्याइएको छ ।

**स्थिर पात्रहरू**

'भ्रम' कथाको स्थिर पात्रका रूपमा कोही पनि आएका छैनन् ।

**मञ्चीय पात्रहरू**

**मन्चीय पुरुष पात्र**

कथानकमा बाँधिएका र कार्यव्यापारमा समेत प्रत्यक्ष संलग्न रहेका पात्रहरूलाई मञ्चीय पात्र मानिन्छ । यस कथामा प्रयोग भएका कथाकार स्वयम् नै मञ्चीय पुरुष पात्र हुन् । जसको भूमिका निर्वाह प्रत्यक्ष संलग्नताको आधारमा भएको छ ।

**नेपथ्य पात्रहरू**

'भ्रम' कथाको नेपथ्य पात्रको रूपमा बढापाका आएका छन् । यी पात्रको कथामा प्रत्यक्ष भूमिका भएको छैन ।

**बद्ध पुरुष पात्रहरू**

जुन पात्रहरूलाई झिकिदिँदा कथाको संरचना नै भताभुङ्ग हुन्छ । त्यस्ता पात्रहरूलाई बद्ध पात्र भनिन्छ । यस कथाको बद्ध पुरुष पात्र भनेको कथाकार स्वयम् हुन् । यस कथाको कथाकारलाई झिकिदिँदा कथानक नै टुङ्गिने र कथा अगाडि बढाउन नसक्ने भएकाले यस कथाको बद्ध पात्र कथाकार नै स्वयम् हुन आएको छ ।

**स्त्री पात्रहरू**

लिङ्गका आधारमा यस 'भ्रम' कथामा कुनै पनि स्त्री पत्रको भूमिका नरहेकोले कोही पनि छैनन् ।

## 'नासो फिर्ता दिनु थियो' कथाको विश्लेषण

'नासो फिर्ता दिनु थियो' कथा एक सामाजिक यथार्थवादी कथा हो । कथाकारले यस कथामार्फत समाजमा घटेका घटनाहरूलाई यथार्थ रूपमा उतार्न खोजेका ,छन् । यो कथा शिक्षाको सेरोफेरोमा केन्द्रित रहेको छ । यस कथाको मुख्य पात्र रघुवीर डाक्टर पढ्नका लागि आर्थिक समस्या ज्यादै कमजोर भएका कारण छिमेकीको उपकारले पढाइ सकेर डाक्टरमा विशिष्टता हासिल गरेर छिमेकीको उपकार सम्झेर घर जग्गा बनाइ दिइ पूनः फर्किने भनी विदा लिएर गएको छ । लम्बोदर (छिमेकी) पनि रघुवीरको नासो फिर्ता दिनु थियो भनी पर्खाइमा बस्नाले कथानक पुरा भएको छ ।

'नासो फिर्ता दिनु थियो' कथाको कथानकभित्रका घटनाहरू कार्य-कारण-कार्य शृङ्खलामा उनिएका पाइन्छ । यस कथामा रघुवीरको शिक्षा प्राप्तिमा आर्थिक समस्या आइपर्ने छिमेकीको उपकारलाई उदार गरी मानवले मानवलाई गर्नुपर्ने महान् उदाहरण यस कथाका माध्यमबाट कथाकारले दिन खोजेका छन् । यस कथामा मान्छेका रक्षकहरू नै मान्छेका अक्षम भएका छन् भन्ने कुरा यस कथामा प्रमाणित भएको छ । यस कथाबाट मानवीय व्यवहारबाट मानवतावादी शिक्षा प्रदान गरी मानवताको दृष्टिले लम्बोदरले गरेको मानवीय व्यवहारको प्रतिफलको अन्त्यमा रघुवीरले दिएको उपकार दिई नासोको रूपमा लम्बोदरलाई जिम्मा लगाई विदा भइ मानवताको राम्रो उदाहरण दिन खोजिएको छ ।

फ्रेटागका अनुसार 'नासो फिर्ता दिनु थियो' कथाको कथानकको विकासक्रमलाई निम्नानुसार देखाइन्छ

**आरम्भ/चिनारी**

क) हाजिरमानको छोरा सघुवीर पढाइमा मेधावी हुनुले म्याट्रिकमा डिस्टिङ्सन ल्याइ डाक्टर पढ्न अवसर मिलेपनि रोयल्टी बुझाउने रकम स्थिति नहुनु

ख) हाजिरमानले छोराको पढाइका लागि रकम जुटाउने प्रयत्न गरेपनि छरछिमेकीको पनि सहयोगबाट पनि नहुने स्थिति रहनु

ग) लम्बोदर गौतम छिमेकी भएकाले सानो भैंसी गोठ बेचेर हाजिरमानको हातमा राख्नु

घ) रघुवीर र हाजिरमान दुवैले बिन्ती बिसार उक्त रकम साउ व्याज साथ एकसाथ बुझाउँला नसके छिमेकीको उपकार भयो भनी सम्झ्याउनु

**सङ्घर्ष विकास**

क) लम्बोदर रघुवीरलाई मेधावी मान्छेले पाएको अवसर नगुमाउनु र सबै गाउँबेसी हो भनी बताउनु

ख) आफ्नो भैंसी गोठ बेचेको रकमको लगानी लैजाऊ र पढाइमा राम्रो प्रगति गर्नु भनी पठाउनु

ग) लम्बोदरकी श्रीमतीले सम्पतिका नाममा रहेको पनि सकियो भनी गुनासो गर्नु

घ) केन्द्रीय सरकार विरुद्ध जङ्गलबाट बागी पार्टीको बिगबिगीले गाउँको मानिसहरू ज्यान जोगाउनका लागि सरेर अन्तै जान थाल्नु

ङ) लम्बोदर पनि त्यसै क्रममा हुलमुलमा नेपाल फर्कनु

च) नेपालमा बर्मा प्रवासबाट खेदिएका शरणार्थी नेपाली बसोबास गराउने क्रममा लम्बोदरलाई कैलालीमा पूनर्वास गर्नु

**मध्य/चरम**

क) लम्बोदर गौतम कैलालीमा पूनर्वास भएको १० वर्षपछि पनि मन नअडेपछि घरजग्गा बेचेर झापा आउनु

ख) एक टुक्का जमिन किनेर गुजारा गर्ने क्रममा मचिनाका जेठा मामाको छोरा ईश्वरी न्यौपानेसँग भेट हुनु

ग) प्रसङ्गवश रघुवीरको कुरा चल्ने क्रममा ऊ पढाइ सिध्याएर रङ्गुनको अस्पतालको वरिष्ठ डाक्टर भएको कुरा थाहा पाइ लम्बोदरका आँखा रसाउनु

घ) लम्बोदर नजिकैको चोकमा बसी थापा बुढासँग बाघचाल खेल्ने क्रममा एकजना युवक गाडीलाई भाडा दिएर ओर्लनु

ङ) रघुवीर लम्बोदरलाई कैलालीबाट आएको गौतमलाई खोज्दै हिडेको बताउनु

**सङ्घर्षह्रास**

क) लम्बोदरले मै हु भनी छोटो अवस्था बताउदै रघुवीरलाई नचिनेको बताउनु

ख) रघुवीरलाइ नचिनेर घरैतिर चिनजान गरौला भनी घर लिएर जानु

ग) घरको पाहुनासरह सम्मान दिइ लम्बोदरकी श्रीमतीले रघुवीरसँग हाजिरमानको छोराको याद आएर अनुहार मिलेको बताउनु

घ) रघुवीरले लम्बोदरलाई अङ्कमाल गरी मेरो पढाइका लागि भैंसी गोठै सबै बेचेर पढ्नका लागि दिएको बालक मै हु भनी बताउनु

ङ) लम्बोदरका घरमा एकछिन भएपनि सन्नाटा छाउनु

च) रघुवीर जग्गा किन्ने इच्छा जनाए र लम्बोदरले ४ बिघा जग्गा देखाइ लम्बोदरको नाममा पास गरी घर बनाउनका लागि पैसा दिएर २/४ वर्षपछि फर्किन्छु भनेर विदा हुनु

**उपसंहार**

क) ४ विघाको बिचमा २ तले घर बन्नु

ख) लम्बोदरको परिवार त्यसै घरमा खेती गरेर बस्नु

ग) ११ वर्ष वितिसक्दा पनि रघुवीर नफर्केको भनी नासो जिम्मा लगाउन पाए हुन्थ्यो भनी मनमा सोच्नु

घ) लम्बोदर दमले पीडित बनाइ ९१ वर्षको उमेरमा आफन्तसमेत रुघेर बस्नु

ङ) लम्बोदरलाई रुङ्नेक्रममा अन्तिम इच्छा सोध्दा रघुवीरको नासो फिर्ता दिनु थियो भनी बताउनु

**'नासो फिर्ता दिनु थियो' कथाको कथानक तथ्याङ्क**

क) रघुवीर म्याट्रिकमा डिस्टिङ्सन नम्वर ल्याउनु

ख) रघुवीरलाई डाक्टर अवसर मिलेर रोयल्टी बुझाउने प्रयाप्त नहुनु

ग) छिमेकी लम्बोदरले भैंसी गोठ बेचेर पढ्न जान पठाउनु

घ) गाउँभरि बागी पार्टीको बिगबिगीकैं क्रममा लम्बोदर कैलालीमा पुग्नु

ङ) १० वर्षपछि पनि नअडि पूनः घरजग्गा बेचेर झापा आएर बस्न थाल्नु

च) लम्बोदर चौतारामा बसी बूढासँग बाघचाल खेल्ने क्रममा रघुवीर वरिष्ठ डाक्टर भई लम्बोदरको खोजी क्रममा दुवैको भेट हुनु

छ) रघुवीर आफ्नो परिचय दिइ लम्बोदरलाई जग्गा किन्न इच्छा जनाइ घरको समेत रकम दिइ पूनः फर्किने भन्दै विदा हुनु

ज) ११ वर्षपछि रघुवीर नफर्केपछि लम्बोदर नासो फिर्ता दिनु थियो भनी व्यक्त गर्नु

तालिका ४.५ : 'नासो फिर्ता दिनु थियो' पात्रहरूको शैली वैज्ञानिक अध्ययन

| क्र.स. | पात्रहरू | लिङ्ग | | स्वभाव | | कार्य | | प्रवृत्ति | | सामाजिक सम्बन्ध | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | स्थिर | गति. | प्र. | सहा. | अनु. | प्रति. | वै. | वर्गीय | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १ | रघुवीर | + | | | + | + | | + | | | + | + | | + | |
| २ | लम्बोदर | + | | | + | | + | + | | | + | + | | + | |
| ३ | हाजिरमान | + | | + | | | + | + | | + | | + | | + | |
| ४ | लम्बोदरकी बाहुनी | | + | + | | | + | | + | + | | | + | | + |
| ५ | रमेश | | + | + | | | + | + | | + | | | + | | + |
| ६ | ईश्वरी | + | | + | | | + | + | | + | | | + | | + |

## चरित्र/पात्र तालिकाको विश्लेषण

### क) पुरुष पात्र

लिङ्गका आधारमा यस 'नासो फिर्ता दिनु थियो' कथाका पुरुष पात्रहरू थोरै छन्, जस्तै : रघुवीर, लम्बोदर, हाजिरमान, रमेश र ईश्वरी यस कथाका पुरुष पात्रहरू हुन् ।

### मुख्य पुरुष पात्रहरू

यस कथामा मुख्य भूमिका निर्वाह गर्ने पुरुष पात्रहरू नै मुख्य  पुरुष पात्र हुन् । यस 'नासो फिर्ता दिनु थियो' कथाको मुख्य पुरुष पात्र रघुवीर हो । उसलाई यस कथाबाट झिकिदिने हो भने कथानक नै अन्त्य हुन्छ । त्यसैले यस कथाका मुख्य पात्र रघुवीर हो ।

### सहायक मुख्य पात्रहरू

कार्यका आधारमा सहायक पुरुष पात्र रघुवीरको छिमेकी लम्बोदर हुन् । उनले कथानकको शुरुदेखि अन्त्यसम्म नै सहायक भूमिका खेलेका छन् । त्यसैले लम्बोदर यस कथाका सहायक पुरुष पात्र हुन् ।

**अनुकूल पुरुष पात्रहरू**

यस कथाका अनुकूल पुरुष पात्रहरू रघुवीर, लम्बोदर, हाजिरमान र ईश्वरी हुन् । उनीहरूले कथाको कथावस्तुलाई अगाडि वढाउँदा सकारात्मक भएका छन् जसले गर्दा कथाबाट केही राम्रा कुरा सिकिएको छ ।

**प्रतिकूल पुरुष पात्रहरू**

कथालाई अगाडि बढाउँदा जो नकारात्मक भएका छन् ती पुरुष पात्रहरू नै यस कथाका प्रतिकूल पुरुष पात्रहरू हुन् । यस कथाको प्रतिकूल पुरुष पात्र कोही पनि छैनन् ।

**गतिशील पुरुष पात्रहरू**

समय परिस्थिति अनुसार आफूलाई परिवर्तन गर्ने पात्र गतिशील पात्र हुन् । यस कथाको लम्बोदर र रघुवीर गतिशील पुरुष पात्र हुन् । सुरुमा उपकार दिइएको रकमले पढेर डाक्टर बनेपछि बदलामा रघुवीर रकम दिएर उपकार गरेपछि घर जग्गा नासो रूपमा लिइ फिर्ता गर्न चाहेको छ । त्यसैले रघुवीर र लम्बोदर यस कथाको गतिशील पुरुष पात्रहरू हुन् ।

**मञ्चीय पुरुष पात्रहरू**

यस 'नासो फिर्ता दिनु थियो' कथाका मञ्चीय पुरुष पात्रहरू रघुवीर, लम्बोदर, हाजिरमान हुन् । उनीहरू कथाको कथानकमा बाँधिएका र कार्यव्यापारमा समेत प्रत्यक्ष रूपमा संलग्न भएका छन् ।

**बद्ध पुरुष पात्रहरू**

यस 'नासो फिर्ता दिनु थियो' कथाका बद्ध पुरुष पात्रहरू रघुवीर, हाजिरमान, लम्बोदर हुन् । कथामा उनीहरूलाई झिकिदिँदा कथाको संरचना नै भताभुङ्ग हुन्छ र कथालाई अगाडि बढाउन सकिँदैन ।

**स्त्री पात्र**

लिङ्गका आधारमा 'नासो फिर्ता दिनु थियो' कथाका स्त्री पात्रहरू लम्बोदरकी श्रीमती बाहुनी हुन् । यस कथामा यिनको भूमिका स्त्री, प्रतिकूल गौण र मुक्त रूपमा रहेको छ ।

**भाषागत आधारमा सङ्कल्प कथा सङ्ग्रहमा समाविष्ट कथाहरूको शैली वैज्ञानिक विश्लेषण**

शब्दचयनका आधारमा आस्था/अनास्था, नासो फिर्ता दिनु थियो, भ्रम दिदी र रहस्य कथा :

भाषाको न्यूनतम सार्थक एकाइ नै शब्द हो । विभिन्न ध्वनिहरू मिलेर ती ध्वनिहरूको सार्थक संयोजन नै शब्द हो । शब्द छनोटले कृतिलाई स्रष्टाले ओजपूर्ण, उपयुक्त भावाभिव्यक्तिलाई अर्थपूर्ण बनाउने गर्दछ । भाषिक अभिव्यक्तिका क्रममा शब्दचयन महत्वपूर्ण हुन्छ । साहित्यकारले एउटै अर्थ दिने समाजमा प्रचलित विभिन्न शब्दहरूमध्ये कुनै एउटालाई आफ्नो कृतिमा प्रयोग गर्दछन् । 'आस्था/अनास्था' कथामा पनि कथाकार डिल्लीराज नेपालले शब्द चयन माध्यमबाट विभिन्न विषयलाई अर्थपूर्ण ढङ्गबाट अभिव्यक्ति प्रस्तुत गरेको पाइन्छ ।

**तत्सम शब्दको चयन**

संस्कृत भाषाबाट नेपाली भाषामा आउँदा रूप नफेरिइकन जस्ताको तस्तै आएका शब्द नै तत्सम शब्द हुन् । प्रस्तुत 'आस्था/अनास्था' कथामा तत्सम् शब्दहरू सान्दर्भिक तरिकाले प्रस्तुत गरेको पाइन्छ :

क) उ एउटा अड्डाङ्गको कुलको धामी बनेको छ (नेपाल २०७०:७)

ख) मानवीरले सौतेनी आमाको कर्कस थप पचाउनु पर्ने भयो (नेपाल २०७०:८)

ग) उनीहरूको पर्खाई मृगतृष्णामा परिणत हुन्छ (नेपाल २०७०:८)

घ) लोग्नेको कुटाइ र यातना खप्न नसकी घाउमा मल्हम लाउने वैद्य र न्याय दिने न्यायाधीश नपाएर नुन र अन्य सामान बोक्नु (नेपाल २०७०:८)

ङ) मानवीरले ताप्लेजुङ वृद्धालाई भेट्दा आमाको सम्मान दिन्छ (नेपाल २०७०:९)

च) मानवीर अनाहकमै गडडड काम्छ (नेपाल २०७०:९)

माथि रेखाङ्कित गरिएका शब्दहरू 'आस्था/अनास्था' कथामा प्रयुक्त तत्सम शब्दका केही उदाहरणहरू हुन् । यस्ता शब्दहरू कथामा सार्थक रूपमा प्रयोग भएका छन् । कथाकारद्वारा यस कथामा प्रशस्त मात्रामा तत्सम शब्दको स्वतन्त्र चयन गरी प्रयोग गरिएको छ । यस्ता विभिन्न विकल्पहरूमध्ये गरिएको तत्सम शब्दको चयनले कथाको भावाभिव्यक्तिलाई अर्थपूर्ण तथा निख्खर बनाउनुका साथै कथालाई प्रभावकारी र विशिष्ट बनाइएको छ ।

'दिदी' कथामा प्रयुक्त भएका तत्सम शब्दमा उदाहरणहरू

क) परिवारका सबै सदस्य अल्मलिए, कि कर्तव्य विमुढ भएँ (नेपाल २०७०:१५)

ख) एउटै आँतबाट जन्मेका भाइ जतिकै हार्दिकता र आत्मीयता दिइन (नेपाल २०७०:१६)

ग) साँझको ७ बज्न लाग्यो (नेपाल २०७०:१७)

घ) आँखाभरि आँसु बोकेर जहान उभिएकी रहिछिन (नेपाल २०७०:१७)

ङ) सांसारिक नाता पनि बडो विचित्रको छ, सोच्दासोच्दै म गम्भीर भएछु (नेपाल २०७०:१८)

'भ्रम' कथामा प्रयुक्त तत्सम शब्दका उदाहरण

क) विद्यालयतर्फ जाँदै गर्दा रतुवा खोलामा एउटा लासको अग्निसंस्कार हुँदै गरेको देखेको थिए (नेपाल २०७०:२०)

ख) बिहानको परिदृश्य नजरमा नाच्यो (नेपाल २०७०:२०)

ग) शरीरमा नजानिदो कम्पन छ, हातपाउ चिसा छन्, मनमा अज्ञात भ्रम छ (नेपाल २०७०:२०)

घ) २७ वर्षको उमेरमा आज भूतसँग साक्षत्कार भयो (नेपाल २०७०:२१)

ङ) सेतो तांती अझै छ (नेपाल २०७०:२१)

च) संयोगवस अर्को भेनपूर्व तर्फबाट पश्चिम आएको उज्यालोमा राम्ररी नियाल्दा (नेपाल २०७०:२१)

'रहस्य' कथामा तत्सम शब्दका उदाहरण

क) लछुका आँखामा तेज छ (नेपाल २०७०:१३)

ख) उसको गर्भाधानदेखि मातृ, पितृ, वंशको इतिहास शारीरिक वनावट, रोगी हुँदा उपचार भएका (नेपाल २०७०:१३)

ग) ऊ दिनहुँ डाक्टरको निगरानीमा छ (नेपाल २०७०:१३)

घ) ऊ पूर्ण रूपेण स्वस्थ छ (नेपाल २०७०:१३)

ङ) बिरामी मृत्युसँग बाँच्ने समय खोसेर देखा परेको यो घटना डाक्टरहरूका लागि आश्चर्यजनक र खोजको विषय बन्नु (नेपाल २०७०:१३)

च) लछुले नयाँ जीवनको अनुभुति गरेको छ (नेपाल २०७०:१४)

'नासो फिर्ता दिनु थियो' कथामा प्रयुक्त तत्सम शब्द

क) नेपाली भाषा बोल्ने मान्छे भेट्दा एउटै आँतको भाइजस्तो हुन्छ (नेपाल, २०७०:५३)

ख) बागी पाटीहरूले विदेशी भनेर नेपालीहरूलाई दु:ख दिदै थिए (नेपाल, २०७०:५३)

ग) नत्र हजूरको ऋण नतिरी मलाई कालले पनि न छोहोस् (नेपाल, २०७०:५४)

घ) तिम्रो छोरो पढाइमा तीक्ष्ण छ भन्ने बुझेको छु (नेपाल, २०७०:५४)

ङ) यो दृश्य हेरिरहेका देखिन्थे (नेपाल, २०७०:५५)

च) यही हुलमुलमा बडो कष्टका साथ नेपाल आए (नेपाल, २०७०:५५)

छ) ईश्वरिबाट थाहा पाउँदा लम्बोदरका आँखा हर्षले रसाए (नेपाल, २०७०:५५)

ज) क्षमा गर्नुहोला, एउटा कुरा सोधे है (नेपाल, २०७०:५६)

झ) लम्बोदर पनि भावविह्वल भई बोल्न सकेका छैनन् (नेपाल, २०७०,:५७)

ञ) तपाईले मेरो लागि सुम्पिएको सर्वश्वले मेरो पढाइको तीब्रता पायो (नेपाल, २०७०:५७)

ट) उसको जय जय होस (नेपाल, २०७०:५५)

## तद्भव शब्द चयन

संस्कृतबाट रूप फेरिएर नेपाली भाषामा प्रयुक्त शब्दलाई तद्भव शब्द भनिन्छ ।

'आस्था/अनास्था' कथामा प्रयोग गरिएका तद्भव शब्दलाई निम्न उदाहरणले प्रष्ट पार्दछ :

क) असार ८ गतेका दिन घरबाट एक्कासी हराइन् (नेपाल, २०७०:७)

ख) बजियाले माल पाएर चाल पाएन (नेपाल, २०७०:७)

ग) आमासँग सातो गयो (नेपाल, २०७०:७)

घ) आमा अलपत्र भै उसको आङमा उत्रेकी छिन् (नेपाल, २०७०:७)

ङ) दशमीको टिका साइतमा पनि मानवीर घर पुगेन (नेपाल, २०७०:८)

'रहस्य' कथामा नेपाली भाषामा प्रयुक्त शब्द

क) ठूल्दाइ लालबहादुरलाई बाबु समान आदर गर्छ (नेपाल, २०७०:१२)

ख) बढीमा १५ दिन बाँच्न सक्ने सङ्केत दिइन्छ र लछुलाई घर फिराइन्छ (नेपाल, २०७०:१२)

ग) उसको ढिपी भएकाले उसँगै डाक्टरहरूको समूहमा रही प्रवेशिका परीक्षामा भाग लिनु ( नेपाल, २०७०:१४)

घ) यस खबरले काका पूर्णसिंहलाई सबैभन्दा प्रसन्न गराएको छ (नेपाल, २०७०:१४)

ङ) उसको खानपान रुचिको क्षेत्र उसको आजसम्म सम्पर्कमा (नेपाल, २०७०:१३)

'भ्रम' कथामा नेपाली भाषाका प्रयुक्त तद्भव शब्द

क) त्यहाँका शिक्षक र विद्यार्थीले हाम्रो बिदाई गर्ने कार्यक्रम बनाउनुभयो (नेपाल, २०७०:२०)

ख) शरीर शिथिल भएको अनुभव भयो (नेपाल, २०७०:२०)

ग) आफूलाई चिमट्छु चेतना त छ (नेपाल, २०७०:२०)

घ) यो देखेपछि बल्ल मेरो मनको भूत अलि लम्कियो मन दह्रो पारेर हेरे (नेपाल, २०७०:२०)

ङ) रतुवाका पारिपट्टि डिलमा बाटाका दुवैतिर सेता पोशाकका मानिस जस्ता लहरै उभिएका देखिन्छन् (नेपाल, २०७०:२०)

च) आधा घण्टासम्म अर्धपागल जस्तो अवस्था बितेपछि पूर्वबाट उज्यालो..... (नेपाल, २०७०:२१)

'दिदी' कथामा नेपाली भाषाका प्रयुक्त तद्भव शब्द

क) मेरा दुवै खुट्टा नचल्ने गरी म घप्लक्क जमिनमा ढले (नेपाल, २०७०:१५)

ख) विर्तामोड पुगेपछि बङ्गाल बन्दको खबरले फर्किई एक रात.... (नेपाल, २०७०:१५)

ग) ती महिलाले मलाई भाइको सम्बोधन गरी उपचार सफल हुने कुरा गर्दै ......(नेपाल, २०७०:१६)

घ) भान्जीले उत्तर दिइन् (नेपाल, २०७०:१६)

ङ) म दिदीसँग अभिन्न नाताको गांठो फुकाउन सक्दिन (नेपाल, २०७०:१८)

'नासो फिर्ता दिनु थियो' कथामा नेपाली भाषाका प्रयुक्त तद्भव शब्द

क) वर्माको जङ्गल पहाड आदिमा गाई, गोठ पाल्दै पुगे (नेपाल, २०७०:५३)

ख) भनिन्छ, माइती गाउँको कुकुर देख्दा पनि अति प्रिय हुन्छ (नेपाल, २०७०:५३)

ग) अर्को कुरा यो भैंसीगोठ बेचेको रकम मैले कसैलाई ठगेर, लुटेर, रुवाएर कमाएको होइन (नेपाल, २०७०:५४)

घ) जाऊ आजै गएर पढाइका लागि दरखास्त लेख (नेपाल, २०७०:५४)

ङ) हो बा हो (नेपाल, २०७०:५७)

च) यतिकैमा रमेश घरभित्र प्रवेश गर्नासाथ आलिङ्गल गऱ्यो (नेपाल, २०७०:५६)

माथि रेखाङ्कित गरिएका शब्दहरू 'आस्था/अनास्था', 'भ्रम', 'दिदी', 'रहस्य' र 'नासो फिर्ता दिनु थियो' कथामा प्रयुक्त भएका तद्भव शब्दहरू हुन् । जुन संस्कृत भाषाबाट निम्नानुसार परिवर्तन भइ आएका छन् :

अजङ्गल - भयङ्कर, कर्कस - चर्को, सांसारिक - भौतिक, अवाक - दिक्क, साँझ - बेलुका, आँत - कोख, तांती - लहर, हातपाउ - हातखुट्टा, भई नेपाली भाषामा तद्भव शब्दका रूपमा प्रयोग भएका छन् । तद्भव शब्दको चयनले कथा सरल, सहज, भावपूर्ण बन्नुका साथै बोधगम्य बन्न पुगेको पाइन्छ ।

**आगन्तुक शब्द चयन**

अन्य विभिन्न भाषाबाट नेपाली भाषामा आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ । 'आस्था/अनास्था' कथामा प्रयुक्त आगन्तुक शब्दहरू :

क) पुलिसले पनि केही खोजी तलासी नगरेको होइन (नेपाल, २०७०:७)

ख) लोकका निम्ति खोजेझैं गरी ताप्लेजुङ थानामा जायरी पनि दियो (नेपाल, २०७०:७)

'रहस्य' कथाका प्रयुक्त आगन्तुक शब्द

क) डाक्टरले क्यान्सरको शङ्का गर्छ (नेपाल, २०७०:१२)

ख) चिकित्सकहरूको शोधनायक भई वर्ष पुरा भएको छ (नेपाल, २०७०:१३)

ग) एस.एल.सी. परीक्षा दिने ढिपी ....... (नेपाल, २०७०:१४)

'दिदी' कथाका प्रयुक्त आगन्तुक शब्द

क) आर.के.सर र मेरा ससुराबाले मलाई सिलिगुढी हिलकार्ट रोडको डाक्टर केंसीका पुऱ्याउनुभयो (नेपाल, २०७०:१५)

ख) रिपोर्टको अन्तिम विकल्प ढाडको मेजर अप्रेसन थियो (नेपाल, २०७०:१५)

ग) ब्ल्याक टि. का लागि मासीलाई अह्राइन (नेपाल, २०७०:१७)

घ) २४ घण्टापछि म जेनेरल वार्डमा सारिएपछि एक्कासी दिदी देखा पर्नु (नेपाल, २०७०:१७)

'भ्रम' कथाका प्रयुक्त आगन्तुक शब्द

क) पूर्वबाट उज्यालो छर्दै एउटा जीप आयो (नेपाल, २०७०:२१)

ख) संयोगवश भेन आउनु (नेपाल, २०७०:२१)

ग) हाम्रा बी.एस.सी. सरले ती सब मनगडन्ते र ठगी खाने कुरा हुन् (नेपाल, २०७०:२१)

'नासो फिर्ता दिनु थियो' कथामा प्रयुक्त आगन्तुक शब्द

क) म अब्बल दर्जाको फिजिसियन स्पेसलिष्ट भई डाक्टर भई हस्पिटलमा सेवारत छु ( नेपाल, २०७०:५७)

ख) एउटा प्राइभेट गाडी छायामा रोकेर (नेपाल, २०७०:५६)

माथि रेखाङ्कित शब्दहरू विभिन्न भाषाबाट आएका हुन् । हस्पिटल - अङ्ग्रेजी, डाक्टर - अङ्ग्रेजी, भेन - अङ्ग्रेजी, जीप - अङ्ग्रेजी, सर - फ्रन्सेली । यसरी आगन्तुक शब्दले आस्था/अनास्था, दिदी, भ्रम, रहस्य र नासो फिर्ता दिनु थियो कथाको भाषिक प्रयोगमा थप उर्जा प्रदान गरेको छ ।

झर्रा तथा अनुकरणात्मक शब्द चयन कुनै अन्य स्रोतबाट नआई नेपाली भाषामा आफैँ उत्पन्न भएका तथा नेपाली शब्द हुन् । कुनै पनि कुराको ध्वनि, आवाज, घटना, प्राकृतिक रूपबाट उत्पन्न भई उत्पन्न ध्वनिलाई नक्कल गरी शब्दमा जस्ताको तस्तै प्रयोग गर्न सकिने शब्द अनुकरणात्मक शब्द हुन् । यस्ता शब्दहरूले भाषालाई निख्खर, झरिलो, मिठो र गुलियो पार्ने काम गर्दछन् । आस्था/अनास्था, भ्रम, दिदी, रहस्य र नासो फिर्ता दिनु थियो कथामा अनुकरणात्मक र झर्रा शब्दहरूको प्रशस्त प्रयोग गरिएको छ जसलाई निम्नानुसार देखाइएको छ :

आस्था/अनास्था कथामा प्रयुक्त अनुकरणात्मक शब्दहरूको उदाहरण

क) मानवीरले धामीबाट दियोकलश, झोलाभ्याम्टा पाएको छ (नेपाल, २०७०:७)

ख) सुरुसरुमा औसी र पूर्णिमामा धुपद्वार गर्नुपर्थ्यो (नेपाल, २०७०:७)

ग) मानवीर अनाहकमै गडडड काम्छ (नेपाल, २०७०:९)

घ) कोसेली लान थालेपछि केही चेब्रे घस्न थालेका हून् (नेपाल, २०७०:९)

'भ्रम' कथामा प्रयुक्त अनुकरणात्मक शब्द

क) लाइन गएर नगरीमा पिल्पिलाउने बत्ती, बत्ती पनि भ्याप्प निभेको छ (नेपाल, २०७०:२०)

'दिदी' कथामा प्रयुक्त अनुकरणात्मक शब्द

क) म घप्लक्क जमिनमा ढले (नेपाल, २०७०:१५)

ख) म सायद ठमठम हिँडेर फर्कन्न (नेपाल, २०७०:१५)

'रहस्य' कथामा प्रयुक्त अनुकरणात्मक शब्द

क) अब कुनै पनि बेला धिपिक्क निभ्न सक्छ (नेपाल, २०७०:१२)

'नासो फिर्ता दिनु थियो' कथामा प्रयुक्त अनुकरणात्मक शब्द

क) छोरा छोरी टामाटिमी गरेर यो दृश्य हेरिरहेका थिए (नेपाल, २०७०:५५)

माथि रेखाङ्कित गरिएका शब्दहरू आस्था/अनास्था, दिदी, भ्रम, रहस्य र नासो फिर्ता दिनु थियो कथामा प्रयुक्त भएका अनुकरणात्मक शब्दहरू हुन् ।

## द्वित्व शब्द चयन

आस्था/अनास्था कथामा प्रयुक्त द्वित्व शब्द

क) सुरुसुरुमा औंशी र पूर्णिमामा धुपद्वार गर्नु (नेपाल, २०७०:७)

ख) दशैंमा घर गई चोखो नितो गरी कुलको पूजाआजा गर्छ (नेपाल, २०७०:८)

ग) भन्दै आमै झन् अलापविलाप गर्न थाल्छिन् (नेपाल, २०७०:१०)

'रहस्य' कथामा प्रयुक्त द्वित्व शब्द

क) उसको खानपान रुचिको क्षेत्र उसको आजसम्म सम्पर्कमा .........(नेपाल, २०७०:१३)

ख) काही खोट भेटिएमा राम्ररी हिसावकिताव हुनेछ (नेपाल, २०७०:१६)

ग) उनी अलिक भावावेशमा देखिइन् (नेपाल, २०७०:१७)

'भ्रम' कथामा प्रयुक्त द्वित्व शब्द

क) सामान्य चियापनको कार्यक्रम समापन गरी ....(नेपाल, २०७०:२०)

ख) शरीर नातागत भएको महसुस भयो (नेपाल, २०७०:२०)

'दिदी' कथामा प्रयुक्त द्वित्व शब्दहरू

क) काही खोट भेटिएमा राम्ररी हिसाबकिताब हुनेछ (नेपाल, २०७०:१६)

ख) उनी अलिक भावावेशमा देखिइन् (नेपाल, २०७०:१७)

'नासो फिर्ता दिनु थियो' कथामा प्रयुक्त द्वित्व शब्द

क) यही हुलमुलमा बडो कष्टका साथ नेपाल फर्कन थाले (नेपाल, २०७०:५५)

माथि रेखाङ्कित शब्दहरू द्वित्व शब्दहरू हुन् । यस्ता शब्दले कथालाई जीवन्तता प्रदान गरेको छ ।

## नाम शब्दको चयन

नेपाली परम्परागत व्याकरणअनुसार नाम भन्नाले व्यक्ति, वस्तु र स्थानलाई बुझाउने शब्दको रूपमा यसलाई परिभाषित गरिन्छ । कुनै पनि व्यक्ति, वस्तु, स्थान, गुण, भाव आदिको परिचय गराउने शब्दलाई नाम भनिन्छ । आधुनिक व्याकरण अनुसार नाम भन्नाले कर्ता, कर्म र पूरक भई आउने शब्दलाई नामको रूपमा लिइन्छ । व्याकरणिक

कार्यका आधारमा नामलाई निम्नानुसार विभाजन गर्न सकिन्छ : सङ्ख्येय र असङ्ख्येय नाम, मानवीय र मानवेतर नाम, सजीव र निर्जीव नाम, व्यक्तिगत र जातिवाचक नाम गरी जम्मा ४ भागमा विभाजन गरिएको पाइन्छ ।

'आस्था/अनास्था' कथामा प्रयुक्त नाम शब्द

क) सौतेनी भाइ भए पनि पुन्टेको भने धेरै माया लाग्छ (नेपाल, २०७०:९)

ख) मानवीर भने मातृवियोगले विक्षिप्त छ (नेपाल, २०७०:७)

ग) घर ताप्लेजुङ सिकैजाको चिप्ले भिर (नेपाल, २०७०:७)

'भ्रम' कथामा प्रयुक्त नाम शब्द

क) रतुवा पुलमा साइकल उक्लनासाथ बिहानको परिदृष्य नजरमा नाच्यो (नेपाल, २०७०:२०)

'दिदी' कथामा प्रयुक्त नाम शब्द

क) झोला अगाडिको टेबुलमा राखेर नजिकको कुर्सीमा........ (नेपाल, २०७०:१७)

ख) डाक्टरले २२ दिन घरै आराम गर्न टाउको र खुट्टा तन्काएर.... (नेपाल, २०७०:१५)

'रहस्य' कथामा प्रयुक्त नाम शब्द

क) म धनकुटा बहुमुखी क्याम्पसमा आइ.एड.पढ्थे (नेपाल, २०७०:२०)

ख) गोडाले साइकलको पाइडल मार्न छोडे (नेपाल, २०७०:२०)

ग) हामीले झापाको दमक नगरपालिका भित्र इटाभट्टा नि.मा.वि.को रूपमा पायौ (नेपाल, २०७०:२०)

'नासो फिर्ता दिनु थियो' कथामा प्रयुक्त नाम शब्द

क) रघुवीरमा एक प्रकारको खुसी छायो (नेपाल, २०७०:५४)

ख) लम्बोदर कैलालीमा पूनर्वास भएको १० वर्षपछि मन अडिएको थिएन (नेपाल, २०७०:५५)

ग) रघुवीरले लम्बोदरलाई अँगाल्यो (नेपाल, २०७०:५६)

माथि रेखाङ्कित गरिएका शब्दहरू नाम हुन् । कथामा यस्ता नामको प्रयोगले कथालाई सरल बनाई पाठकले बुझ्न सक्ने बनाइएको छ ।

## सर्वनामको चयन

परम्परागत व्याकरण अनुसार सर्वनाम भन्नाले नामको सट्टामा प्रयोग हुने शब्दलाई जनाउँछ । आधुनिक व्याकरणले नाम, उपवाक्य र वाक्यको सट्टामा सर्वनामको प्रयोग

गरिने कुरालाई परिभाषित गर्दछ । सर्वनामको प्रयोग औचित्य नै एउटै अभिव्यक्तिलाई पटक पटक आवृत्ति एवम् पुन प्रयोग हुन नदिनु हो जसको माध्यमबाट रचनामा आकर्षण पैदा गरिन्छ ।

'आस्था/अनास्था' कथामा प्रयोग भएका सर्वनाम शब्द

क) उसको सिङ्गै घर थाम्ने बहादुर आइमाईलाई रातदिन बेकसुर यातना दिएर ... (नेपाल, २०७०:७)

ख) ऊ प्रहरीको जागिरे भएपछि दशैंको अष्टमीको राती विशेष पूजाआजा... (नेपाल, २०७०:७)

ग) अनि उनि फेरी भन्न थालिन् (नेपाल, २०७०:९)

'भ्रम' कथामा प्रयुक्त सर्वनाम शब्द

क) म धनकुटा बहुमुखी क्याम्पसमा पढ्थे (नेपाल, २०७०:२०)

ख) यसले मेरा तनमा ताजा रक्त सञ्चालन गरेको अनुभव भयो (नेपाल, २०७०:२१)

'रहस्य' कथामा प्रयुक्त सर्वनाम शब्द

क) जति बढी उखु खान्छ उति उसको अनुहारमा चमक थपिँदै जान्छ (नेपाल, २०७०:१२)

ख) ऊ पूर्ण रूपेण स्वस्थ छ (नेपाल, २०७०:१३)

ग) उसले परीक्षा प्रथम श्रेणीमा पास पनि गरेछ (नेपाल, २०७०:१४)

'दिदी' कथामा प्रयुक्त सर्वनाम शब्द

क) उनी भन्न लागिन् - मेरो त ड्युटी ज्वाइन्ट गर्नु पर्ने थियो (नेपाल, २०७०:१७)

ख) उनले यो कसरी गरिरहेकी थिइन मलाई भने आश्चर्य पनि लागिरहेको थियो (नेपाल, २०७०:१६)

ग) उनकै हातले मलाई नुहाइदिइन् (नेपाल, २०७०:१६)

'नासो फिर्ता दिनु थियो' कथामा प्रयुक्त सर्वनाम शब्द

क) तपाईले सुन्नु भएको कुरा सत्य हो (नेपाल, २०७०:५४)

ख) तिनले युवकलाई लिएर घरै गए (नेपाल, २०७०:५६)

ग) उहाँ बाबुलाई त चिन्न सकिन (नेपाल, २०७०:५६)

यसरी सर्वनाम शब्दले नामको पुनरावृत्तिलाई अटाएर यस कथाको भाषालाई चित्विक बनाएको छ ।

## विशेषणको चयन

नाम वा सर्वनामको गुण, दोष, संख्या, मात्रा आदि जनाउने पद नै विशेषण हुन् । विशेषणले वाक्यलाई झरझराउँदो बनाउँछ ।

'आस्था/अनास्था' कथामा प्रयुक्त विशेषण शब्द

क) हिम्मती रहिछिन मर्नुभन्दा बहुलाउनु राम्रो बेशै गरिन (नेपाल, २०७०:७)

ख) आइमाईलाई रातदिन बेकसुर यातना दिएर ....... (नेपाल, २०७०:७)

ग) आमै झन् अलापविलाप गर्न थालिन् (नेपाल, २०७०:१०)

घ) चिसो पानी खाएपछि विस्तारै करुण स्वरमा आफ्नो आमा ....... (नेपाल, २०७०:११)

'रहस्य' कथामा प्रयुक्त विशेषण शब्द

क) उसलाई धित मरुन्जेल उखु खुवाउदै घर पुग्नु (नेपाल, २०७०:१२)

ख) भेलोरतिर गएको पाँच, छ वर्ष बितिसक्यो (नेपाल, २०७०:१४)

'भ्रम' कथामा प्रयुक्त विशेषण शब्द

क) हातपाउ चिसा छन् (नेपाल, २०७०:२०)

ख) भूतप्रेतको विपक्षमा आफू रहेको लक्काजवान भए पनि .... (नेपाल, २०७०:२०)

ग) आधा घण्टासम्म अर्धपागल जस्तो अवस्थामा बिताए (नेपाल, २०७०:२१)

'दिदी' कथामा प्रयुक्त विशेषण शब्द

क) भलाकुसारीको रमिता हेरी मुसुमुसु हास्तै ...... (नेपाल, २०७०:१८)

ख) म त्यसै अवाक भएँ (नेपाल, २०७०:१८)

ग) खबर नल्याउन्जेल दिदी ज्यादै चिन्तित थिइन् (नेपाल, २०७०:१७)

'नासो फिर्ता दिनु थियो' कथामा प्रयुक्त विशेषण शब्द

क) कसैलाई ठगेर, लुटेर, रुवाएर कमाएको होइन (नेपाल, २०७०:५४)

ख) वर्गीय समाजमा वर्गीय प्रेम मात्रै न्यानो र चोखो हुन्छ (नेपाल, २०७०:५४)

माथिका रेखाङ्कित विशेषण शब्दहरू हुन् ।

## क्रियापदको चयन

क्रिया भनेको कुनै कार्य वा प्रकृया हुनु हो । कुनै पनि कार्यव्यापरको घटना प्रक्रिया वा अवस्था बुझाउने पदलाई क्रियापद भनिन्छ । अर्थात् कुनै काम हुने वा भएको बारेमा बुझाउने पद क्रियापद हुन् ।

'आस्था/अनास्था' कथामा क्रियापदको प्रयोग यसरी गरिएको छ :

क) डिकुरादेवी कतै फेला परिनन् (नेपाल, २०७०:७)

ख) आमसँग सातो गयो (नेपाल, २०७०:७)

ग) दशैं नरमाइलो हुँदै गयो (नेपाल, २०७०:८)

घ) आमा हराएको महिना दिन नपुग्दै कर्णध्वजले कान्छी भित्र्यायो (नेपाल, २०७०:८)

'भ्रम' कथामा प्रयुक्त क्रियापद शब्द

क) म धनकुटा बहुमुखी क्याम्पसमा आइ.एड.पढ्थे (नेपाल, २०७०:८)

ख) बुढापाकाहरू भूत प्रेतको कुरा गर्थे (नेपाल, २०७०:२१)

ग) गोडाले साइकलको पाइढल मार्न छोडे (नेपाल, २०७०:२०)

'रहस्य' कथामा प्रयुक्त क्रियापद शब्द

क) उसलाई धित मरुन्जेल उखु खुवाउँदै घर पुग्छन् (नेपाल, २०७०:१२)

ख) निश्चित रूपमा सुधार देखिन्छ (नेपाल, २०७०:१३)

ग) डाक्टरमा पनि केही मनोवल थपिन्छ (नेपाल, २०७०:१३)

घ) डाक्टरको समूहमा रही परीक्षा दिएको थियो (नेपाल, २०७०:१४)

'दिदी' कथामा प्रयुक्त क्रियापद शब्द

क) म घप्लक्क जमिनमा ढंले (नेपाल, २०७०:१५)

ख) अब अप्रेसनको विकल्प थिएन (नेपाल, २०७०:१५)

ग) एक अँधवैसे युवतीलाई चिनाउँदै कोठामा प्रवेश गर्नुभयो (नेपाल, २०७०:१६)

घ) उनी अलिक भावावेशमा देखिइन (नेपाल, २०७०:१७)

'नासो फिर्ता दिनु थियो' कथामा प्रयुक्त क्रियापदका शब्द

क) लम्बोदर नजिकैको चौतारामा बसी थापा बुढासँग बाघचाल खेल्दैथिए (नेपाल, २०७०:५६)

ख) रघुवीरले लम्बोदरलाई अँगाल्यो (नेपाल, २०७०:५६)

ग) कमसेकम मेरो सानो लगानीले तिमी डाक्टर त भयौं (नेपाल, २०७०:५८)

माथिका रेखाङ्कित शब्दहरू क्रियापद हुन् ।

## क्रिया विशेषणको चयन

क्रियासँग सम्बन्ध राख्ने वा क्रियाको विशेषता वा परिवेश जनाउने पदलाई क्रियाविशेषण भनिन्छ। प्रस्तुत 'आस्था/अनास्था' कथामा प्रयोग गरिएका क्रियाविशेषताहरू:

क) यसको घरको कुललाई मानमनितो दिने दिन दशैंको अष्टमीलाई रोजिएको थियो (नेपाल, २०७०:८)

ख) निकैबेर सन्नाटा पछि रह्यो (नेपाल, २०७०:९)

'भ्रम' कथामा प्रयुक्त क्रियाविशेषण शब्द

क) लाइन गएर नगरीमा पिल्पिलाउने बत्ती पनि भ्याप्प निभेको छ (नेपाल, २०७०:२०)

'दिदी' कथामा प्रयुत क्रियाविशेषण शब्द

क) रमिता हेरी मुसुमुसु हाँस्दै हुनुहुन्थ्यो (नेपाल, २०७०:१८)

ख) मेरा दुवै खुट्टा नचल्ने गरी म घप्लक्क जमिनमा ढले (नेपाल, २०७०:१५)

'रहस्य' कथामा प्रयुक्त क्रियाविशेषण शब्द

क) अब कुनै पनि बेला धिपिक्क निभ्न सक्छ (नेपाल, २०७०:१२)

'नासो फिर्ता दिनु थियो' कथामा प्रयुक्त क्रियाविशेषण शब्द

क) लम्बोदर अनि झल्यास भइ भने (नेपाल, २०७०:५७)

ख) छोराछोरी टामाटिमी गरेर यो दृश्य हरिएका छन् (नेपाल, २०७०:५५)

माथिको रेखाङ्कित शब्दहरू क्रियाविशेषण शब्दहरू हुन् ।

## नामयोगी चयन

नाम वा नामझैं प्रयोग हुने वा सर्वनाम आदिको पछिल्तिर जोडिएर आउने शब्दलाई नामयोगी भनिन्छ। विभिन्न अर्थ सम्बन्धहरू जनाउँनका लागि नामसँग जोडिएर आउने शब्द नै नामयोगी हुन् ।

'आस्था/अनास्था' कथामा प्रयुक्त नामयोगीका केही उदाहरण

क) सिकैजा चिप्ले भिरमुन्तिरको सुन्तले टार त हो नि मेरो घर (नेपाल, २०७०:११)

ख) थ्याच्च बसेर पुन्टेलाई काखमा लिएर मानवीर रोयो (नेपाल, २०७०:११)

'रहस्य' कथामा प्रयुक्त नामयोगी शब्द

क) लछु त्यस चिकित्सक टोलीको शोधनायकको रूपमा रहेको छ (नेपाल, २०७०:१३)

ख) पूर्णसिंह भर्खर लेबनानको शान्ति सेनाबाट फर्किएको छ (नेपाल, २०७०:१२)

ग) बेलाबेलामा फोनबाट उसको परिवारमा सम्पर्क पनि हुन्छ भन्ने सुनिन्छ (नेपाल, २०७०:१४)

'भ्रम' कथामा प्रयुक्त नामयोगी शब्द

क) हामीले झापाको दमक नगरपालिकाभित्र पर्ने इटाभट्टा निमाविलाई सहयोगी विद्यालयको रूपमा पायौं (नेपाल, २०७०:२०)

'दिदी' कथामा प्रयुक्त नामयोगी शब्द

क) सिलिगुढीतिर म लगिएँ (नेपाल, २०७०:१५)

ख) दिदी त्यस दिनभरी मसँगै रहिन् (नेपाल, २०७०:१६)

ग) दिदी अगाडि झोला अगाडिको टेबुलमा राखेर नजिकको कुर्सीमा बस्तै मायालु स्वरमा कस्तो छ, भइ अहिले तिमीलाई ? (नेपाल, २०७०:१७)

'नासो फिर्ता दिनु थियो' कथामा प्रयुक्त नामयोगी शब्द

क) रघुवीरले लम्बोदरलाई अँगाल्यो (नेपाल, २०७०:५६)

ख) मानिसहरू तपाईको अन्तिम स्च्छा के छ (नेपाल, २०७०:५८)

माथिका रेखाङ्कित शब्दहरू नामयोगी हुन् ।

## संयोजकको चयन

दुई वा दुइभन्दा बढी वाक्य, उपवाक्य तथा पदहरूलाई जोड्ने शब्दलाई संयोजक भनिन्छ । यसले शब्द वा उपवाक्यलाई जोड्ने काम गर्दछ । यसलाई योजक पनि भनिन्छ । प्रकार्यका दृष्टिले वाक्यलाई पदावली उपवाक्य, वाक्य आदिलाई जोड्ने बन्द समूहको अविकारी शब्द वर्ग हो (लम्साल, २०६८:११)

'आस्था/अनास्था' कथामा प्रयुक्त केही संयोजक निम्नानुसार छन् :

क) अष्टमीको राती विशेष पूजा आजा मानवीर आफैंले गर्नु पर्थ्यो नत्र उसका घरमा अनिष्ट हुन्छ । (नेपाल, २०७०:८)

ख) आमाले अङ्कमाल गरिन् र बर्दीको सर्ट उघारेर डँडाल्नो छामिन् (नेपाल, २०७०:१०)

ग) मानवीर एकैचोटि हवल्दारमा बढुवा र सरुवा समेत हुन्छ (नेपाल, २०७०:७)

'भ्रम' कथामा प्रयुक्त संयोजक

क) ती सब मनगडन्ते र ठगी खाने कुरा हुन् (नेपाल, २०७०:२१)

ख) बास्तविकता पत्ता लाग्यो र अगाडि देखिएको दृश्य मन डराउँदाको (नेपाल, २०७०:२२)

'दिदी' कथामा प्रयुक्त संयोजक

क) तिमीसँग विदा नमागी हिंडे तर मनले पटक्कै मानेन (नेपाल, २०७०:१७)

ख) तिम्रो भेनालाई र भान्जीलाई लिएर आएको (नेपाल, २०७०:१७)

ग) यो कसरी गरिरहेकी थिइन् मलाई भने आश्चर्य पनि लागिरहेको थियो (नेपाल, २०७०:१६)

'रहस्य' कथामा प्रयुक्त संयोजक

क) उसले पनि विगतका परीक्षणलाई आधार मानेर लक्षण अनुसार भन्ने हो तर समय र परिस्थिति अनुसार कुनै बेलाको अमृत कुनै बेलाको विष बन्छ र कुनै बेलाको विष कुनै बेला अमृत बन्न बेर छैन (नेपाल, २०७०:१३)

'नासो फिर्ता दिनु थियो' कथामा प्रयुक्त संयोजक

क) आज ११ वसन्त बितिसकेको छ तर फर्किएर आजसम्म आएन (नेपाल, २०७०:५८)

ख) बाबै र पाहुना दुवै खाटमा बसे (नेपाल, २०७०:५६)

## निपातको चयन

भाषामा सौन्दर्य, चमक र मधुरता दिन र नजिकको शब्द वा वाक्यको अर्थलाई प्रभाव पार्ने अविकारी शब्द नै निपात हो । निपातले आग्रह अवधारणा, सहमति, प्रश्न, आक आशङ्का, अनिश्चिचय र अनुनय गर्न कुनै शब्दमा आश्रित भई त्यही शब्दको अर्थलाई घोतन गर्दछन् ।

'आस्था/अनास्था' कथामा प्रयुक्त निपात

क) कसैले वनको लागेको छ भन्छन् त कसैले कुललाई धुप हाल्नुपर्छ भन्छन् (नेपाल, २०७०:७)

ख) सहनुको सीमा नाघेपछि हिडिन् होला नि अर्को उपायको खोजीमा (नेपाल, २०७०:७)

ग) तिम्रा बाको नाम त कर्णध्वज खत्री हो क्या रे (नेपाल, २०७०:९)

घ) तिमीले कति दु:ख पाएछौ नि (नेपाल, २०७०:१०)

'रहस्य' कथामा प्रयुक्त निपात

क) गाउँलेहरू भन्छन् - अचेल ऊ डाक्टरी पढ्दैछ अरे (नेपाल, २०७०:१४)

ख) डाक्टर पनि मान्छे नै हो (नेपाल, २०७०:१३)

'भ्रम' कथामा प्रयुक्त निपात

क) के म होशमा त छु (नेपाल, २०७०:२१)

ख) अनि मात्र मेरो शरीर तात्यो (नेपाल, २०७०:२१)

'दिदी' कथामा प्रयुक्त निपात

क) म उनलाई बिर्सिएर पनि बिर्सन सक्दिनँ अनि खोजेर पनि भेट्न सक्तिनँ हाय (नेपाल, २०७०:१९)

ख) मैले आराम गर्नुपर्छ रे (नेपाल, २०७०:१८)

ग) आज मसँग न उनको वतन छ न नाम छ न त फोन नम्बर नै छ (नेपाल, २०७०:१९)

'नासो फिर्ता दिनु थियो' कथामा प्रयुक्त निपात

क) ए बुझे, गौतमलाई खोज्नुभएको ? नामचाहिं के हो नि (नेपाल, २०७०:५६)

ख) अनि नानीचाहिं को नि ? मैले त चिनिनँ (नेपाल, २०७०:५६)

## विस्मयादिबोधक चिह्नको प्रयोग

हर्ष, विस्मात, घृणा, आश्चर्य, दु:ख, निराशा आदि प्रकट गर्दा प्रयोग गरिने चिह्न नै विस्मय चिह्न हुन् ।

'आस्था/अनास्था' कथामा प्रयुक्त विस्मय चिह्न

क) मेरो बाबु ! तिमीले कति दु:ख पाएछौ नि !! (नेपाल, २०७०:१०)

ख) हो ! हो !! कसरी थाहा पाउनु भयो (नेपाल, २०७०:९)

'रहस्य' कथामा प्रयुक्त विस्मय चिह्न

यस कथामा विस्मय चिह्न प्रयोग गरिएको छैन ।

'भ्रम' कथामा प्रयुक्त विस्मय चिह्न

यस कथामा विस्मय चिह्न प्रयोग गरिएको छैन ।

'दिदी' कथामा प्रयुक्त विस्मय चिह्न

क) नमस्ते मामा ! (नेपाल, २०७०:१८)

ख) स्याबास भान्जी, धेरै पढेर आमा जस्तै हुनु ल ! (नेपाल, २०७०:१८)

'नासो फिर्ता दिनु थियो' कथामा प्रयुक्त विस्मय चिह्न

क) कस्तो संयोग ! गाडीले पनि हरियाली चोक भन्दा उता जान्न भन्नु (नेपाल, २०७०:५६)

ख) एउटा के धेरै सोध्नोस् न ! (नेपाल, २०७०:५६)

## अन्य लेख्य चिह्नहरूको प्रयोग

'सङ्कल्प' कथासङग्रहमा समाविष्ट कथाहरू 'आस्था/अनास्था', 'भ्रम', 'दिदी', 'रहस्य', र 'नासो फिर्ता गर्नु थियो' कथा यहाँ उल्लेख गरे बमोजिम अल्पविराम (,), एकल उद्धरण (' '), (" " ), पूर्णविराम (।) चिह्नको प्रयोग अत्याधिक भएको पाइन्छ भने योजक चिह्न (-) को प्रयोग गरिएको त्यति पाईदैन ।

## वाक्यचयन

वाक्यभाषिक संरचनाको सवैभन्दा ठूलो सार्थक एकाइ हो । भाषाको कथ्य र लेख्य पक्ष छन् । लेख्य सन्दर्भमा भने वाक्यभन्दा माथि प्रकरण र सङ्कथन पनि आउँछ तर मूलतः कथ्य रूपलाई भाषाको मूल रूपमा लिइने हुनाले अभिव्यक्तिका क्षेत्रमा भाषाको आधारभूत एकाईका रूपमा वाक्यलाई लिइन्छ (ढुङ्गेल र दाहाल, २०६९:१७५)

व्याकरणिक संरचनामा वाक्य लघुतम भाषिक एकाइ हो । वाक्यको संरचनापूर्ण हुने हुँदा यो स्वतन्त्र एकाई हो । वाक्यलाई सरल, संयुक्त, मिश्र वाक्य, लामा छोटा वाक्यहरू आदिमा विभाजन गरिएको पाइन्छ ।

आस्था/अनास्था कथाका विभिन्न प्रकारका वाक्यहरू प्रयोग गरिएको पाइन्छ । जसको तलको उदाहरणले स्पष्ट पार्दछ :

क) भइगो नरुनोस । म तपाईको छोरो नै हुँ । मानवीर भन्छ (नेपाल, २०७०:१०)

ख) विद्यालयमा लाग्ने शुल्क, कापी, कलम र खाजा समेतको मैले वर्ष भरिको व्यवस्था गरिदिएको छु (नेपाल, २०७०:९)

ग) बाबुआमाको सातो खानेगरी नानाभाँती फलाक्न थाल्यो र रिसले मुर्मुराउँदै बाबुले आमाप्रति गरेको व्यवहारको भनडाफोर गऱ्यो (नेपाल, २०७०:११)

'भ्रम' कथामा प्रयुक्त वाक्यहरू

क) आधा घण्टासम्म अर्धपागल जस्तो अवस्था विते पछि पूर्वबाट उज्यालो छर्दै एउटा जीप आयो (नेपाल, २०७०:२१)

ख) मेरो शरीर तात्यो र भूतको भ्रम हटेर ९ बजेतिर आफ्ना बासमा पुगे (नेपाल, २०७०:२१)

ग) आँखाले राम्ररी नियाल्ने हिम्मत गरेन (नेपाल, २०७०:२०)

'दिदी' कथामा प्रयुक्त वाक्य

क) केश कोरिदिइन् (नेपाल, २०७०:१६)

ख) तिमीसँग विदा नमागी हिडें, तर मनले पटक्कै मानेन (नेपाल, २०७०:१७)

ग) म निद्रामा परेर निदाएँछु (नेपाल, २०७०:१८)

'रहस्य' कथामा प्रयुक्त वाक्य

क) लछुका आँखामा तेज छ (नेपाल, २०७०:१३)

ख) उसले परीक्षा प्रथम श्रेणीमा पास पनि गरेछ (नेपाल, २०७०:१४)

ग) बिरामीले खाएका वस्तु, लाएका लुगा, पाएको वातावरण, बसेको भूगोल वनस्पतिसँगको सन्निकटता, हावा पानी आदि हरेक क्षेत्रमा उनीहरूको अनुसन्धान सुरु हुन्छ (नेपाल, २०७०:१३)

'नासो फिर्ता दिनु थियो' कथामा प्रयुक्त वाक्य

क) मचिना गाउँ भने बाक्लो नेपाली बस्ती भएकाले बागी पार्टीको भय थिएन (नेपाल, २०७०:५३)

ख) रघुवीरमा एक प्रकारको खुसी र ऊ रोमाञ्चित भए पनि आफूलाई सम्हाल्दै आफ्नो काममा गयो (नेपाल, २०७०:५४)

ग) तपाईको अन्तिम इच्छा के छ ? (नेपाल, २०७०:५८)

उपर्युक्त कथाहरू 'आस्था/अनास्था', 'भ्रम', 'दिदी', 'रहस्य', 'नासो फिर्ता दिनु थियो' कथामा सरल, संयुक्त, मिश्र र अन्य लामाछोटा सबै किसिमका वाक्यहरूको प्रयोग गरिएको पाइन्छ ।

## बिन्दु चिह्नको प्रयोग

वाक्यलाई छोट्याउन  रचनाकारले अव्यक्त कुरालाई व्यक्त गर्न बिन्दु चिह्नको प्रयोग गरिन्छ । बिन्दु चिह्नले वाक्यलाई छरितो बनाउँछ । यस्ता चिह्नहरूको प्रयोग 'आस्था/अनास्था', 'भ्रम', 'दिदी' र 'रहस्य', कथामा बिन्दु चिह्नको प्रयोग गरिएको पाइँदैन भने 'नासो फिर्ता दिनु थियो' कथामा प्रशस्त बिन्दु चिह्नको प्रयोग गरिएको पाइन्छ । जसलाई तल स्पष्ट पारिएको छ ।

क) हजुर यहाँ कैलालीबाट आउने गौतम............. (नेपाल, २०७०:५६)

ख) घरै त्यही हो ऊ......... (नेपाल, २०७०:५६)

ग) भेट हुदैन जस्तो छ........... (नेपाल, २०७०:५८)

## प्रश्नसूचक चिह्नको चयन

कुनै पनि प्रश्न सोध्दा प्रयोग गरिने चिह्नलाई प्रशनसूचक चिह्न भनिन्छ ।

'आस्था/अनास्था' कथामा प्रयोग गरिएको प्रश्नसूचक चिह्नका उदाहरणहरू :

क) हो ! हो !! कसरी थाहा पाउनु भो ? (नेपाल, २०७०:९)

ख) मेरो यस संसारमा को छ ह ?(नेपाल, २०७०:९)

ग) बाबु ! तिम्रा बाको नाम त कर्णध्वज खत्री हो क्या रे ! हे ?! (नेपाल, २०७०:९)

'भ्रम' कथामा प्रयुक्त प्रश्नसूच्क चिह्न

क) यसरी आँखाले भ्याए सम्म यस्तो लहर देखिनु के सत्य हो ? (नेपाल, २०७०:२१)

ख) के म होशमा त छु ? (नेपाल, २०७०:२१)

'रहस्य' कथामा प्रयक्त प्रश्नसूचक चिह्नहरू देखिदैनन् ।

'दिदी' कथामा प्रयुक्त प्रश्नसूचक चिह्न

क) कस्तो छ, भाइ अहिले तिमीलाई ? (नेपाल, २०७०:१७)

'नासो फिर्ता दिनु थियो' कथामा प्रयुक्त प्रश्नसूचक चिह्न

क) ठ्याक्कै रघुवीरसँग अनुहार कसरी मिलेको ? (नेपाल, २०७०:५६)

ख) ए बुझें गौतमलाई खोज्नुभएको ? नामचाहि के हो नि ? (नेपाल, २०७०:५६)

ग) अनि नानीचांहि को नि ? (नेपाल, २०७०:५६)

घ) बुबा बोल्नोस्न मलाई चिन्नु भएन ? (नेपाल, २०७०:५७)

## उखान तथा लाकोक्तिको चयन

उखान तथा लोकोक्ति भाषाको आत्मा हुन् । यसले नेपाली हावापानी, नदीनाला, पहाड पर्वतको लोक जीवनलाई बोकेर नेपाली भाषालाई चिटिक्क पारेको छ ।

'आस्था/अनास्था' कथामा प्रयुक्त उखान

क) बजियाले माल पाएर चाल पाएन (नेपाल, २०७०:७)

'रहस्य' कथामा उखानको प्रयोग निम्नानुसार छन्

क) कुनै बेलाको अमृत कुनै बेला विष बन्छ र कुनै बेलाको विष कुनै बेला अमृत बन्न बेर छैन (नेपाल, २०७०:१३)

'भ्रम', 'दिदी' र 'नासो फिर्ता दिनु थियो' कथामा उखानहरूको प्रयोग गरिएको पाइदैनन् ।

## विचलन

सामान्य नियम वा प्रचलित अतिक्रमणलाई विचलन भनिन्छ । प्रचलित पक्ष वा मानक प्रयोगलाई उल्लङ्घन गर्ने हुनाले यसलाई विपथन पनि भन्न सकिन्छ । विचलन भाषिक एकाईको विभिन्न स्तरमा देखिन सक्छ । वर्ण, रूप, शब्द, पदावली, उपवाक्य, वाक्य र सङ्कथनका तहमा पनि विचलन प्रतिबिम्बित हुने गर्दछ । विचलनले व्याकरण मात्र नभएर शब्दभण्डार एवम् अर्थको स्तरका साथै समग्र शैलीलाई समेत प्रभावित पार्ने काम गर्दछ ।

प्रचलित ढाँचालाई उलटपुलट पारेर सौन्दर्य प्रदान गर्ने कार्य नै विचलन हो । सामान्य नियमलाई भङ्ग गरी मानवकको अतिक्रमण गर्नु विचलन हो । अभिव्यक्तिको ध्यानाकर्षणका लागि प्रचलित पथ वा संरचनालाई उल्लङ्घन गर्ने काम विचलन हो ( भण्डारी र नेपाल, २०६७:३५) मानकको अतिक्रमण वा उल्लङ्घनलाई विचलन भनिन्छ ( शर्मा, २०५९:८)

रचनालाई परम्पराबाट मुक्त गरी नवीनता ल्याउने प्रक्रियाको निम्ति विचलनको सोदेश्य भूमिका निर्वाह गरेको हुन्छ । कोशीय, व्याकरणिक, ध्वनि प्रक्रियात्मक, भाषिकगत, अर्थातात्विक विचलन देखा परेका छन् ।

### कोशीय विचलन

सामान्य भाषिक अभिव्यक्तिगत प्रयोगमा नआएका कोशमा नरहेका नयाँ शब्दहरूलाई निर्माण गरेर प्रयोग गर्नु कोशीय विचलन हो । कोशमा भएका शब्दले मात्र स्रष्टाको अभिव्यक्तिको सामर्थ्यलाई बहन गर्न नसकेमा स्रष्टाले नयाँ शब्दको निर्माण वा पुरानै शब्दलाई नौलो रूप दिएर प्रयोग गर्दछन् भने त्यस्तो विचलनलाई कोशीय विचलन भनिन्छ ।

'आस्था/अनास्था' कथामा कोशीय विचलन भएका शब्द

क) झाँक्री साइँलालाई सत्तोसराप गर्दै सबैलाई कुटूँ मारु गर्दै फलाक्यो

कुँटु - कुटेर

मारु - मार्ने गरी

फलाक्यो - जाइलाग्नु/जाइलाग्यो

माथिको प्रयुक्त शब्दहरू कोशीय विचलनका रूपमा आएका छन् ।

'नासो फिर्ता दिनु थियो' कथामा कोशीय विचलन भएका शब्द

क) लम्बोदरकी बाहुनीले खुइय गरिन् (नेपाल, २०७०:५४)

खुइय - हरेश खाएर बोल्दा प्रयोग गर्ने शब्द ।

'रहस्य', 'दिदी' र 'भ्रम' कथामा कोशीय विचलन शब्दहरूको प्रयोग भएका छैनन् ।

**व्याकरणिक विचलन**

भाषा व्याकरणिक नियमद्वारा नै व्यवस्थित रहेको हुन्छ । प्रत्येक भाषामा व्याकरणात्मक व्यवस्थाहरू हुन्छन् । लिङ्ग, वचन, पुरुष, काल, पदक्रम आदिमा देखिने विचलन नै व्याकरणिक विचलन हो । यस्तो विचलन पाठकलाई विशेष प्रभाव पार्न वा कृतिको गम्भीर्य बढाउनका निम्ति स्रष्टाद्वारा आफ्ना कृतिमा गरिएको हुन्छ, साथै रचनाकार व्याकरणिक बन्धनमा बाधिएर रहन सक्दैन किनकी ऊ आफ्नो अभिव्यक्तिलाई स्वच्छन्द किसिमले साहित्य सिर्जनामा व्यक्त गर्न चाहन्छ ।

'आस्था/अनास्था' कथामा प्रयुक्त व्याकरणिक विचलन

क) आमा तपाइले गरेको यो ? (नेपाल, २०७०:१०)

'भ्रम' कथामा प्रयुक्त व्याकरणिक विचलनका उदाहरण

क) के म होशमा त छु (नेपाल, २०७०:२१)

'दिदी' कथामा प्रयुक्त व्याकरणिक विचलन

क) कस्तो छ, भाइ अहिले तिमीलाई (नेपाल, २०७०:१७)

ख) यिनसँग न कुनै स्वार्थ छ, न कुनै छलकपट । छ त केवल मानवीय नाता

'नासो फिर्ता दिनु थियो' कथामा रहेका व्याकरणिक विचलनका उदाहरण

क) आमै घरको सुसे धन्दामा व्यस्त थिइन (नेपाल, २०७०:५६)

ख) हजुर यहाँ कैलालीबाट आउने गौतम (नेपाल, २०७०:५६)

ग) म हाजिरमानको छोरा क्या (नेपाल, २०७०:५७)

'रहस्य' कथामा प्रयुक्त व्याकरणिक विचलनका उदाहरण देखिँदैन ।

**ध्वनि प्रक्रियात्मक विचलन**

उच्चारणका क्रममा देखिने विचलनलाई ध्वनि प्रक्रियात्मक विचलन भनिन्छ । विचारहरूको सम्प्रेषणको माध्यम भाषा भएकाले भाषाको एउटा रूप ध्वनि हो । मानकको भाषिक एकाइहरू ध्वनिबाट नै सार्थक बन्न पुगेका छन् । यसरी भाषिक उच्चारणमा हुने विचलनलाई ध्वनि प्रक्रियात्मक विचलन भनिन्छ । साहित्यकारहरूले रचनालाई सारगर्भित र चमत्कारिक बनाउन मानक भाषाको प्रयोगका साथसाथै कथ्य भाषाको पनि प्रयोग हुने गरेको पाइन्छ ।

'आस्था/अनास्था' कथामा कथ्यभाषा प्रयोगले ध्वनि प्रक्रियात्मक विचलनका उदाहरण

क) अव उसले ती कलशलाई लिंसा धुने भाँडामा प्रयोग गर्न थाल्यो (नेपाल, २०७०:१०)

'लिंसा' शब्दको सट्टा 'दिसा' शब्दको प्रयोग भए ध्वनि प्रक्रियात्मक विचलन हुँदैनथ्यो । ध्वनि प्रक्रियात्मक विचलनले गर्दा वाक्यको अर्थबोधमा कठिनाई उत्पन्न भएको छ ।

'भ्रम' कथामा प्रयुक्त ध्वनि प्रक्रियात्मक विचलनका उदाहरण

क) म एँठे साइकल एँठाए (नेपाल, २०७०:२१)

'एँठे' शब्दको सट्टा 'उठें' र 'एँठाए' को सट्टा 'उठाएँ' शब्दको प्रयोगले ध्वनिमा विचलन भएको छ ।

'दिदी' कथामा प्रयुक्त ध्वनि प्रक्रियात्मक विचलन

क) तिमीसँग विद्या नमागी हिडें तर मनले पटक्कै मनेन (नेपाल, २०७०:१७)

'विद्या' को सट्टा 'विदा' शब्दको प्रयोग हुँदा ध्वनिमा विचलन हुदैनथ्यो । यहाँ प्रयुक्त शब्दले उच्चारणमा विचलन देखाइएको छ ।

'नासो फिर्ता दिनु थियो' कथामा प्रयुक्त ध्वनि प्रक्रियात्मक विचलन

क) बाबै र पाउना दुवै खाटमा बसे (नेपाल, २०७०:५६)

'पाउना' शब्दको सट्टा पाहुँना हुँदा शब्दमा विचलन आउदैनथ्यो ।

'रहस्य' कथामा ध्वनि प्रक्रियात्मक विचलन भएका उदाहरण छैनन् ।

माथिका रेखाङ्कित शब्दहरू ध्वनितात्विक विचलन भएर प्रयोगमा आएका छन् ।

**अर्थतात्विक विचलन**

कुनै पनि शब्दको अविधामूलक वा कोशीय अर्थ त्यस शब्दको मानक अर्थ हो । तर कहिलेकांही अविधा अर्थले मात्र नपुगेर लाक्षणिक, व्यञ्जनात्मक, बिम्बात्मक आदि विशिष्ट अर्थ व्यञ्जित हुने गर्दछन् । त्यसलाई हामी अर्थतात्विक विचलन भन्ने गर्दछौ । तसर्थ साहित्यमा कोशीय अर्थको आतिक्रमण भई ध्वन्यात्मक र आलङ्कारिक अर्थ प्रतिपादन गर्ने गरिन्छ ।

वाच्यार्थले चाहेको अर्थ व्यक्त गर्न असक्षम हुँदा रचनामा अर्थतात्विक विचलन हुन आउँछ । यसरी भाषामा आर्थी विचलन भएर साहित्यिक रचनामा कलात्मक र सौन्दर्यको उदय हुन्छ ।

'आस्था/अनास्था' कथामा प्रयोग भएका अर्थतात्विक विचलनलाई निम्न उदाहरणद्वारा प्रष्ट पारिएको छ :

क) बजियाले माल पाएर चाल पाएन (नेपाल, २०७०:७)

ख) यसो कोसेली लान थालेपछि केही चेब्रे घस्न थालेका हुन् (नेपाल, २०७०:९)

माथिको 'क' को वाक्यले महत्वपूर्ण श्रीमतीलाई सही सहदुपयोग नगरी दुरूपयोग गरिएको देखाइएको छ भने 'ख' को वाक्यले कोसेली ल्याएपछि केही माया देखाए जस्तो गरेको व्यवहार देखाइएको छ ।

'दिदी' कथामा प्रयुक्त भएका अर्थतात्विक विचलनहरूलाई निम्न उदाहरणहरूद्वारा प्रष्ट पारिएको छ :

क) म त्यसै अवाक् भएँ (नेपाल, २०७०:१८)

माथिको वाक्यमा लक्ष्यार्थ अर्थ बोकेको छ । अवाक ले दिक्क सङ्केत गरेकोले आफू हैरान भएको देखाइएको छ ।

'भ्रम' कथामा प्रयुक्त अर्थतात्विक विचलन

क) यसले मेरो तनमा ताजा रक्त सञ्चालन गरेको अनुभव भयो (नेपाल, २०७०:२१)

ख) भूतै हो त्यो कहिल्यै वर्तमानमा देखा पर्दैन र भविष्यलाई खिया लगाउने ताकत हुदैन ( नेपाल, २०७०:२२)

माथिको वाक्यले 'क' मा आफ्नो शरीरको रक्त सञ्चालन भएको आवाश भएको 'ख' मा भूत कहिले वास्तविकमा आउदैन त्यो मनमा आएको भ्रम मात्र हो यसले भविष्यमा अगाडि बढ्ने क्षमताको कमी ल्याउँछ भन्ने कुरा बताइएको छ ।

'नासो फिर्ता दिनु थियो' कथामा प्रयुक्त अर्थतात्विक विचलन

क) सम्पत्तिको नाममा बुचे ठेकी थियो, त्यो पनि सकियो (नेपाल, २०७०:५४)

ख) लालाबालाको मुखमा माड कसरी लगाउने नि (नेपाल, २०७०:५४)

ग) ११ वसन्त बितिसकेको छ तर फर्किएर आजसम्म आएन (नेपाल, २०७०:५८)

माथिको वाक्य 'क' मा सम्पतिको नाममा एउटै भाग त्यो पनि मासियो, 'ख' मा आफ्ना बालबच्चालाई कसरी हुर्काउनु भन्ने प्रसङ्ग र 'ग' मा ११ वर्ष बितिसकेको कुरा ल्याइएको छ ।

'रहस्य' कथामा प्रयुक्त अर्थतात्विक विचलन

क) बिरामीको यस्तो छन्द निभ्ने बेलाको बत्ती जस्तै हो, यो अब कुनै पनि बेला धिपिक्क निभ्न सक्छ (नेपाल, २०७०:१२)

माथिको वाक्यमा बिरामीको अन्तिम अवस्था छ कुन बेला बलेको आगो जस्तो निभ्ने कुरा ल्याइएको लाक्षणिक अर्थ बोध गराएको छ ।

## समानान्तरता

भाषाको प्रयोगमा नियमित पुनरावृत्तिलाई समानान्तरता भन्दछन् । त्यसैले समानान्तरता भनेको बढी नियमितताको पालन हो (शर्मा, २०५९:८)

यो विचलनको विपरीत धर्म हो । जब रचनाकारले आफ्नो सिर्जनामा कुनै भाषिक एकाईको आवृत्ति र पुनरावृत्ति गरेर अलङ्कार, लय, छन्द आदि विशेषतायुक्त बनाउँछन् त्यसलाई समानान्तरता भनिन्छ (ढकाल, २०६८:५२)

समानान्तरता छन्द, अलङ्कार, प्रयोगमा प्रशस्त मात्रामा पाउन सकिन्छ । यसको समुचित प्रयोगले भाषिक अभिव्यक्तिका क्रममा कलात्मकताको अभिवृद्धि हुन्छ तर यसको अत्याधिक प्रयोगले भाषिक अभिव्यक्तिलाई आडम्बरपूर्ण बनाउने गर्दछ ।

समानान्तरताको प्रयोग बढी मात्रामा पद्य विधामा भए पनि अन्य साहित्यिक विधामा पनि यसको प्रयोग पाइन्छ । समानान्तरतालाई आन्तरिक र बाह्य गरी दुई भागमा विभाजन गरिएको छ ।

### आन्तरिक समानान्तरता

भावार्थ वा वाच्यार्थको पुनरावृत्ति गरी कृति वा रचनाभित्र सौन्दर्य सृजना गर्ने युक्तिलाई आन्तरिक समानान्तरता भनिन्छ (भण्डारी र नेपाल, २०६८:३७) ।

'आस्था/अनास्था' कथामा कथाकार नेपालले आन्तरिक समानान्तरताको प्रयोगले कथाले भाषिक पक्षलाई आङ्कारिक बनाएका छन् जसलाई तलका उदाहरणबाट स्पष्ट पारिएको छः

क) माइती गाउँको कुकुर पनि आफ्नो हुन्छ भने झैं पूर्वी पहाडी जिल्ला ताप्लेजुङको मानवीरले ताप्लेजुङे वृद्धालाई भेट्दा आमा जस्तै ठान्छ र आमाकै सम्मान दिन्छ (नेपाल, २०७०:९) ।

आफ्नो गाउँघरको जो कोही भेट हुँदा पनि आफ्नो आफन्त जस्तै लाग्छ भन्ने कुरा माथिको प्रयुक्त वाक्यले देखाइएको छ ।

'भ्रम' कथामा प्रयुक्त आन्तरिक समानान्तरता

क) भूत भूतै हो त्यो कहिल्यै वर्तमानमा देखा पर्दैन र भविष्यलाई खिया लगाउने ताकत हुदैन (नेपाल, २०७०:२२)

ख) यो देखेपछि बल्ल मेरो मनको भूत अलि लच्कियो मन दह्रो पारेर हेरें (नेपाल, २०७०:२१)

'दिदी' कथामा आन्तरिक समानान्तरता

क) मलाई एउटै आँतबाट जन्मेको भाइ जतिकै हार्दिकता र आत्मीयता दिइन् (नेपाल, २०७०:१६)

ख) उनका कुराले मेरो मनको बोझ र हताशा केही कम भयो

माथिको उदाहरणमा बोझ र हताशा पिडासँग सादृश्य गरिएको छ ।

'रहस्य' कथामा आन्तरिक समानान्तरता

क) जुनार, अङ्गुर, फलफूलको रस आदि भन्दा लछुलाई उखु ज्यादै मन पर्ने भएकोले उसलाई धित मरुन्जेल उखु खुवाउँदै घर पुग्छन् (नेपाल, २०७०:१२)

'नासो फिर्ता दिनु थियो' कथामा आन्तरिक समानान्तरता

क) बास खोज्दै बर्मा पुगेका मानिसहरूमा नेपाली भाषा बोल्ने मान्छे भेट्दा एउटै आँतको भाइ भेटेजस्तो हुन्छ (नेपाल, २०७०:५७)

ख) मलाई नै कालको अघि लाएछ भने केही लाग्दैन, नत्र हजूरको ऋण नतिरी कलाई कालले पनि न छोओस (नेपाल, २०७०:५४)

बाह्य समानान्तरता

एकभन्दा बढी ध्वनि, शब्द, रूप, पदावली, वाक्य आदिको आवृत्ति भई भाषामा बाह्य समानान्तरताको सिर्जना हुन्छ । बाह्य समानान्तरताले भाषिक अभिव्यक्तिलाई रम्याउने र मुस्क्याइलो पार्ने काम गर्दछ ।

'आस्था/अनास्था' कथामा प्रयोगमा आएका बाह्य समानान्तरताका केही उदाहरणहरू

क) मेरो छोरा मैले दश महिना गर्भधारण गरेर जन्माएको छोरा, तिमी नै हौ, मेरो बाबु (नेपाल, २०७०:१०)

ख) राष्ट्रसेवक प्रहरीहरूको सरुवा बढुवा समयसमयमा हुने गर्छ (नेपाल, २०७०:८)

माथिका उदाहरण 'क' मा छोरा शब्द पुनरावृत्ति भएको छ भने 'ख' मा 'व' वर्ण पुनरावृत्ति भएका छन् ।

'भ्रम' कथामा प्रयुक्त बाह्य समानान्तरता भएका केही उदाहरणहरू

क) भेन पूर्व तर्फबाट पश्चिम आएको उज्यालोमा राम्ररी नियाल्दा त बाटाका दुबै तर्फ रोपिएका सिसौका रुखमा छ फुट जति चुनाले पोतिएका रहेछन् (नेपाल, २०७०:२१)

माथिका उदाहरणमा 'त' वर्ण पुनरावृत्ति भएको छ ।

'रहस्य' कथामा प्रयुक्त बाह्य समानान्तरता

क) उसले पनि विगतका परीक्षणलाई आधार मानेर लक्षण अनुसार भन्ने हो तर समय र परिस्थिति अनुसार कुनै बेलाको अमृत कुनै बेला विष बन्छ र कुनै बेलाको विष कुनै बेला अमृत बन्न बेर छैन (नेपाल, २०७०:१३)

माथिका उदाहरणमा 'वि' वर्ण, कुनै बेलाको शब्द, अमृत शब्द पुनरावृत्ति भएको छ ।

'दिदी' कथामा प्रयुक्त बाह्य समानान्तरता

क) मैला भएका तन्ना सिराने फेर्न लगाइ मलाई एउटै आँतबाट जन्मेका भाइ जत्तिकै हार्दिकता र आत्मीयता दिइन (नेपाल, २०७०:१६)

माथिका उदाहरणमा 'त' वर्ण पुनरावृत्ति भएको छ ।

'नासो फिर्ता दिनु थियो' कथामा प्रयुक्त बाह्य समानान्तरता

क) त्यस बेला मैले त्यो गोठ बेचेर तिमीलाई नदिएको भए सबै भैंसीगोठ एरावही नदीले बगाएर स्वाहा हुन्थ्यो (नेपाल, २०७०:५७)

ख) दामोदर भन्ने मान्छे ऊ मेरो छोरो त्यही हो साइकल मेकर (नेपाल, २०७०:५६)

माथिका उदाहरणमा 'क' मा 'ब' वर्ण पुनरावृत्ति भएको र 'ख' मा 'र' वर्ण पुनरावृत्ति भएको छ ।

## अध्याय : पाँच

## निष्कर्ष तथा उपसंहार

'सङ्कल्प' कथासङ्ग्रह कथाकार डिल्लीराज नेपालद्वारा लेखिएको सामाजिक यथार्थवादी कथासङ्ग्रह हो । उनले नेपाली समाजमा घटेका र आफ्ना जीवनमा घटेका घटनाहरूलाई यथार्थ रूपमा उतारेका छन् । 'सङ्कल्प' कथासङ्ग्रहमा समाविष्ट कथाहरूको शैली वैज्ञानिक अध्ययन गर्ने क्रम उक्त कथा सङ्ग्रहमा सङ्कलित कथाहरू 'आस्था/अनास्था', 'भ्रम', 'दिदी', 'रहस्य' र 'नासो फिर्ता दिनु थियो' कथाको शैली वैज्ञानिक अध्ययन विश्लेषण र शैली विज्ञानका प्रमुख मान्यताहरू चयन, विचलन र समानान्तरताका आधारमा शैली वैज्ञानिक अध्ययन विश्लेषण गरिएको छ ।

प्रस्तुत शोध पत्र 'सङ्कल्प' कथासङ्ग्रहमा समाविष्ट कथाहरूको शैली वैज्ञानिक अध्ययन गर्ने क्रममा पहिलो अध्ययायमा शोधको परिचय अन्तर्गत विषयप्रवेश, समस्याकथन, शोधकार्यको उद्देश्य, अध्ययनको औचित्य र महत्व, अध्ययनको सीमाङ्कन र अध्ययनको रूपरेखालाई प्रस्तुत गरिएको छ । उक्त कार्यले शोधकार्य गर्न सहज र सजिलो बनाइएको छ । अध्यायको तेस्रो अध्यायमा शोधकार्य अनुसन्धान विधिलाई प्रस्तुत गरिएको छ । यो शोध तयार गर्दा पुस्तकालयीय गुणात्मक विधिको प्रयोग गरिएको छ भने अनुसन्धानको प्राथमिक स्रोतका रूपमा 'सङ्कल्प' कथासङ्ग्रहलाई लिएको छ भने अन्य प्रकाशित अप्रकाशित शोधपत्रहरूलाई द्वितीय स्रोतका रूपमा उपयोगमा ल्याइएको छ । शोधको चौथो अध्यायमा कथानक र पात्रका आधारमा 'सङ्कल्प' कथासङ्ग्रहभित्र सङ्कलित कथाहरू 'आस्था/अनास्था', 'भ्रम', 'दिदी', 'रहस्य' र 'नासो फिर्ता दिनु थियो' कथाको शैली वैज्ञानिक अध्ययन विश्लेषण गरिएको छ । जसमा कथाहरूको कथानक तथ्याङ्कलाई बुदाँगत रूपमा प्रस्तुत गरिएको छ । उक्त कथाहरूमा भएका पात्रहरूलाई शैली वैज्ञानिक तालिकामा देखाइ तिनीहरू विश्लेषण गरिएको छ ।

प्रस्तुत शोध पत्रको पाँचौ अध्यायमा 'सङ्कल्प' कथासङ्ग्रहमा सङ्कलित कथाहरू 'आस्था/अनास्था', 'भ्रम', 'दिदी', 'रहस्य' र 'नासो फिर्ता दिनु थियो' कथाको चयन, विचलन र समानान्तरताको आधारमा शैली वैज्ञानिक अध्ययन विश्लेषण गरिएको छ । चयनका आधारमा तत्सम, तद्भव, आगन्तुक तिनै स्रोतबाट आएका शब्दहरूको चयन गरिएको छ । त्यस्तै नाम, सर्वनाम, विशेषण क्रियापद, क्रियाविशेषण, नामयोगी, संयोजक र निपातका

आधारमा शब्द चयन गरिएको छ । उक्त कार्यले कथाहरूलाई रोमाञ्चक, सरल, सहज र बोधगम्य बनाएको छ । यो कथाहरूमा बिन्दु चिह्न, प्रश्नसूचक चिह्न, विस्मयादिबोधक चिह्नको समुचित प्रयोग गरिएको छ । विचलन अन्तर्गत कोशीय, व्याकरणिक, ध्वनि प्रक्रियात्मक र अर्थतात्विक विचलनको अध्ययन विश्लेषण गरिएको छ भने समानान्तरता अन्तर्गत बाह्य र आन्तरिक समानान्तरताको पनि अध्ययन र विश्लेषण गरिएको छ ।

## अध्ययनको उपयोगिता

'सङ्कल्प' कथासङ्ग्रहमा समाविष्ट कथाहरू 'आस्था/अनास्था', 'भ्रम', 'दिदी', 'रहस्य' र 'नासो फिर्ता दिनु थियो' कथामा नेपाली समाजमा घटेका घटना र आफ्नो जीवनमा भोग्नुपरेका घटनाहरूका साथै निम्न वर्गीय नेपालीहरूले भोग्नुपरेको समस्याहरूलाई चित्रण गरिएको छ ।

यो शोधकार्य कुनै पनि साहित्यिक रचनाहरूको शैली वैज्ञानिक अध्ययन गर्न चाहने शोधकर्तालाई उपयोगी हुन्छ । त्यस्तै यस कथासङ्ग्रह भित्रका कथाहरूको भाषिक पक्षको बारेमा आँकलन गर्न उपयोगी हुन्छ । कथाकारलाई आफ्नो कृतिको वस्तुपरक अध्ययनबाट पृष्ठपोषण प्राप्त हुन्छ । यस कथासङ्ग्रहभित्रका कथाहरूमा मानक भाषाको साथसाथै कथ्यभाषाको र पूर्वेली भाषिकाको विशेष प्रयोग गरिएको छ । यस सङ्ग्रहभित्रका कथाहरू सरल, सहज र सबै पाठकहरूको लागि बोधगम्य देखिन्छन् ।

## भावी अनुसन्धान पक्ष

कथाकार डिल्लीराज नेपालद्वारा रचना गरिएको यो 'सङ्कल्प' कथासङ्ग्रहमा समाविष्ट कथाहरूको शैली वैज्ञानिक अध्ययनले शैली विज्ञानसँग सम्बन्धित विषयमा अनुसन्धान गर्न चाहने भावी अनुसन्धानकर्तालाई महत्वपूर्ण सहयोग पुग्दछ । अनुसन्धानका निम्ति कथाकारका रचना, कृतिहरू भावी अनुसन्धानकर्तालाई अनुसन्धानका लागि निम्नलिखित अनुसन्धानका शीर्षकहरू हुन सक्छन् :

क) कवि डिल्लीराज नेपालका कवितामा छन्दयोजना

ख) कवि डिल्लीराज नेपालका कविताको अलङ्कार विधान

ग) कवि डिल्लीराज नेपालका कवितामा प्रगतिवाद

घ) कवि डिल्लीराज नेपालको कृतिपरक अध्ययन

ङ) 'मेरो माटो' छन्दबद्द कविताहरूको विश्लेषणात्मक अध्ययन

## सन्दर्भग्रन्थ सूची


अधिकारी, हेमाङ्गराज (२०६२), *सामाजिक र प्रायोगिक भाषा विज्ञान,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

आचार्य, कृष्ण (२०६६), *नेपाली गद्य र नाटक,* कीर्तिपुर : क्षितिज प्रकाशन ।

ओली, राधिका (२०७१), *'दृष्टि' उपन्यासको शैली वैज्ञानिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली भाषा शिक्षा विभाग, कन्काई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा ।

ढकाल, शान्तिप्रसाद (२०६७), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौं : सुजता प्रकाशन ।

ढकाल, युवराज (२०७२), *'शरणार्थी' उपन्यासको शैली वैज्ञानिक अध्ययन,* प्रकाशित शोधपत्र नेपाली भाषा शिक्षा विभाग, कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा : झापा ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५९), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौं : एम.के.पब्लिसर्स डिस्ट्रब्युटर्स ।

नेपाल, घनश्याम (सन् १९९२), *शैली विज्ञान,* गान्तोक : आकुरा प्रकाशन ।

नेपाल, डिल्लीराज (२०७०), *सङ्कल्प* (कथासङ्ग्रह), बनियानी, झापा, नेपाल ।

निरौला, राहित (२०६२), *'नासो' कथाको शैली वैज्ञानिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली भाषा शिक्षा विभाग त्रि.वि.कीर्तिपुर : काठमाण्डौं ।

पन्थी, कविता (२०६३), *'बसाइँ' उपन्यासको शैली वैज्ञानिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली भाषा शिक्षा विभाग त्रि.वि.बीर्तिपुर : काठमाडौं ।

पोखरेल, कोमप्रसाद (२०६०), *अन्तर्व्यथा : आजको* (कथासङ्ग्रह), झापा : कनकाई प्रतिभा प्रतिष्ठान, सुरुङ्गा ।

पोखरेल, बालकृष्ण (२०४०), *बृहत नेपाली शब्दकोश,* काठमाडौं : ने.रा.प्र.प. ।

भण्डारी, पारसमणि र रामनाथ ओझा (२०७१), *भाषिक अनुसन्धान विधि,* काठमाडौं : पिनाकल पब्लिकेशन प्रा.लि. ।

थापा, नरेन्द्र प्रकाश (२०७२), *अन्तर्व्यथा आज कथाहरूको शैली वैज्ञानिक अध्ययन,* प्रकाशित स्नातकोत्तर शोध पत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०६६), *शोधविधि,* ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०५८), शैली विज्ञान, काठमाडौं : ने.रा.प्र.प्र. ।

## व्यक्तिबृत

| | | |
|---|---|---|
| **नाम** | :- | गीता कुमारी राजवंशी |
| **स्थायी ठेगाना** | :- | बालुवाडी-३, झापा |
| **लिङ्ग** | :- | महिला |
| **पिताको नाम** | :- | टेक बहादुर राजवंशी |
| **माताको नाम** | :- | चानसरी राजवंशी |
| **नागरिक** | :- | नेपाली |
| **धर्म** | :- | हिन्दु |
| **शैक्षिक योग्यता** | :- | स्नातकोत्तर (एम.एड) नेपाली भाषा शिक्षा विभाग |
| **सम्पर्क नं.** | :- | ९८२४०८५३५७ |

## शैक्षिक योग्यता

| तह | शिक्षण संस्था | उत्तीर्ण साल |
|---|---|---|
| एस.एल.सी. | श्री लक्ष्मी माध्यमिक विद्यालय बनियानी-८ | २०६३ |
| प्रवीणता तह | श्री लक्ष्मी उच्च माध्यमिक विद्यालय बनियानी-८ | २०६६ |
| बी.एड. | लक्ष्मी क्याम्पस, बनियानी-८ | २०६९ |
| एम.एड. | कनकाई बहुमुखी क्याम्पस, झापा | अध्ययनरत |

## कार्य अनुभव

शिक्षण संस्थामा अध्यापनरत